सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

nayapatrikadaily.com

# नयाँ पत्रिका

१८ साउन २०८२, आइतबार (3 Aug 2025, Sunday) ■ नेपाल संवत् ११४५ ■ वर्ष १९ ■ अंक ११२ ■ पृष्ठ ८   nayapatrikaofficial   @NAYA_PATRIKA   मूल्य रु. १०/-

# भ्रष्टाचारबाट आर्जित खुमबहादुरको जग्गा जफत रोक्न गृहमन्त्री नै सक्रिय

## सर्वोच्चले १३ वर्षअघि गरेको फैसला कार्यान्वयन गर्न कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागले पठाएको जग्गा जफतसम्बन्धी फाइल पाँच महिनासम्म गृहमन्त्री रमेश लेखकले मन्त्रालयमै अड्काए, अहिले विभागमै पठाए फिर्ता




● **प्रेमप्रसाद भट्टराई,** महानिर्देशक, कसुरजन्य सम्पत्ति व्यवस्थापन विभाग

खुमबहादुर खड्काको जग्गा जफतसम्बन्धी प्रस्ताव छुट्टाछुट्टै पेस गर्न भनेर फिर्ता आएको छ। हामी फेरि प्रस्ताव लैजान्छौं।

**नवराज मैनाली**/नयाँ पत्रिका

भ्रष्टाचारबाट आर्जित कांग्रेसका दिवंगत नेता खुमबहादुर खड्काको जफत गर्नुपर्ने जग्गा ऐन नै संशोधन गरेर जोगाइदिएका गृहमन्त्री रमेश लेखकले अझै पनि जफत रोक्न छलछाम गरिरहेका छन्। पाँच महिनासम्म जग्गा जफतको फाइल मन्त्रालयमै अड्काएका उनले कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागमै फिर्ता पठाइदिएका हुन्।



**रमेश लेखक,** गृहमन्त्री

कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागले गत चैतमै खड्काको सानेपास्थित डेढ रोपनी जग्गा जफतको फाइल मन्त्रालयमा पठाएको थियो। भ्रष्टाचार मुद्दामा दोषी ठहर भएका खड्काको जग्गा जफत गर्न ०६९ मै सर्वोच्च अदालतले फैसला गरेको थियो। सोही फैसला कार्यान्वयनका लागि विभागले सबै प्रक्रिया पूरा गरेर मन्त्रालयमा पठाएको थियो। मन्त्रीले चाहँदा एकै दिनमा निर्णय गर्न सक्ने गरी फाइल गृहमा पुगेको थियो। तर, गृहमन्त्री लेखकले पाँच महिनासम्म अध्ययनका नाममा फाइल अड्काएर राखे। अहिले छुट्टाछुट्टै फाइल पेस गर्न भन्दै फिर्ता पठाएका छन्।

विभागका महानिर्देशक प्रेमप्रसाद भट्टराईले फाइल फिर्ता आएको पुष्टि गरे। 'खुमबहादुर खड्काको जग्गा जफतसम्बन्धी प्रस्ताव छुट्टाछुट्टै पेस गर्न भनेर फिर्ता आएको छ, हामी फेरि प्रस्ताव लैजान्छौं,' उनले भने। विभागले खड्काको

» पृष्ठ २ मा क्रमशः

### ■ कांग्रेसका दिवंगत पूर्वउपसभापति खड्काको सानेपास्थित डेढ रोपनी जग्गा र घर जफत गर्न ०६९ मै सर्वोच्चको आदेश, गृहबाट निरन्तर अटेर

**फैसला कार्यान्वयनका लागि सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयले बारम्बार पत्राचार गरे पनि विभिन्न बहानामा रोक्ने काम हुँदै आएको छ। पछिल्लोपटक गत ६ चैतमा ताकेता गर्दै निर्देशनालयले १५ दिनको समय दिएको थियो। चैतमै गृहको कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागले पनि उक्त जग्गा जफतको फाइल मन्त्रालयमा पठाएको थियो। तर, गृहमन्त्री रमेश लेखकले पाँच महिनासम्म मन्त्रालयमै अड्काएर अहिले विभागमै फिर्ता पठाइदिएका छन्। विभागले खड्काको जग्गासँगै सेयर पनि जफतको प्रस्ताव अघि बढाएकोमा मन्त्रालयले छुट्टाछुट्टै प्रस्ताव ल्याउन भनेको छ।**



कांग्रेसका दिवंगत नेता खुमबहादुर खड्काले भ्रष्टाचारबाट आर्जित सम्पत्तिले खरिद गरेको ललितपुर सानेपास्थित डेढ रोपनीभन्दा धेरै जग्गा र त्यसमा बनेको घर

### ■ बरु अध्यादेशबाट ऐन नै संशोधन गराई एउटा जग्गा २० वर्षअघिकै मूल्यांकनमा खड्का परिवारलाई दिलाइदिए

डेढ रोपनी जग्गासँगै रहेको अर्को जग्गाको २० लाख ५६ हजार ९८७ रुपैयाँबराबरको हिस्सा जफत गर्नुपर्नेसमेत फैसलामा उल्लेख छ। सो सम्पत्तिबाट बढे-बढाएको सम्पत्ति पनि जफत गर्नुपर्ने स्पष्ट छ। तर, उक्त जग्गा जफत गर्नुको सट्टा गृहमन्त्री रमेश लेखकले ऐन नै संशोधन गराएर २० वर्षअघिकै मूल्यांकनका आधारमा खड्का परिवारलाई सुम्पिइसकेका छन्। लेखकले अध्यादेशमार्फत कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा १७ संशोधन गराइदिएपछि २० लाख ५६ हजार ९८७ रुपैयाँ बुझाएर जग्गा खड्का परिवारले आफ्नो बनाइसकेको छ। २० लाखबराबरको जग्गा जफत गर्दा घरसमेत पर्ने भन्दै सोहीबराबरको पैसा जम्मा गर्न लगाएर जग्गा खड्का परिवारलाई दिइएको हो।

# चुलिँदै माधव–झलनाथ कलह

## महाधिवेशनमा बीजारोपण, अहिले अंकुरण



**झलनाथ खनाल** (१५ साउन)

जतिवेला यो पार्टी विग्रह वा विभाजन गरियो नि त्यो नै गलत रहेछ भन्ने ठाउँमा पुग्दै छु म। एमालेमा जुन विद्रोह गरियो, त्यो पुष्टि नै भएन अहिलेसम्म। पुष्टि नहुनुको अर्थ गलत गरियो।

**माधव नेपाल** (१६ साउन)

एमाले फुटाएर गल्ती गरियो भन्ने कुरा उहाँ (खनाल)ले बोल्नुभएको हो भने उहाँलाई पार्टीमा बस्ने नैतिकता छैन, उहाँले एमालेमै फर्किएको राम्रो। पार्टीका निर्णय उल्लंघन गर्नेमा उहाँ नै नम्बर वान हो।

**झलनाथ खनाल** (१७ साउन)

उहाँ (नेपाल)ले मेरो अन्तर्वार्ताको कुरालाई सुनेर पार्टी छाड् भनेर आदेश दिनुभएछ। उहाँले आदेश दिनेबित्तिकै कुनै पार्टीको सदस्यले छाड्छ ? नेताले छाड्छ ? मैले त भव्य नेताका रूपमा हेरेको थिएँ उहाँलाई। तर, यति तल्लोस्तरको चिन्तन पनि उहाँसँग अहिलेसम्म छ।



● **दामोदर अर्याल,** उपप्रमुख, प्रचार विभाग

जीवन्त पार्टीमा छलफल भइरन्छन्, यो सामान्य हो। एमालेजस्तो छलफल नै नहुने पार्टी होइन, नेतादेखि कार्यकर्तासम्मले आफ्नो धारणा राख्छन्। केही गम्भीर कुरा भयो भने केन्द्रीय कमिटीमा छलफल हुन्छ।

**प्रेम गौतम**/नयाँ पत्रिका

एमाले विभाजन गरेर माधव नेपाल र झलनाथ खनालहरूले एकीकृत समाजवादी गठन गरेको चार वर्ष भयो। ०७९ को आमनिर्वाचनमा सहभागी पार्टीले एउटा महाधिवेशसमेत गर्‍यो। यसबिचमा पटक-पटक सत्तामा पनि बस्यो। अहिले अकस्मात् अध्यक्ष माधव नेपाल र सम्मानित नेता झलनाथ खनालको कलह सतहमा देखिएको छ र मत्थर हुनेभन्दा तन्किँदै छ।

नेता खनालले एमाले विभाजनको औचित्य पुष्टि हुन नसकेको भन्दै गत बिहीबार एक टेलिभिजन कार्यक्रममा अभिव्यक्ति दिएपछि निरन्तर वादप्रतिवाद चलिरहेको छ। 'जतिवेला यो पार्टी विग्रह वा विभाजन गरियो नि त्यो नै गलत रहेछ भन्ने ठाउँमा पुग्दै छु म,' खनालले भनेका थिए, 'एमालेमा जुन विद्रोह गरियो, त्यो पुष्टि नै भएन अहिलेसम्म। पुष्टि नहुनुको अर्थ गलत गरियो।'

झलनाथले दिएको अभिव्यक्तिबारे थाहा पाएपछि अध्यक्ष नेपाल थामिएनन्। शुक्रबार विराटनगर पुगेका उनले खनालको अभिव्यक्तिको जवाफ फर्काउँदै पार्टी छाड्न चेतावनी दिएका थिए। 'एमाले फुटाएर गल्ती गरियो भन्ने कुरा उहाँ (खनाल)ले बोल्नुभएको हो भने उहाँलाई पार्टीमा बस्ने नैतिकता छैन, उहाँले एमालेमै फर्किएको राम्रो।' नेपालले खनाल पार्टीका निर्णय उल्लंघन गर्नेमा 'नम्बर वान' रहेको आरोप पनि लगाए।

नेपालले एमालेमै फर्किन भनेपछि खनाल थप प्रतिवादमा उत्रिए। शनिबार केही पत्रकारमाझ उनले नेपाललाई तल्लो स्तरको चिन्तन रहेको नेताको संज्ञा दिए। 'उहाँ (नेपाल)ले मेरो अन्तर्वार्ताको कुरालाई सुनेर पार्टी छाड् भनेर आदेश दिनुभएछ। उहाँले आदेश दिनेबित्तिकै कुनै पार्टीको सदस्यले छाड्छ ? नेताले छाड्छ ?' खनालले भने, 'मैले त भव्य नेताका रूपमा हेरेको थिएँ उहाँलाई। तर, यति तल्लो स्तरको चिन्तन पनि उहाँसँग अहिलेसम्म छ।'

यति मात्रै होइन खनालले उल्टै नेपाललाई पार्टी चलाउन सक्ने क्षमता नभए पद त्याग्न पनि भने। त्यस्तै, विद्रोहको पुष्टि नगर्न नसके हामी गलत हुन्छौं, वैचारिक, सैद्धान्तिक छलफल गरौं भनेको प्रस्टीकरण पनि दिएका छन्।

पार्टी प्रचार विभाग उपप्रमुख दामोदर अर्याल भने जीवन्त पार्टीमा बहस, छलफल हुनु सामान्य भएको बताउँछन्। 'जीवन्त पार्टीमा छलफल भइरन्छन्,


» पृष्ठ २ मा क्रमशः

# बानियाँ सरकारमा तीन मन्त्री पाउने वचनपछि आज राजीनामा दिँदै लामा



● **बहादुरसिंह लामा (तामाङ),** मुख्यमन्त्री, बागमती

मैले बुधबार नियुक्त गरेका तीन मन्त्रीलाई आगामी मन्त्रिपरिषद्को पहिलो चरणमा शपथ गराउनुपर्ने सर्त राखेको थिएँ। सभापति शेरबहादुर देउवाकै अगाडि इन्द्र बानियाँजीले सहमति जनाउनुभएको छ। सहमतिअनुसार नै राजीनामा दिने निष्कर्षमा पुगेको हुँ।



● **इन्द्र बानियाँ,** कांग्रेस संसदीय दलको नेता, बागमती

बहादुरजी र मबिच कुनै समस्या छैन। अहिले भएका सम्पूर्ण कुराहरू एउटा लोकतान्त्रिक पार्टीभित्र हुने प्रक्रिया हो। सोहीअनुरूप नै हामीले नेतृत्व परिवर्तनको एउटा प्रक्रिया पूरा गरेका हौं। अब पनि सरकार र पार्टी सञ्चालनमा हामीबिच सहमति र सहकार्य नै हुन्छ।

### यी हुन् मन्त्रीका लागि लामाले रोजेका सांसद

आन्तरिक विवादका क्रममा आफूलाई संसदीय दलको नेताका लागि साथ दिने तीन सांसद गोविन्द लम्साल, गीता गुरुङ र माया श्रेष्ठलाई अब बन्ने इन्द्र बानियाँ नेतृत्वको मन्त्रिपरिषद्मा मन्त्री नियुक्त गर्ने 'पक्का' भएको छ। उनीहरूलाई लामाले हालको आफ्नै मन्त्रिपरिषद्मा गत बुधबार नियुक्त गरेका थिए। संसदीय दलको नेतृत्वका लागि भएको विवादबिच आन्तरिक मामिलामन्त्री सुरजचन्द्र लामिछाने, पर्यटनमन्त्री विमल ठकुरी, युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जन र सहकारी तथा गरिबी निवारणमन्त्री मदुकुमार श्रेष्ठले राजीनामा दिएपछि लामाले उनीहरूलाई नियुक्त गरेका थिए। लम्साललाई आन्तरिक मामिला, गुरुङलाई सहकारी तथा गरिबी निवारण र श्रेष्ठलाई युवा तथा खेलकुदमन्त्री नियुक्त गरे पनि प्रदेश प्रमुख दीपकप्रसाद देवकोटा बिरामी भएर काठमाडौं गएपछि उनीहरूको शपथ भने रोकिएको थियो।



गोविन्द लम्साल | गीता गुरुङ | माया श्रेष्ठ

मकवानपुरमा **पोष्टराज अधिकारी**

बागमती प्रदेशमा नयाँ बन्ने मन्त्रिपरिषद्मा आफूले रोजेका तीन मन्त्रीलाई पहिलो चरणमै शपथ खुवाउने सर्तमा सहमति जुटेपछि मुख्यमन्त्री बहादुरसिंह लामाले आइतबार राजीनामा दिँदै छन्। पार्टी सभापति शेरबहादुर देउवासँगको छलफलमा लामाले आन्तरिक विवादका क्रममा आफूलाई संसदीय दलको नेताका लागि साथ दिने तीन सांसद गोविन्द लम्साल, गीता गुरुङ र माया श्रेष्ठलाई अब बन्ने इन्द्र बानियाँ नेतृत्वको मन्त्रिपरिषद्मा मन्त्री नियुक्त गर्ने 'पक्का' गरेका हुन्।

पार्टीले लामालाई हटाएर बानियाँलाई मुख्यमन्त्री बनाउन खोजेपछि विवाद चुलिएको थियो। विवादबिच संसदीय दलको नेताका लागि बानियाँ र लामा दुवैले उम्मेदवारी दिएका थिए। तर, लामा पराजित भए पनि संविधानको धारा १६८ (२) अनुसार कुनै दलको स्पष्ट बहुमत नभएको अवस्थामा मुख्यमन्त्री बन्न संसदीय दलको नेता हुनैपर्ने बाध्यकारी व्यवस्था नभएको भन्दै राजीनामा दिन इन्कार गर्दै आएका थिए। बरु, दलको नेताको निर्वाचनमा खुलेर आफूलाई साथ

» पृष्ठ २ मा क्रमशः

# बार एकाइमा दलीय 'सिन्डिकेट'

पार्टीका वकिललाई मात्रै सदस्यता, योग्यता पुगेका र तोकिएको शुल्क तिर्दा पनि नवप्रवेशीले पाउँदैनन् सदस्यता

**तीनचोटि निवेदन दिंदा पनि सदस्यता पाइएन**

● **सुजन नेपाल**, अधिवक्ता

**सदस्यता 'होल्ड' गरेको गुनासो हामीले पनि सुनेका छौं**

● **केदार कोइराला**, महासचिव, नेपाल बार

**निर्वाचनको परिणामले त्यस्तो देखिएको हो**

● **आरसी विमल**, अध्यक्ष, काठमाडौं बार

(विस्तृत पृष्ठ ३)

# कोप्चे बजार त्यसपछि बन्यो ओरेन्ज सिटी

## धनकुटाको 'ओरेन्ज सिटी'मा धरान, विराटनगर, झापा, सुनसरीदेखि भारतसम्मका पर्यटक आउन थालेका छन्



व्यापारिक हबका रूपमा रहेको धनकुटा नगरपालिका- ५ को माथिल्लो र तल्लो कोप्चे मृत्त बजारका रूपमा परिणत भए पनि स्थानीय युवाको सक्रियतामा ०७४ भदौदेखि कोप्चे पुनर्जागरण अभियान सञ्चालन सुरु गरियो। स्थानीय टोलबस्ती ८२ घरधुरीको सहभागितामा कोप्चे क्षेत्रलाई चिनाउन र पुनर्जागरण गर्नका लागि एकै कलरका घर रंग्याउने निर्णय गरे। तर, अब कुन कलर प्रयोग गर्ने भन्ने लामो छलफलपछि धनकुटा सुन्तला उत्पादनको नामले चर्चित रहेकाले ओरेन्ज कलर छनोट गरिएको स्थानीय अभियन्ता कोमल राईले बताए।

धनकुटामा **सन्तोष रुचाल**

धनकुटाको कोप्चे क्षेत्र कुनै वेला व्यापारिक हबका रूपमा परिचित थियो। यतिसम्म कि भिडभाडले गर्दा बालबच्चालाई घरबाहिर बाटोमा निस्कन दिइँदैनथ्यो। जब धरान-धनकुटा जोड्ने कोशी राजमार्ग ०४७ सालतिर बन्यो। तब धनकुटाको कोप्चे क्षेत्रको व्यापार सुक्दै गयो।

सुन्दा अचम्म लाग्न सक्छ, यातायातको सुविधा भएपछि व्यापार-व्यवसाय अझ फस्टाउँदै जानुपर्नेमा सुक्दै गयो। यसको एक मात्र कारण थियो यातायातले धरान-धनकुटालाई त छोयो, तर उक्त सडक धनकुटा बजारको साइडबाट धनकुटा नगरपालिका- ७ जिरो प्वाइन्ट, सरस्वती चोक, सल्लेरी, हिले हुँदै तेह्रथुमको वसन्तपुरतर्फ गएपछि कोप्चेको व्यापार सुक्न थाल्यो। व्यापार-व्यवसाय चल्न छोडेपछि त्यहाँका व्यापारीहरू पनि बसाइँ सरेर गएको स्थानीयहरू बताउँछन्।

धनकुटा तत्कालीन पूर्वाञ्चल विकास क्षेत्रको क्षेत्रीय सदरमुकाम थियो। त्यहाँ पूर्वकै चर्चित धनकुटा बहुमुखी क्याम्पस थियो। व्यापारिक चहलपहल घटे पनि सरकारी कर्मचारी र विद्यार्थीको बाक्लो आवतजावत थियो। सरकारी कर्मचारी र विद्यार्थी घर भाडामा बस्थे। कोप्चे क्षेत्रमा केही चहलपहल थियो। जब प्लस टु कलेज बाक्लै खुले, संघीय संरचनामा सरकारी कार्यालय पनि सदरमुकाममा सीमित भए त्यसपछि कोप्चे बजार मृत्त बजार बन्न पुग्यो।

व्यापारिक हबका रूपमा रहेको धनकुटा नगरपालिका- ५

» पृष्ठ २ मा क्रमशः

■ **मनसुन सक्रिय हुँदा देशभर हुन थाल्यो वर्षा**

# खडेरी खेपेको तराई–मधेश क्षेत्रमा पनि राहत

## आज मधेशका धेरै स्थानमा मध्यम वर्षा हुने प्रक्षेपण


शनिबार मधेशमा सबैभन्दा बढी रौतहटको गौरमा ५३.२ मिलिमिटर तथा सर्लाहीको परवानीपुरमा ४६.२, धनुषामा ४३, महोत्तरीमा ३२.६, सप्तरीको रूपनीबजार क्षेत्रमा ३१.४ मिलिमिटर पानी परेको छ। यद्यपि, खण्डवृष्टि भइरहेकाले कतै सुक्खा र कतै वर्षा भइरहेको छ।

**काठमाडौं**/ लामो समय नेपालभन्दा दक्षिणतर्फ रहेको मनसुनको न्यूनचापीय रेखा नजिक आउन थालेसँगै देशैभर वर्षा हुन थालेको छ। खासगरी पहाडी क्षेत्रमा दिनभर बादल लाग्ने र वर्षा हुने भइरहेको छ। खडेरी खेपिरहेको तराई मधेश क्षेत्रमा पनि वर्षा हुन थालेसँग राहत भएको छ।

मौसम पूर्वामान महाशाखाकी वरिष्ठ मौसमविद् शान्ति कँडेलले आगामी तीन दिनसम्म मनसुन सक्रिय हुने बताइन्। 'तीन दिन देशका धेरैजसो ठाउँमा वर्षा हुन्छ, कुनै ठाउँमा ठुलो पानी पनि पर्ने देखिन्छ। मधेश क्षेत्रमा पनि केही राहत त हुन्छ,' उनले

» पृष्ठ २ मा क्रमशः

# चुरेको दोहनले मरुभूमि बन्दै मधेश




● विकासकुमार गुप्ता

(पृष्ठ ४)

■ विवादमा वैदेशिक रोजगार बिमा पुल

# तोकिएको अनुपातमा व्यवसाय बाँडफाँट गर्न चार बिमा कम्पनीको आनाकानी

म्यादी जीवन बिमाको व्यवसाय र दायित्व तोकिएको अनुपातमा १५ कम्पनीले बाँड्नुपर्ने व्यवस्था, तर चार कम्पनीले टेरेनन्

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

# सिंहदरबार वैद्यखाना : लक्ष्यभन्दा आधा कम औषधि उत्पादन, बजारीकरणको सास्ती

शिवहरि घिमिरे/नयाँ पत्रिका



सिंहदरबारस्थित वैद्यखानाले ०७७/७८ मा एक सय ११ प्रकारका आयुर्वेदिक औषधि उत्पादनको लक्ष्य लिएको थियो। तर, २५ प्रकारका मात्रै औषधि उत्पादन भए। ०७८/७९ मा वैद्यखानाले १०४ प्रकारको औषधि उत्पादन राख्ने लक्ष्य लिएकोमा जम्मा १५ प्रकारको औषधि मात्रै उत्पादन गर्न सक्यो। ०७९/८० मा ९८ प्रकारका औषधि उत्पादनको लक्ष्य लिए पनि १५ प्रकारको औषधि मात्रै उत्पादन गर्न सक्यो। आर्थिक वर्षमा ०८०/८१ मा वैद्यखानाले ३६ प्रकारका औषधि मात्रै उत्पादन गर्‍यो। ७७ प्रकारका औषधि उत्पादन गर्न सक्ने लक्ष्य लिइएको थियो। गत वर्ष ०८१/८२ को सम्म हेर्दा ७७ प्रकारका औषधि उत्पादन गर्न सकिने लक्ष्य लिएपछि ४० वटा उत्पादन भए।

विगतमा भन्दा औषधि उत्पादनमा केही सुधार गरे पनि वैद्यखानाले लक्ष्य भने भेटाउन सकेन। वैद्यखानाका कार्यकारी निर्देशक डा. प्रदीप केसीले विगतको तुलनामा भने औषधि उत्पादन केही सुधार भएको र नयाँ उत्पादन बढाउन सकेको बताए। उनका अनुसार चालू आर्थिक वर्षमा थप १३ प्रकारका औषधि पुनः उत्पादन गर्ने लक्ष्य राखिएको छ। यद्यपि, स्रोतसाधन भने पर्याप्त नभएको उनको भनाइ छ।

'वैद्यखानाले विगतदेखि नै धेरै समस्या झेल्दै आएको छ, यहाँ काम गर्न निकै कठिन छ। स्रोतसाधनदेखि कच्चा पदार्थ खरिद गर्नसमेत समस्या छ,' उनले भने, 'मुख्यतः हामीकहाँ स्रोतसाधनकै कमी हो, यदि स्रोतसाधन र बजेटको पर्याप्तता हुने हो भने औषधि उत्पादन क्षमता बढाउन सकिन्छ। नेपालमा आयुर्वेदिक संघसंस्थालाई पुग्ने औषधि वितरण गर्न सकिन्छ।' केसीका अनुसार वैद्यखाना माथिल्लो तहका कारण नै ओझेलमा परेको छ। वैद्यखाना सुधारका लागि पञ्चवर्षीय योजनाको फाइल तय गरी स्वीकृतिका लागि स्वास्थ्य मन्त्रालयमा पठाइएको छ। कार्ययोजना मन्त्रालयबाट स्वीकृत भए वैद्यखानालाई परिवर्तन गर्ने उनले दाबी गरे।

चालू आर्थिक वर्षका लागि सरकारले वैद्यखानालाई ६ करोड ४० हजार रुपैयाँ विनियोजन गरेको छ। वैद्यखानामा कर्मचारी संख्या ३७ जना भए पनि तीमध्ये अधिकांश कर्मचारी तथा चिकित्सकहरू नियमित काममा आउँदैनन्। जसकारण औषधि उत्पादनमा समेत कठिनाइ हुने गरेको छ। अर्थमन्त्री विष्णु पौडेलले बजेट भाषणमा सिंहदरबार वैद्यखानाको पुनर्संरचना गरी क्षमता विस्तार गरिने बताएका थिए। तर, योजनाको खाका भने तय भएको छैन। पञ्चवर्षीय योजना दुई महिनादेखि स्वास्थ्य मन्त्रालयमा अड्किएको छ। चालू आर्थिक वर्षमा सरकारले सिंहदरबार वैद्यखाना तथा वैकल्पिक उपचार पद्धतिका लागि २४ करोड रुपैयाँ विनियोजन गरेको छ।

यसअघि वैद्यखाना कर्मचारीको आपसी विवादका कारण पनि खस्किँदै गएको थियो। बर्सेनि पाँच करोडको बिक्री लक्ष्य लिएको वैद्यखानाको उत्पादन निरन्तर घट्दै गए पनि गत आर्थिक वर्षमा भने केही सुधार देखिएको छ। वैद्यखानाका उत्पादन शाखाको तथ्यांकअनुसार ०६६/६७ देखि ०६९/७० सम्म एक सय ५० किसिमका आयुर्वेदिक औषधि उत्पादन हुन्थे। खस्किँदो व्यवस्थापनका कारण ०७१/७२ देखि ०७४/७५ को अवधिसम्म आइपुग्दा ४० प्रकारका औषधि उत्पादन भएको तथ्यांक छ। त्यसयता भने कर्मचारीको किचलो र स्वास्थ्य मन्त्रालयको बेवास्ताका कारण उत्पादन घटेको थियो। ०७९/८० मा १५ प्रकारको मात्रै औषधि उत्पादन भएको थियो। तर गत आवमा भने आयुर्वेदिक औषधि उत्पादनमा केही सुधार भएको तथ्यांकमा देखिएको छ।

वैद्यखानाले थप्न लागेका १३ प्रकारका औषधि यसअघि उत्पादन भएर बन्द भएका हुन्। बजारमा माग भएपछि कतिपय महत्त्वपूर्ण औषधि उत्पादन गर्न लागिएको केसीले जानकारी दिए। उनका अनुसार थप्न लागिएका १३ प्रकारका औषधिमा विपादीकान्त मलम, शक्तिवर्द्धक योगा निम्बादी तेल, कफइन्ड, लिभकेयर, अशोकारिस्ट, अश्वगन्धारिष्ट, दशमुलारिष्ट, अर्जुनारिष्ट, अर्शकुठार रस, डाइबिकेयर, श्वेतपर्पटी र टंकण भष्म औषधि पुनः उत्पादन गर्न लागिएको हो। बजेटको आकार थपिएकाले पनि यस वर्षदेखि थप औषधि उत्पादन गर्न लागिएको केसीले बताए।

वैद्यखानाले गत आर्थिक वर्ष ०८१/८१ मा आठ करोड ६३ लाख ५५ हजार आम्दानी गर्ने लक्ष्य राखेको थियो। तर, दुई करोड ४६ लाख ६ हजार १९१ रुपैयाँ मात्र आम्दानी गर्न सक्यो। आव ०८०/८१ मा ६ करोड आम्दानीको लक्ष्य राखिए पनि एक करोड २४ लाख आम्दानी गरेको थियो। आव ०७९/८० मा ६ करोड ४६ लाख आम्दानी लक्ष्य राखिएकोमा एक करोड २५ लाख, आव ०७८/७९ मा पाँच करोड ३७ लाख आम्दानी लक्ष्य राखेकोमा एक करोड ८१ लाख ७५ हजार, ०७७/७८ मा पाँच करोड ३७ लाख आम्दानीको लक्ष्य राखेकोमा दुई करोड ६२ लाख आम्दानी गरेको थियो।

कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित र संचालित

खानी खोला हाइड्रोपावर कम्पनी लिमिटेड
Khani Khola Hydropower Company Limited

रजिष्टर्ड कार्यालय : का.म.न.पा , वडा नं.: ४, धुम्बाराही, काठमाण्डौ
फोन : ०१–४५३६३२५, इमेलः khanikhola.hpcl@gmail.com, वेभसाइटः www.kkhpcl.com.np

को

हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना !

खानी खोला हाइड्रोपावर कम्पनी लिमिटेडको मिति २०८२/०३/२७ गतेभन्दा अघिल्लो दिनसम्म कायम शेयरधनीहरुको लागि १ कित्ता साधारण शेयर बराबर १ कित्ता शेयर (१:१) को अनुपातमा रु.१००/– अङ्कित दरको **४६,५७,१४३** कित्ता हकप्रद साधारण शेयरको निष्काशन तथा बिक्री खुला **यही मिति २०८२ भदौ ०३ गतेदेखि मिति २०८२ भदौ २३ गतेसम्म** (बैंकिङ्ग समयसम्म) गरिने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | दरखास्त फारम प्राप्त गर्ने र बुझाउने स्थान |
|---|---|
| १ | श्री सिटिजन्स क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाण्डौं। |
| २ | श्री सिटिजन्स बैंक इन्टरनेशनल लिमिटेडको शाखा कार्यालयहरु : कुमारीपाटी, ठीमी, बिराटनगर, बिर्तामोड, बिरगंज, सुर्खेत, जनकपुर (भानुचोक), नेपालगंज, नारायणगढ, धनगढी, पोखरा (न्यूरोड), बुटवल र हेटौंडा। |
| ३ | कुमारी बैंक लिमिटेडको बाग्मती शाखा, ललितपुर। |
| ४ | श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ। |

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साबिक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा सिटिजन्स क्यापिटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा सिटिजन्स क्यापिटल लिमिटेड, डिल्लीबजार, काठमाण्डौंमा पठाउन सकिनेछ। हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन।

दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा बिक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ। शेयरधनीहरुले आफ्नो हक सम्बन्धी विवरण निष्काशनकर्ता कम्पनी श्री खानीखोला हाइड्रोपावर कम्पनी लिमिटेडको वेभसाइट www.kkhpcl.com.np., तथा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक श्री सिटिजन्स क्यापिटल लिमिटेडको वेभसाइट www.citizenscapital.com.np मार्फत हेर्न सक्नेछन्।

अन्य विस्तृत जानकारीका लागि **मिति २०८२/०४/१६ गतेको नयाँपत्रिका राष्ट्रिय दैनिकमा** प्रकाशित कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धी सूचना हेर्नुहुन अनुरोध गर्दछौं। साथै, उक्त सूचना धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट: www.citizenscapital.com.np वा निष्काशन कम्पनीको वेवसाइट:www.kkhpcl.com.np. मा हेर्नुहुन समेत अनुरोध गर्दछौं।

धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक

Citizens Capital Ltd.
(A Subsidiary Of Citizens Bank International Limited)

सिटिजन्स क्यापिटल लिमिटेड
बाटुलेघर, डिलिबजार, काठमाडौं, नेपाल फोन नं. ०१-४५१७७२३/४५१७५५७
इमेलः info@citizenscapital.com.np, वेभसाइटः www.citizenscapital.com.np

## खडेरी...

पृष्ठ १ बाट क्रमशः

भनिन्। तर, रातदिनै झरी भने नपर्ने उनले बताइन्। पछिल्लो २४ घण्टामा मापन भएको वर्षाको तथ्यांकअनुसार देशका धेरै स्थानमा हल्कादेखि मध्यम वर्षा भएको छ। बागमतीका थोरै स्थान तथा कोशी, मधेश, गण्डकी र लुम्बिनी प्रदेशका एक-दुई स्थानमा भारी वर्षासमेत मापन भएको छ।

अन्य क्षेत्रको तुलनामा मधेश क्षेत्रमा कमै पानी परेको छ। मधेशमा सबैभन्दा बढी रौतहटको गौरमा ५३.२ मिलिमिटर पानी परेको छ। त्यस्तै, सर्लाहीको परवानीपुरमा ४६.२, धनुषामा ४३, महोत्तरीमा ३२.६, सप्तरीको रूपनीबजार क्षेत्रमा ३१.४ मिलिमिटर पानी परेको छ। यद्यपि, खण्डित वर्षा भइरहेकाले कतै सुक्खा र कतै वर्षा भइरहेको छ।

'आगामी २४ घण्टामा कोशी, गण्डकी र लुम्बिनीका एक-दुई स्थानमा भारी वर्षाको पनि सम्भावना छ। आगामी केही दिन मधेशलगायत देशभर मनसुन थप सक्रिय हुने देखिएको छ,' महाशाखाले बुलेटिनमा भनेको छ। महाशाखाका अनुसार आइतबार दिउँसो कोशीका धेरै स्थानमा मध्यमदेखि भारी वर्षाको सम्भावना छ। त्यस्तै, मधेशका धेरै स्थानमा मेघगर्जन, चट्याङसहित मध्यम वर्षाको सम्भावना छ। बागमती, गण्डकी, लुम्बिनी, कर्णाली र सुदूरपश्चिमका धेरै स्थानमा पनि मेघगर्जन, चट्याङसहित मध्यम वर्षाको सम्भावना छ।

## भ्रष्टाचारबाट...

पृष्ठ १ बाट क्रमशः

जग्गासँगै सेयर पनि जफतको प्रस्ताव अघि बढाएको थियो। त्यसलाई छुट्टाछुट्टै फाइल पेस गर्न भनेर फिर्ता गरिएको छ। दोषी पक्षलाई फाइदा हुने गरी फैसला कार्यान्वयनमा मन्त्री लेखकले ढिलाइ गरिरहेका छन्।

३० साउन ०६९ मा सर्वोच्च अदालतले खड्कालाई गैरकानुनी सम्पत्ति आर्जनसम्बन्धी भ्रष्टाचार मुद्दामा दोषी ठहर गरेको थियो। तत्कालीन न्यायाधीशद्वय कल्याण श्रेष्ठ र बैजनाथ उपाध्यायको इजलासले उनको सानेपास्थित डेढ रोपनी जग्गा र सँगैको अर्को जग्गाबाट २० लाख ५६ हजार ९८७ रुपैयाँबराबरको जग्गाको भाग हिस्सा जफत गर्ने फैसला भएको थियो। फैसलामा सो सम्पत्तिबाट बढे-बढाएको सम्पत्तिसमेत जफत गर्नुपर्ने उल्लेख छ।

तर, मन्त्री लेखकले अध्यादेशमार्फत कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा १७ संशोधन गरी त्यसबराबरको पैसा बुझाएर जग्गा खुमबहादुरकै परिवारको हुने निर्णय गराएका छन्। सर्वोच्चको फैसलाअनुसार २० लाखबराबरको जग्गा जफत गर्दा घरसमेत पर्ने भन्दै सोही बराबरको पैसा जम्मा गर्न लगाएर जग्गा खड्का परिवारलाई नै दिइएको हो।

संशोधित दफामा भनिएको छ, 'उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि जफत गरिएको जग्गाको क्षेत्रफल कम भएको कारण प्रचलित कानुनबमोजिम कित्ताकाट हुन सक्ने अवस्था नभएमा वा त्यस्तो जग्गा सार्वजनिक वा सरकारी प्रयोजनका लागि उपयोगमा ल्याउन सकिने अवस्था नभएमा वा समग्र कित्ता जग्गा जफत नभई जग्गाको केही भाग जफत हुने ठहरेकोमा त्यस्तो भाग छुट्याउँदा जग्गाधनीको अन्य भौतिक संरचनामा क्षति वा नोक्सान हुने भएमा वा निकासमा अवरोध हुने भएमा र त्यस्तो जग्गाको धनीले दफा (१८) बमोजिम कायम गरिएको मूल्य दिई त्यस्तो जग्गा लिन चाहेमा त्यस्तो मूल्य लिई जग्गा निजलाई छाडिदिन सक्नेछ।' खड्का परिवारकै स्वार्थमा गृहमन्त्री लेखकले यसरी ऐन संशोधन गराएको स्रोत बताउँछ। सोही कारण २० वर्षअघि मूल्यांकन हुँदा बराबरको पैसा बुझाएर उनीहरूले जग्गा आफैँ पाएका छन्।

फैसलाअनुसार बाँकी डेढ रोपनी जग्गा जफतका लागि विभागले सबै प्रक्रिया पूरा गरेर मन्त्रालयमा फाइल पेस गरेकोमा महिनौँसम्म रोकेर अहिले फेरि फिर्ता गरेपछि यसमा मन्त्री लेखकको नियतमाथि प्रश्न उठेको छ।

दिवंगत नेता खड्काका छोरा अनुराग खड्का कांग्रेसकै राजनीतिमा छन्। उनी लुम्बिनी प्रदेशको प्रदेश सभा सदस्य छन्। पार्टीगत दबाबका कारण पनि मन्त्री लेखकले यसरी उनको भ्रष्टाचारको सम्पत्ति जोगाउन सहयोग गरिरहेको घटनाक्रमले देखिन्छ। जबकि फैसला कार्यान्वयनका लागि सर्वोच्च अदालतको फैसला कार्यान्वयन निर्देशनालयले बारम्बार पत्राचार गर्दै आएको छ। गत ६ चैतमा ताकेता गर्दै निर्देशनालयले १५ दिनको समय दिएको थियो। सर्वोच्चलाई समेत मन्त्री लेखकले टेरेका छैनन्।

निर्देशनालयको पछिल्लो ताकेतापत्रमा भनिएको छ, '...श्रीमती शिला खड्काको नाममा ललितपुर जिल्ला साबिक ललितपुर उपमहानगरपालिका वडा नम्बर २ (क), कित्ता नम्बर २४९ को क्षेत्रफल १-६-१-१ को लिखत मूल्य २० लाख ९२ हजार जग्गा जफत सम्बन्धमा श्री सर्वोच्च अदालत फैसला कार्यान्वयन निर्देशनालयबाट पटक-पटक ध्यानाकर्षण गराउँदा पनि हालसम्म जफत गर्ने कार्य ढिलासुस्ती भएकोमा के-कुन कारणबाट उक्त कार्य ढिला हुन गएको हो ? सोको स्पष्ट कारण खुलाई यो पत्र प्राप्त भएको मितिले १५ दिनभित्र कार्यान्वयन गरी जानकारी यस निर्देशनालयलाई दिनुहुन अनुरोध छ।'

गृहमन्त्री लेखकले चैतको पहिलो साता ६ पूर्वप्रशासकको घरजग्गा जफत गर्ने निर्णय गरेका थिए। नेपाल वायुसेवा निगमका पूर्वअध्यक्ष दिवंगत रामाज्ञाप्रसाद चतुर्वेदी, जल उत्पन्न प्रकोप नियन्त्रण विभागका पूर्वमहानिर्देशक दिवंगत आमोदानन्द मिश्र, आन्तरिक राजस्व विभागका पूर्वनिर्देशक मुरारीबहादुर कार्की, मेची भन्सार कार्यालयका पूर्वप्रमुख केशरजंग खड्का र भन्सारका पूर्वनायब सुब्बा दिवंगत केदारनाथ ढुंगानाको काठमाडौं उपत्यकामा रहेको घरजग्गा जफत गर्ने निर्णय गरेको थियो। जफतको फैसला भए पनि ती घरजग्गा अझै सरकारको नाममा आउन सकेको छैन। विभागले सँगै फाइल अघि बढाएकोमा खड्काको हकमा त जफतको निर्णय नै रोकिएको छ। यसरी फैसला कार्यान्वयनमा हुने ढिलासुस्ती र चलखेलका कारण पनि नेपाल सम्पत्ति शुद्धीकरणसम्बन्धी ग्रे लिस्टमा परेको छ। तर, पनि सरकारको कार्यशैली सुध्रिएको छैन।

## चुलिँदै...

पृष्ठ १ बाट क्रमशः

यो सामान्य हो,' उनले भने, 'एमालेजस्तो छलफल नै नहुने पार्टी होइन, नेतादेखि कार्यकर्तासम्म आफ्नो धारणा राख्छन्। केही गम्भीर कुरा भयो भने केन्द्रीय कमिटीमा छलफल हुन्छ।'

नेपाल-खनालको कलह सतहमा अंकुरण अहिले भए पनि बीजारोपण भने महाधिवेशनदेखि नै भएको एकीकृत समाजवादीका नेताहरू बताउँछन्। महाधिवेशनपछि गत पुसमा नेताहरूको कार्यविभाजन गर्दा विदेश विभाग प्रमुखमै आफ्नो निरन्तरता चाहेका थिए। तर, अध्यक्ष नेपालले वरिष्ठ नेता प्रमेश हमाललाई उक्त जिम्मेवारी दिएर खनाललाई स्कुल विभागमा पठाइए। त्यस्तै, संगठन विभाग चाहेका महासिचव घनश्याम भुसाललाई अनुमगनमा सीमित गरे। संगठन विभागमा वरिष्ठ नेता डा. बेदुराम भुसाललाई निरन्तरता दिए। यही वेला पार्टीमा प्रस्ट दुई लाइन देखिएको नेताहरू बताउँछन्।

महाधिवेशनको मुखमा नेपाल एक पक्ष र खनाल-भुसाल अर्को पक्षमा विभाजित थिए। नेपाल पक्ष जनताको बहुदलीय जनवाद (जबज)को पक्षमा उभिएको थियो भने खनाल-भुसालले वैज्ञानिक समाजवादको कार्यक्रम सारेका थिए। अन्ततः नेपाल समाजवादी कार्यक्रममा सहमत भएपछि खनाल-भुसाल पक्ष अध्यक्षको प्रतिस्पर्धाबाट पछि हटेर सहमतिमै नेतृत्व चयन भएको थियो। नेपाल अध्यक्ष, खनाल सम्मानित नेता र भुसाल महासचिवमा सर्वसम्मत निर्वाचित भएका थिए।

केही समय सेलाएको शीर्ष नेताहरूको विवाद अनेरास्ववियू र युवा संघमा फेरि प्रकट भयो। दुवै संगठनमा दुवै पक्षले समानान्तर गतिविधि गर्न थाले। अनेरास्ववियू र युवा संघको विवाद मिलाउन अध्यक्षले चासो नदिएको, पार्टीको विभागलाई पूर्णता नदिएको र पार्टी सचिवालयमा छलफल नै नगरी माओवादीसँग पार्टी एकता गर्दा के हुन्छ भनेर तल्ला कमिटीसँग राय लिएपछि नेपालसँग खनाल-भुसाल पक्ष रुष्ट बनेको एक नेताले बताए। 'पार्टीको सचिवालयमा छलफल नै नगरी तल्ला कमिटीमा माओवादीसँग पार्टी एकता गर्दा के हुन्छ भन्ने राय लिएपछि नेतृत्वसँग असन्तुष्टि बढेको छ। त्यसको प्रभाव पनि खनालमा परेको हुन सक्छ,' ती नेताले भने, 'विभागहरू गठन भएका छैनन्। अखिल र युवासंघको विवाद मिलाउन पनि अध्यक्षले उदासीनता देखाउनुभएको छ।'

नेपाल पक्षले भने पार्टी निर्माणभन्दा आलोचना र आरोपमा खनाल-भुसाल पक्ष रमाएको आरोप लगाएको छ। 'पार्टीको काम गर्नु छैन। पार्टी निर्णयविपरीत अभिव्यक्ति दिँदै हिँड्दा पार्टी निर्माणमै समस्या परेको छ। सधैँ त्यसरी छुट दिन सकिँदैन,' नेपालनिकट एक पदाधिकारीले भने।

नेपालमाथि पतञ्जली जग्गा प्रकरणमा अख्तियारले विशेष अदालतमा मुद्दा दायर गरेपछि पार्टी नेतृत्व त्याग्नुपर्ने वा नपर्ने भन्ने विषयमा पार्टीमा दुई धार पुनः सतहमा देखियो। नेपाल पक्षले राजनीतिक प्रतिशोधमा मुद्दा दायर गरेकाले प्रतिवाद गरेर जानुपर्नेमा जोड दियो भने खनाल-भुसाल पक्षले नैतिकता देखाउनुपर्ने आवाज उठायो। पतञ्जली प्रकरणमा अध्यक्ष नेपालविरुद्ध अभिव्यक्ति दिएकै कारण स्थायी कमिटी सदस्य रामकुमारी झाँक्रीलाई स्पष्टीकरणसमेत सोधियो। नेपाल पक्ष झाँक्रीलाई कारबाही गर्नुपर्ने पक्षमा थियो भने खनाल-भुसाल पक्षले अभिव्यक्ति दिएकै आधारमा कारबाही गर्न नहुने अडान लिएको थियो। झाँक्रीले गत १५ असारमा बुटवलमा आयोजित पार्टीनिकट युवा संघको प्रशिक्षण कार्यक्रममा भनेकी थिइन्, 'कानुनी, संवैधानिक हिसाबले अध्यक्षमाथि समस्या आयो। अरू कैयौँ पार्टीका सदस्यमाथि पनि समस्या आएकै छ। अब काँधमाथि मरेको सिनो हालेर हिँड्न सकिँदैन।' अहिले फेरि सम्मानित नेता खनाल र अध्यक्ष नेपालबिच निरन्तर चलेको जुहारीले विवादलाई मलजल गरेको छ।

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन

प्राविधिक प्रस्ताव छनौट सम्बन्धी सूचना

मिति : २०८२/०४/१८

यस भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयले निम्नानुसारको कार्यको लागि निर्धारित मितिभित्र विद्युतीय खरिद प्रक्रियामा दर्ता भएका बोलपत्रहरूको प्राविधिक प्रस्तावको मूल्यांङ्कन हुँदा तपसिलको बोलपत्रदाता सारभूत रुपमा प्रभावग्राही भएको तथा योग्यताका सबै आधारमा सफल भएकोले सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ ज (५) बमोजिम तपसिलको मिति र स्थानमा आर्थिक प्रस्ताव खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| सि. नं. | ठेक्का नं./कामको विवरण | सारभूत रुपमा प्रभावग्राही तथा योग्यताका आधारमा सफल बोलपत्रदाताको नाम र ठेगाना | आर्थिक प्रस्ताव खोलिने मिति र स्थान |
|---|---|---|---|
| 1. | 73-BMC/081/082/G/NCB/133 Procurement and Installation of CCTV System with VMS | M/S Synergy I. T. Solutions Pvt. Ltd., Kathmandu | 2081/04/25 1:00 PM Bharatpur Metropolitan City Office, Procurement Section |

प्रमुख प्रशासकिय अधिकृत

## बानियाँको...

पृष्ठ १ बाट क्रमशः

दिएका लम्साललाई आन्तरिक मामिला तथा कानुन, गुरुङलाई सहकारी तथा गरिबी निवारण र श्रेष्ठलाई युवा तथा खेलकुदमन्त्री नियुक्त गरेका थिए। यद्यपि सपथ हुन सकेको छैन।

मुख्यमन्त्री लामाले आफूले राखेको सर्त पूरा हुने भएपछि आइतबार राजीनामा दिन लागेको बताए। 'मैले बुधबार नियुक्त गरेका तीन मन्त्रीलाई आगामी मन्त्रिपरिषद्को पहिलो चरणमा शपथ गराउनुपर्ने सर्त राखेको थिएँ। पार्टी सभापतिको अगाडि इन्द्रजीले सहमति जनाउनुभएको छ,' उनले भने, 'सहमतिअनुसार नै राजीनामा दिने निष्कर्षमा पुगेको हुँ।'

बिहीबार सभापति देउवासँग भेटेका लामाले आफूले मार्गप्रशस्त गर्ने, तर आफूले नियुक्त गरेका र शपथग्रहण नभएका तीनजनालाई सेटल गर्नुपर्ने सर्त राखेका थिए। त्यसपछि देउवाले शनिबार संसदीय दलका नेता बानियाँलाई पनि बुढानीलकण्ठ बोलाएर लामाको सर्त पूरा गर्न निर्देशन दिएका थिए।

बानियाँले लामा र आफूबिच अहिलेको अन्योललाई सहमतिमै निकास दिने र नयाँ सरकार गठनका लागि मार्गप्रशस्त गर्ने सहमति भएको बताए। उनले कांग्रेसभित्र नेतृत्वको परिवर्तनलाई लिएर देखिएको विवाद सामान्य भएको उल्लेख गर्दै लोकतान्त्रिक पार्टीभित्र यस्तो सामान्य हुने दाबी गरे। उनले आफूहरूबिच कुनै तिक्तता नरहेको र पार्टी-सरकार सञ्चालनमा सहमति र सहकार्यमा गरिने बताए। 'बहादुरजी र मबिच कुनै समस्या छैन। अहिले भएका सम्पूर्ण कुराहरू एउटा लोकतान्त्रिक पार्टीभित्र हुने प्रक्रिया हो। सोहीअनुरूप नै हामीले नेतृत्व परिवर्तनको एउटा प्रक्रिया पूरा गरेका हौँ,' उनले भने, 'अब पनि सरकार र पार्टी सञ्चालनमा हामीबिच सहमति र सहकार्य नै हुन्छ।' कांग्रेस र एमालेबिचको सत्तागठन्धनको सहमतिअनुसार अझै नौ महिना प्रदेश सरकारको नेतृत्व कांग्रेसले गर्नेछ।

आइतबार लामाको राजीनामापछि बानियाँको नेतृत्वमा सरकार गठनको बाटो खुल्नेछ। राजीनामाअघि मन्त्रिपरिषद्को बैठक बस्ने र आफ्ना कुराहरू पत्रकार सम्मेलननमार्फत सार्वजनिक गर्ने लामाले बताए।

कलैया उपमहानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कलैया, बारा, मधेश प्रदेश (नेपाल)

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः २०८२/०४/१८)

यस कलैया उपमहानगरपालिकाको मिति २०८२/०१/२४ गतेको प्रकाशिक बोलपत्र (e-bidding) आह्वानको सूचना अनुसार रित पूर्वक पर्न आएका बोलपत्रहरू मध्ये सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (१) बमोजिम न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावकारी तपसिलको बोलपत्र स्वीकृत गर्नको लागि मूल्यांकन समितिको मिति २०८२/०४/०८ गतेको निर्णयानुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) को प्रयोजनार्थ यो आशयको सूचना प्रकाशित गरिएको छ।

तपसिल :

| क्र. सं. | बोलपत्र नं. | कामको विवरण | छनौट गरिएको बोलपत्रदाताको नाम | ठेगाना | कबोल रकम (VAT र PS सहित) |
|---|---|---|---|---|---|
| 1 | KSMC/NCB/WORKS- 12-081/082 | ELECTRIFICATION WORK at Kalaiya Sub-Metropolitan City | Rishav-Bhagwan JV | Mahagadhimai Na.Pa.-2 | २५९९१७९३.१८ |

प्रमुख प्रशासकीय अधिकृत

## कोप्चे बजार...

पृष्ठ १ बाट क्रमशः

को माथिल्लो र तल्लो कोप्चे मृत्त बजारका रूपमा परिणत भए पनि स्थानीय युवाहरूको सक्रियतामा ०७४ भदौदेखि कोप्चे पुनर्जागरण अभियान सञ्चालन सुरु गरियो। स्थानीय टोलबस्ती ८२ घरधुरीको सहभागितामा कोप्चे क्षेत्रलाई चिनाउन र पुनर्जागरण गर्नका लागि एकै कलरका घर रंग्याउने निर्णय गरे। तर, अब कुन कलर प्रयोग गर्ने भन्ने लामो छलफलपछि धनकुटा सुन्तला उत्पादनको नामले चर्चित रहेकाले ओरेन्ज कलर छनोट गरिएको स्थानीय अभियन्ता कोमल राईले बताए। उनले भने, 'धनकुटा त्यसै पनि सुन्तला उत्पादनको नामले परिचित छ। कोप्चे क्षेत्रमा पनि पहिले सुन्तला प्रशस्त उत्पादन हुने गरेको र अहिले जलवायु परिवर्तनका कारण फल्न छाडेको छ। त्यसकारण सुन्तला कलर छनोट गरिएको हो।'

स्थानीय टोलबस्तीले ओरेन्ज कलर त छनोट गरे। तर, अब सबै घरमा एकै कलर कसरी लगाउने र सो कलर कसरी उपलब्ध गराउने भन्ने विषय उनीहरूलाई ठुलो चुनौती बन्यो। फलस्वरूप पशुपति पेन्टसूसँग समन्वय गरेर छुट मूल्यमा कलर उपलब्ध हुँदै आएको भए पनि सबै घरमा एकै कलर लगाउन चुनौती भएको स्थानीय अभियन्ता एवं धनकुटा नगरपालिका- ५ नम्बर वडाका वडासदस्य गोविन्द राई बताउँछन्।

अहिले आएर कोप्चे क्षेत्रलाई ओरेन्ज सिटीका रूपमा चिनिन थालिएको छ। ओरेन्ज सिटी भएसँगै धनकुटाको कोप्चे क्षेत्र पर्यटकको गन्तव्य बन्दै गएको छ। स्थानीय युवाको सक्रियतामा कोप्चे पुर्नजागरण अभियान सञ्चालन भएपछि अहिले कोप्चे क्षेत्रमा बाह्य तथा आन्तरिक पर्यटकको आवतजावत बढेको कोप्चे पुनर्जागरण अभियानका सचिव उज्ज्वल कर्माचार्य बताउँछन्। पर्यटकको गन्तव्य बनेसँगै त्यस क्षेत्रमा होमस्टेदेखि महँगो सेवासम्मको होटेल सञ्चालनमा रहेका छन्।

ओरेन्ज सिटीमा ६ वटा घरले होमस्टे सञ्चालनमा ल्याएका छन्। होमस्टेमा मात्रै करिब १५० जनासम्मलाई बस्ने व्यवस्था छ। ओरेन्ज सिटीमा स्थानीय उत्पादनको नेवारी, आठपहरियाको स्पेसल खानाको परिकार पाइन्छ। त्यहाँ आउने पर्यटकले कोशी प्रदेश संग्रहालय, आठपहरिया जातिको संग्रहालय, राणाकालीन समयदेखि लाग्दै आएको बिहीबारे हटिया, सय वर्षभन्दा अगाडि बनेका घर, मार्गाथान, देवशमशेरको पालामा बनेको जोर धरहरालगायतको अवलोकन गर्न सकिने कोप्चे पुनर्जागरणका सचिव कर्माचार्य बताउँछन्। ओरेन्ज सिटी घोषणा भएपछि अहिले कोप्चे क्षेत्रमा धरान, विराटनगर, झापा, सुनसरी हुँदै भारतका विभिन्न क्षेत्रबाट दैनिक पर्यटक आउने गरेका छन्। ओरेन्ज सिटीको सिनमा ब्लग बनाउने, फेसबुक रिलहरू बनाउनेको भिड लाग्न थालेको छ।

दिगो विकास काठमाडौं, सल्भ नेपाल धनकुटालगायत विभिन्न संघसंस्थाको साथ सहयोगबाट ओरेन्ज सिटी अन्तर्राष्ट्रियस्तरमा समेत चिनिन सफल भइसकेको छ। पर्यटकको गन्तव्य बन्न सफल कोप्चे क्षेत्रमा व्यापारिक चहलपहल पनि बढ्दै गएको छ। पछिल्लो समय पूर्ण रूपमा बन्द रहेका व्यापारिक प्रयोजनमा बनेका घरका ढोका अहिले आएर करिब ९० प्रतिशत खुल्न सफल भएको पुनर्जागरण अभियानका सचिव कर्माचार्य बताउँछन्। ८२ घरधुरी सहभागी भएर सुरु गरिएको ओरेन्ज सिटी अभियानमा अहिले १४२ घरधुरी आबद्ध भइसकेका छन्।

# बार एकाइमा दलीय ‘सिन्डिकेट’

## पार्टीका वकिललाई मात्रै सदस्यता, योग्यता पुगेका र तोकिएको शुल्क तिर्दा पनि नवप्रवेशीले पाउँदैनन् सदस्यता

**शिल्पा कर्ण**/नयाँ पत्रिका

गत २८ असारमा जिल्ला अदालत बार एसोसिएसन काठमाडौंमा हालै भएको निर्वाचनमा सुबोधबाबु चिलुवाल नेतृत्वको समूह विजयी भयो। उनी कांग्रेसनिकट कानुन व्यवसायीहरूको संगठन डिएलएबाट प्रतिनिधित्व गर्छन्। अध्यक्षमा चिलुवालले एक हजार १११ मत पाउँदा उनका प्रतिस्पर्धी सुरेन्द्र तिवारीले १३० मत पाए। उपाध्यक्षमा लक्ष्मी सापकोटा घिमिरेको एक हजार ११० मत आउँदा अर्की उम्मेदवार रिता पोखरेलको मत केवल १२७ थियो। कार्यसमितिका लागि जति पनि मत परे, सबैमा ठुलो मतान्तर देखिन्छ।

काठमाडौं बारमा डिएलएको पहिलो जित भने होइन। स्थापनाकालदेखि नै त्यहाँ कांग्रेसनिकट वकिलहरूको नेतृत्व रहने गरेको कानुन व्यवसायीहरू बताउँछन्। ‘यहाँ डेमोक्र्याटहरूको संख्या बढी छ। प्रायः डेमोक्र्याट भन्न रुचाउनेले सदस्यता लिँदा नै यही बार रोज्ने भएकाले संख्या बढी देखिएको हो,’ काठमाडौं बारका अध्यक्ष आरसी विमलले भने। जिल्ला अदालत एसोसिएसन ललितपुर र उच्च अदालत पाटन बार एसोसिएसनमा समेत निश्चित पार्टीनिकट र विचाराधारा बोक्नेकै नेतृत्वमा बारको कार्यसमिति रहने गरेको देखिन्छ। ‘यहाँ पार्टीअनुसारको बार छ,’ काठमाडौं बारमा सदस्यता लिन नपाएपछि ललितपुर बार हुँदै उच्च अदालत पाटनमा सदस्यता सारेका अधिवक्ता सुजन नेपालले भने, ‘यो बारमा यो दलनिकट धेरै सदस्य भएकाले कार्यसमितिमा जितिँदैन भन्ने थाहा नै हुन्छ, अनि कार्यसमितिमा एउटै दलका कानुन व्यवसायी आउँछन्।’

ललितपुर बारमा लामो समयदेखि माओवादीनिकट कानुन व्यवसायीको नेतृत्व चुनिँदै आएको छ। उच्च अदालत पाटन बारमा जहिले पनि एमालेनिकट कानुन व्यवसायीको प्यानलले जित्ने गरेको छ। यसरी दुई प्यानलको मतमा ठुलो खाडल देखिनु र अमुक दलनिकट कानुन व्यवसायीकै जित हुनुको पछाडिको कारण हो, विशेष दलनिकटकाले मात्र बारको सदस्यता पाउनु। सदस्यतामा ‘सिन्डिकेट’ छ।

‘काठमाडौं बारमा कांग्रेस कार्यकर्ता, उच्च अदालत पाटनमा एमाले र ललितपुर बारमा माओवादी भएमा मात्र सदस्यता पाइन्छ, नत्र पाइन्न,’ ०७७ मा बारको साधारण सदस्यता लिएका अधिवक्ता वीरभद्र जोशीले भने, ‘कहिलेकाहीँ चिनजान र व्यक्तिगत सम्बन्धले पनि काम गर्छ। केहीले पाए पनि एकदमै गाह्रो छ यी तीन ठाउँमा। नत्र वर्षौं निवेदन झुलाएर राखिदिने, निर्णय नगरिदिने गर्छन् अनि बाध्य भएर अर्को ठाउँ जानुपर्ने पनि अवस्था छ।’ तत्कालीन कार्यसमितिका एकजना चिनेको हिसाबले उनले सदस्यताका लागि पहल गरे र पाए पनि। तर, पछि आफ्नो राजनीतिक विचाराधारा खुलेपछि यो विषयले कार्यसमितिमै विवाद भएको उनी सम्झिन्छन्।

उच्च अदालत पाटन बारका अध्यक्ष वरिष्ठ अधिवक्ता विदुरप्रसाद ढुंगानाका अनुसार मध्यमाञ्चल क्षेत्रीय अदालत हुँदादेखि नै त्यहाँ वामनिकट दलमै बारको नेतृत्व रहने गरेको छ। ‘हामीले सदस्यतामा पक्षपात गरेका छैनौं। तर, सांगठनिक हिसाबले नै उस्तै विचारधारा भएकाहरूको आवेदन आउने भएर नेतृत्व पनि त्यसैअनुसार आउने गरेको हो,’ उनले भने। ०३६-३९ मा लक्ष्मणप्रसाद सुवेदी अध्यक्ष थिए भने त्यसपछिका कार्यसमितिमा क्रमशः इच्छाहर्ष बज्राचार्य, श्रीहरि अर्याल, कोमलप्रकाश घिमिरेलगायतले नेतृत्व सम्हालेका छन्। त्यसपछिका समयमा पनि रमेश बडाल, ईश्वरीप्रसाद भट्टराई, रुद्रप्रसाद पोखरेलसमेतले उच्च अदालत पाटन बारको नेतृत्व गरेकोमा सबै एमालेनिकट मानिन्छन्। ललितपुर बारमा शान्ति प्रक्रियापछि माओवादीको वर्चस्व रहेको एक वरिष्ठ अधिवक्ता बताउँछन्। ‘पहिले पनि त्यहाँ वामपन्थी नै थिए। माओवादीले शान्ति सम्झौतापछि स्पेस खोजेको हो र त्यसपछि त्यही दलनिकटहरूको कार्यसमिति हुन्छ,’ उनले भने।

बारको विधान, २०४८ अनुसार लाइसेन्स पाएको ६ महिनापछि बारको सदस्यताका लागि निवेदन दिन सकिन्छ। तर, व्यवहारमा भने त्यस्तो छैन। काठमाडौं जिल्ला बारबाट ०७५ मै सदस्यता लिन खोजेका अधिवक्ता सुजन नेपालको अनुभवमा त्यहाँ डेढ वर्षसम्म निर्णय नगरी उनको निवेदन अड्काइयो भने नजिकका मान्छे भएकाले ललितपुर बारमा उनको काम आधा घण्टामै भयो। ‘पहिला एमाले-माओवादी एकता हुँदा ललितपुर र उच्च बार पाटनमा पनि त्यस्तै सम्बन्ध थियो, पछि नजिकका मान्छे उच्चतिर भएपछि मैले यतै सारेको हुँ,’ उनले भने, ‘वाम एकताको वेला दुई दलकाले जता पनि लिए हुनेजस्तो थियो। अमुक दलनिकट धेरै सदस्य भएकाले कार्यसमितिमा जितिँदैन भन्ने थाहा नै हुन्छ, अनि कार्यसमितिमा फरक दलका मान्छे देखिने कुरै भएन।’

### बार पार्टीगत भएकाले नयाँ आउनेलाई सदस्यतामा कठिनाइ

काभ्रेपलाञ्चोक बारको कार्यसमितिमै रहेका अधिवक्ता सुरज तिमल्सिनाका अनुसार बार पार्टीगत भएकाले व्यवसायमा नयाँ आउनेलाई सदस्यतामा कठिनाइ हुने गरेको छ। ‘पेसागत संगठनलाई केवल चुनाव र भोटसँग जोडिएको छ। युवा त अझ भोट मात्र भए। चुनाव र पदाधिकारी प्यानलबाट आउने भएपछि प्यानलबाहिरकालाई सदस्यता पाउन गाह्रो हुने नै भयो,’ उनले भने। पाँच वर्षअघि लाइसेन्स लिएका उनलाई बारमा निवेदन दिए पनि दुई वर्ष केही निर्णय नगरी झुलाइयो। उनले विभिन्न कार्यक्रम र साधारण सभामा प्रश्न उठाएपछि आएको नयाँ नेतृत्वले भने सदस्यता दिने निर्णय गरेको थियो।

नवप्रवेशीले सदस्यता शुल्कबापत महँगो शुल्क बुझाउनुपर्छ। अधिवक्ता तिमल्सिना सदस्यताका लागि पाँच हजार र नवीकरणका लागि पछिल्लोपटक नौ सय रुपैयाँ तिरेको सम्झिन्छन्।

रुपन्देहीमा कानुन व्यवसाय गरिरहेका अधिवक्ता रामकरण गुप्ताले डेढ वर्षअघि कानुन व्यवसायमा प्रवेश गर्दा पेसागत संगठनको सदस्यता लिने निधो गरे। ‘तर, रुपन्देही बारमा सदस्यताका लागि २० हजार सात सय रुपैयाँ तिर्नुपर्ने भयो। म त तिर्न सकौंला, तर जो पेसामा नयाँ आएका छन्, उनीहरूसँग चिया खाने पैसा त हुँदैन। त्यत्रो रकम कसरी तिर्लान् ? मैले तिरिनँ र सदस्यता पनि लिएको छैन,’ उनले भने।

बारको विधानमा कानुनको शासनका लागि पवित्र उद्देश्यका साथ स्थापना भएको भनिए पनि व्यवहारमा केही व्यक्तिको सिन्डिकेटजस्तो रहेको उनको अनुभव छ। नयाँलाई प्रोत्साहन होइन, कसरी हुन्छ पेसामा आउन नदिने, नटिकाउने व्यवहार पुरानाबाट हुने गरेको उनको अनुभव छ।


पछिल्लोपटक गत माघमा भएको युवा कानुन व्यवसायी सम्मेलनका क्रममा गरिएको अध्ययनअनुसार एकतिहाइ युवा कानुन व्यवसायी बारमा सदस्य थिएनन्। गत ७ माघमा सम्पन्न सम्मेलनअघि युवा कानुन व्यवसायी सर्वेक्षण प्रतिवेदन, २०८१ मा ३३ प्रतिशतभन्दा बढीले कानुन व्यवसाय गर्दै आए पनि बारको सदस्यता नलिएको बताएका थिए भने ६६ प्रतिशतले लिएका थिए। प्रतिवेदनअनुसार २३ प्रतिशतले बारको सदस्यता प्राप्त गर्नु चुनौतीपूर्ण रहेको बताएका थिए। राजनीतिक दलसँग आबद्ध भएपछि मात्र सदस्यता प्राप्त गर्न सकिने उनीहरूको भनाइ थियो। कतिपयले भने आफू अमुक दलनिकट नभई पेसागत देखिन र बारमा व्यावसायिकता नभएकाले पनि सदस्यता नै नलिएको बताएका थिए।

कानुन व्यवसायी परिषद्मा ल फर्म दर्ता गराउन अनिवार्य बारको सदस्य हुनुपर्छ भने वैकल्पिक रूपमा कम्पनी रजिस्ट्रारको कार्यालयमा पनि दर्ता गर्न सकिन्छ। पछिल्लो समय दोस्रो विकल्प व्यावसायिक रूपमा अघि बढ्न चाहेका युवा कानुन व्यवसायीमा देखिएको प्रतिवेदनमा छ।

सदस्यता प्रदान गर्ने विषय सहज बनाउने विषयमा केन्द्रीय बारले सर्वोच्च बार, उच्च बार इकाइहरू, विशेष बारका साथै सबै जिल्ला बारहरूलाई पत्राचार गरेको थियो। महासचिव केदारप्रसाद कोइरालाले १७ वैशाखमा गरेको पत्राचारमा बारको विधानको धारा ५, ६ र ७ बमोजिम विधान सदस्यता प्रदान गर्ने व्यवस्था सहज गर्न पत्राचार गरेका थिए। साथै, सदस्यता स्थानान्तरणलाई ‘छिटोछरितो एवं वैज्ञानिक तरिकाले दोहोरो नपर्ने गरी अभिलेख गर्ने’ निर्णय भएको जानकारी पत्रमा थियो। बार महासचिव कोइराला लिखित उजुरी नआए पनि बार इकाइहरूमा विधानबमोजिम योग्यता पुगेकाले पनि सदस्यता नपाएको, होल्ड गरेर राखिएको गुनासो विभिन्न फोरममा सुनेपछि परिपत्र जारी गरिएको बताउँछन्। शुल्क पनि विधानमा न्यून राखिएको, तर बारको कार्यसमिति वा साधारण सभाबाट शुल्क तोक्ने गरिएको तथा चर्को शुल्कबारे कुनै गुनासो नआएको उनको भनाइ छ।

नेपाल बार एसोसिएसन संविधानले चिनेको संस्था हो। न्यायपरिषद्को संरचनाबारे संविधानमा उल्लेख हुँदा बारको सिफारिसमा राष्ट्रपतिबाट नियुक्त एकजना सदस्य रहने प्रावधान धारा १५३ (१) (ङ)मा छ।

### तीनचोटि निवेदन दिँदा पनि सदस्यता पाइएन



**सुजन नेपाल**, अधिवक्ता
उच्च अदालत पाटन बार एसोसिएसन

मैले लाइसेन्स लिएको ६ महिनापछि ०७५ तिर काठमाडौं बारबाट सदस्यता लिन खोजेको हुँ। तर, त्यहाँ डेढ वर्षसम्म दुई-तीनचोटि निवेदन दिँदा पनि केही निर्णय गरिदिएनन्। ललितपुर बारको एकजना कार्यसमितिको दाइ चिनेको थिएँ, त्यहाँ आधा घण्टामै काम भयो। यहाँ पार्टीअनुसारको बार छ।

### सदस्यता ‘होल्ड’ गरेको गुनासो हामीले पनि सुनेका छौं



**केदार कोइराला**, महासचिव
नेपाल बार एसोसिएसन

कतिपय बार इकाइहरूमा विधानबमोजिम योग्यता पुगेकाले पनि सदस्यता नपाएको, होल्ड गरेर राखिएको गुनासो विभिन्न फोरममा सुन्यौं। हाम्रो कार्यसमिति चयन भएयता कुनै लिखित गुनासो आएको छैन। कतिपय इकाइले पुस्तकालय व्यवस्थापन, अन्य सुविधाका लागि केही शुल्क लिने गरेका छन्।




### पार्टीको कार्यकर्ता भए मात्र सदस्यता पाइन्छ



**वीरभद्र जोशी**, अधिवक्ता

मैले ०७७ मा काठमाडौं जिल्ला बारमा सदस्यता लिएको हुँ। काठमाडौं बारमा कांग्रेस कार्यकर्ता, उच्च अदालत पाटनमा एमाले र ललितपुर बारमा माओवादी भएमा मात्र सदस्यता पाइन्छ, नत्र पाइन्न। केहीले पाए पनि एकदमै गाह्रो छ यी तीन ठाउँमा। नत्र वर्षौं निवेदन झुलाएर राखिदिने, निर्णय नगरिदिने गर्छन् अनि बाध्य भएर अर्को ठाउँ जानुपर्ने अवस्था छ।

### निर्वाचनको परिणामले त्यस्तो देखिएको हो



**आरसी विमल**, अध्यक्ष, काठमाडौं बार एसोसिएसन

काठमाडौं बारमा डेमोक्र्याटको संख्या बढी छ। काउन्सिलको परीक्षा पास भएपछि डेमोक्र्याटजति यतै आउँछन्। पिपिएलए उच्च अदालत पाटनतिर जान्छन्। आरपिएल समर्थक साथीहरू ललितपुर बार जान्छन्। चुनावको परिणामले यस्तो देखिएको हो। काठमाडौं बारमा अनलाइनमार्फत पनि सदस्यता लिन सकिन्छ।

# भुम्लुका उपाध्यक्षलाई लागुऔषध मुद्दामा कैद सजाय भएको खुलासा

नयाँ पत्रिका



जितेन्द्रबहादुर तामाङ

काभ्रेपलाञ्चोकको भुम्लु गाउँपालिकाका उपाध्यक्ष दावा लामा भनिने जितेन्द्रबहादुर तामाङलाई लागुऔषध मुद्दामा अदालतले दोषी ठहर गरी पाँच वर्ष कैद सजाय भएको खुलेको छ। सात वर्षअघि नै उच्च अदालतले उनलाई दोषी ठहर गरी सजाय सुनाएकोमा सर्वोच्च अदालतबाट भने मुद्दा टुंगिन बाँकी छ।

२ भदौ ०७१ मा लामालाई प्रहरीले काठमाडौंको जोरपाटीबाट १४.८ ग्राम खैरो हेरोइनसहित पक्राउ गरेको थियो। जुन मुद्दामा उनले जिल्ला अदालतबाट सफाइ पाएकोमा उच्च अदालतले उनलाई पाँच वर्ष कैद र पाँच हजार रुपैयाँ जरिवानाको फैसला गरेको खुलेको छ। अदालतले दोषी ठहर गरेकै अवस्थामा उनी गाउँपालिका उपाध्यक्षमा कांग्रेसबाट उठेर जितेका हुन्।



सर्वोच्च अदालतले सात वर्षसम्म गरेन फैसला

१६ असोज ०७५ मा उच्च अदालत, पाटनका न्यायाधीशद्वय नगेन्द्रकुमार सिवाकोटी र रामप्रसाद अधिकारीको इजलासले जिल्ला अदालत, काठमाडौंको फैसला उल्टाउँदै दोषी ठहर गरेको थियो। उच्चको फैसलामा भनिएको छ, ‘प्रतिवादीमध्येका दावा लामा भन्ने जितेन्द्र तामाङका साथबाट लागुऔषध १४.८० ग्राम बरामद भएको कुरा बरामदी मुचुल्काबाट देखिएको र सो कुरालाई प्रतिवेदकले बकपत्रसमेत गरेको देखिएको अवस्थामा निज प्रतिवादीलाई आरोपित गरिएको लागुऔषध नियन्त्रण ऐन २०३३ को दफा ४ खण्ड घ र च को कसुरमा ऐनको दफा १४(१)बमोजिम सजाय गर्नुपर्नेमा निजलाई अभियोग दाबीबाट सफाइ दिने गरी काठमाडौं जिल्ला अदालतबाट भएको ०७२/०८/२७ मा भएको फैसला सो हदसम्म मिलेको देखिन नआउँदा उक्त फैसला केही उल्टी भई प्रतिवादी दावा लामा भन्ने जितेन्द्र तामाङलाई अभियोग दाबीको कसुरमा लागुऔषध नियन्त्रण ऐन २०३३ को दफा १४(१) र ६(१)बमोजिम पाँच वर्ष कैद र पाँच हजार जरिवाना हुने ठहर्छ।’ उनीसँगै पक्राउ परेका प्रवीण खड्का र वीरेन्द्रबहादुर कुँवरसँग भने लागुऔषध बरामद नभएका आधारमा सफाइको फैसला भएको थियो।

सो फैसलाउपर १९ चैत ०७५ मै सर्वोच्च अदालतमा पुनरावेदन भएको थियो। सात वर्ष हुनलाग्दा पनि सर्वोच्चले फैसला दिन सकेको छैन। गाउँपालिका उपाध्यक्ष तामाङ राजनीतिमा लाग्नुअघि गुन्डागर्दीलगायत विभिन्न अपराधमा पक्राउ परेका थिए। ०७१ म पनि गुन्डागर्दीको आरोपमा प्रहरीले पक्राउ गर्दा उनीसँग लागुऔषध भेटिएको थियो।

## संक्षेप

### औरहीबाट एक क्विन्टल गाँजासहित नौजना पक्राउ

**लहान**/ सिराहाको औरही गाउँपालिका- ४ कमलपुर गाउँबाट प्रहरीले एक क्विन्टल गाँजासहित नौजनालाई पक्राउ गरेको छ। विशेष सूचनाका आधारमा शनिबार बिहान करिब ४ बजेतिर प्रहरीले छापा मारी गाँजा व्यापारी र खरिदकर्ता दुईजना भारतीय नागरिकसहित नौजनालाई पक्राउ गरेको हो। जिल्ला प्रहरी कार्यालय सिराहाका प्रमुख प्रहरी उपरीक्षक अनन्तराम शर्माका अनुसार पक्राउ पर्नेमा पाँचजना भरिया, एकजना रेक्की गर्ने व्यक्ति, गाँजा व्यापारी तथा खरिद गर्न आएका दुईजना भारतीय नागरिक छन्। भरियाको रूपमा गाँजा बोकेर सीमावर्ती गाउँसम्म पुर्‍याउने काममा संलग्न गोलबजार नगरपालिका- १ मुक्सारका जयराम जोशी, शिवकुमार सदा, कृष्ण सदा, सुरज सदा र पशुपति सदा छन्। उनका अनुसार रेक्की गर्ने व्यक्ति औरही गाउँपालिका- ३ का राजेन्द्र यादव र गोलबजार नगरपालिका- १ मुक्सारका व्यापारी जीवछ साहलाई पनि पक्राउ गरिएको छ। गाँजा खरिद गर्न आएका भारतीय नागरिक धर्मेशकुमार कामती र वैद्यनाथ चौधरीसमेत पक्राउ परेका छन्। चौधरीको साथबाट ४५ हजार रुपैयाँ नेपाली मुद्रासमेत बरामद भएको प्रहरीले जनाएको छ। प्रहरीका अनुसार गाँजा पाँचवटा बोरामा हालेर आँपको बगैंचामा लुकाएर राखिएको थियो। प्रहरीले छापा मार्ने क्रममा गाँजा ओसार्दै गरेका भरिया फेला परेपछि उनीहरूलाई केरकार गर्ने क्रममा बाँकी व्यक्ति गाँजासहित पक्राउ परेका हुन्। पक्राउ परेकाविरुद्ध लागुऔषधसम्बन्धी मुद्दामा अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

### राष्ट्रपतिसँग प्रधानमन्त्रीको भेटवार्ता



**काठमाडौं**/ प्रधानमन्त्री केपी ओलीले राष्ट्रपति रामचन्द्र पौडेलसँग शनिबार भेटवार्ता गरेका छन्। राष्ट्रपति भवन शीतलनिवासमा शनिबार भएको भेटमा प्रधानमन्त्री ओलीले तुर्कमेनिस्तानको अवाजा सहरमा आयोजना हुने भूपरिवेष्टित विकासशील राष्ट्रहरूको तेस्रो संयुक्त राष्ट्रसंघीय सम्मेलनमा नेपालको सहभागिताका बारेमा जानकारी गराएको राष्ट्रपतिको स्वकीय सचिवालयले जनाएको छ। प्रधानमन्त्री ओली आगामी २० देखि २३ साउनसम्म (५ देखि ८ अगस्ट २०२५) आयोजना हुने सम्मेलनमा सहभागी हुन त्यसतर्फ जाँदै छन्।

### चार दिनअघि नारायणी पुलबाट हाम फालेर बेपत्ता किशोर मृत भेटिए

**नवलपुर**/ चार दिनअघि नारायणी नदी पुलबाट हाम फालेर बेपत्ता भएका गैंडाकोट-२, कुसुमघाटनिवासी १५ वर्षीय आदेश श्रेष्ठको शव फेला परेको छ। गैंडाकोट नगरपालिका-७, गैरीस्थित नारायणी नदीकिनारमा उनको शव शनिबार बिहान १० बजेतिर भेटिएको प्रहरीले जनाएको छ। उनको शव भरतपुरस्थित सरकारी अस्पतालमा पोस्टमार्टमका लागि पठाइएको छ। ती किशोर साइकल र चप्पल पुलमा छोडी नदीमा हाम फालेका थिए। कक्षा ९ मा अध्ययनरत श्रेष्ठका मामाका अनुसार उनी बिहानै घरबाट कसैलाई केही नभनी निस्केका थिए। उनका बुवा, आमा र दाजु जापानमा बस्दै आएको खुलेको प्रहरीले जनाएको छ। सोही दिन राति नारायणी नदीमा पुलबाट हाम फाली बेपत्ता भएका नुवाकोट जिल्लाको साबिक हलदेव गाविस वार्ड नम्बर १ स्थायी घर भएका ५९ वर्षीय मीठा गिरी अझै फेला परेका छैनन्। त्यसैगरी, शनिबार बिहान नवलपुरको विनयी त्रिवेणी गाउँपालिका- ७, त्रिवेणी ब्यारेज पुलमा एकजना अन्दाजी ३० वर्षीय पुरुषको शव फेला परेको छ। जिल्ला प्रहरी कार्यालय नवलपुरका अनुसार ब्यारेज पुलको ३२ नम्बर ढोकामा पुरुषको शव फेला परेको हो।

# माओवादी बैठक : शर्मालाई आत्मालोचना गर्न नेताहरूको सुझाव

नयाँ पत्रिका



**प्रचण्ड** अध्यक्ष, माओवादी

पार्टीको आन्तरिक कुरा पार्टीभित्रै गरौं, बाहिर नलैजाउँ, अहिले सरकार बनाउने र भत्काउने खेलमा होइन, पार्टीलाई जगैदेखि बलियो बनाउने गरी संगठन निर्माणमा केन्द्रित गरौं।

माओवादीका अधिकांश नेताले उपमहासचिव जनार्दन शर्मालाई आत्मालोचना गर्न सुझाव दिएका छन्। पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा शनिबार बसेको स्थायी समिति बैठकमा धारणा राखेका २५ मध्ये अधिकांश नेताले शर्मालाई आत्मालोचना गरी पार्टीलाई बलियो बनाउने गरी लाग्न सुझाव दिएको एक नेताले बताए। वर्षमान पुन, राम कार्की, गंगानाराण श्रेष्ठ, मातृका यादव, देवेन्द्र पौडेल, खगराज भट्ट, गणेशमान पुन, पूर्ण सुवेदी, कालीबहादुर खाम, अञ्जना विशुंखेलगायतले धारणा राखेका थिए। बैठकमा धारणा राख्न नेताहरूलाई १० मिनेटको समय दिइएको छ।

शर्माले आन्तरिक असमझदारीका विषयमा बाहिर बोल्दै हिँड्दा पार्टीलाई क्षति हुने भन्दै आत्मालोचना गर्न र असन्तुष्टिका विषय भए पार्टी कमिटीमै राख्न नेताहरूले सुझाव दिएका छन्। शनिबारको बैठकमा पदाधिकारी पाँच, अनुशासन आयोगका अध्यक्ष, स्थायी कमिटीमा १९ सदस्यले धारणा राखेका छन्। अधिकांश नेताले प्रचण्डको विकल्प खोज्ने वेला नभएको बताएका छन्। पार्टीप्रति जनलहर बढ्दै गएको वेला जिम्मेवारी नेताले नै नेतृत्वको आलोचना गर्दा हुने क्षतिप्रति सचेत बन्न उनीहरूको सुझाव छ। नेकपाका संस्थापक महासचिव पुष्पलालको स्मृतिमा गत ६ साउनमा आयोजित कार्यक्रममा शर्माले मनमोहन अधिकारीबाहेक नेपालका बाँकी कम्युनिस्ट नेताले असुली धन्दा चलाइरहेको आरोप लगाएका थिए। सुशासनको पक्षमा खरो उत्रिएको दाबी माओवादी नेतृत्वले गरिरहेका वेला शर्माको सार्वजनिक अभिव्यक्तिप्रति माओवादीका नेता तथा कार्यकर्ताले सार्वजनिक सञ्जालमै विरोध गरेका थिए।

अघिल्ला बैठकमा प्रचण्डको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै आएका खगराज भट्टले समेत शर्माको आलोचना गरेको एक नेताले बताए। राम कार्की, अञ्जना विशुंखेलगायत केही नेताले भने शर्माको पक्षमा धारणा राखेको एक नेताले बताए।

बैठकमा प्रस्तुत एजेन्डा र अध्यक्षले राखेको विचारमाथि नेताहरूले धारणा राख्ने क्रम जारी रहेको नेताहरूले बताएका छन्। बैठक आइतबार पनि चल्नेछ।

शुक्रबार सुरु भएको बैठकमा माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले बैठकमा दसबुँदे ब्रिफिङ गर्दै प्रचण्डले आन्तरिक एकता बलियो बनाउँदै पार्टीलाई जगैदेखि बलियो बनाउने काममा केन्द्रित गर्नुपर्ने प्रस्ताव गरेका थिए। ‘पार्टीको आन्तरिक कुरा पार्टीभित्रै गरौं, बाहिर नलैजाउँ, अहिले सरकार बनाउने र भत्काउने खेलमा होइन, पार्टीलाई जगैदेखि बलियो बनाउने गरी संगठन निर्माणमा केन्द्रित गरौं,’ प्रचण्डको प्रस्ताव थियो।

दसैंपछि केन्द्रीय समिति बैठक आयोजना गरेर महाधिवेशनको मिति तोक्ने र त्यसअघि जगैदेखि बलियो बनाउनेगरी पार्टी निर्माण अभियान चलाउनुपर्ने प्रस्ताव प्रचण्डको छ। उनले समाजवादी मोर्चालाई बलियो बनाउने गरी पार्टी लागिपरेको जानकारी दिँदै मोर्चामा रहेका दलहरूभित्र पनि एकताको प्रयास गर्नुपर्ने आवश्यकता औंल्याएका छन्।

### तारापतिको योगदानबारे पुस्तक




काठमाडौंमा शनिबार ‘तारापति भट्टराई स्मृति ग्रन्थ’ विमोचन गर्दै पूर्वराष्ट्रपति डा. रामवरण यादव। तारापति भट्टराई स्मृति प्रतिष्ठान तनहुँले आयोजना गरेको कार्यक्रममा कांग्रेस नेता अर्जुननरसिंह केसी, शंकर भण्डारी, डा. रामचन्द्र अधिकारी, नरहरि आचार्यलगायतले भट्टराई जनताको माझमा बसेर प्रजातन्त्र प्राप्त गर्ने अभियानका कुशल पथ प्रदर्शक रहेको बताए। उनका समकालीन गोपीबहादुर गुरुङ, रामेश्वर पोखरेलले तनहुँलाई आधुनिक विकासको पथमा लैजान भट्टराईले खेलेको भूमिका र राजनीतिक, सामाजिक र आध्यात्मिक जीवनबारे चर्चा गरेका गरेका थिए। प्रतिष्ठानका अध्यक्ष महेश्वर भट्टराईले विभेदरहित समाजको कल्पनामा तारापतिले देखाएको बाटो वर्तमान राजनीतिक अवस्था सुधारका लागि सान्दर्भिक भएको धारणा राखे। **तस्बिर : दिपेन्द्र ढुंगाना/नयाँ पत्रिका**

### बस दुर्घटनामा १४ जना घाइते

**संखुवासभा**/ संखुवासभाबाट झापा जाँदै गरेको बस दुर्घटना हुँदा १४ जना घाइते भएका छन्। शनिबार बिहान संखुवासभाको धर्मदेवी नगरपालिका- ९ मूलगाउँबाट झापाको दमकका लागि छुटेको बा२ख ७२४४ नम्बरको बस लालिगुराँस नगरपालिका टुटेदेउरालीमा दुर्घटना हुँदा १४ जना घाइते भएको जिल्ला प्रहरी कार्यालय तेह्रथुमका डिएसपी लीलाराज लामिछानेले बताए। घाइते हुनेमा सविन विष्ट, अश्विन भारती, रहिरा भारती, मनकुमार कटुवाल, श्रीमान तामाङ, सुजन कटुवाल, प्रतिमा तामाङ, सोममाया थायुम, धनमाया चापागाईं, विष्णु कटुवाल, भवानी कार्की, रत्नमाया कटुवाल, दलबहादुर कार्की र विमल विश्वकर्मा छन्। घाइतेको तेह्रथुमको वसन्तपुर अस्पतालमा उपचार भइरहेको छ। गम्भीर घाइते सविन विष्ट र अश्विन भारती, रत्नमाया कटुवाल र दलबहादुर कार्कीलाई थप उपचारका लागि धरानस्थित बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पठाइएको डिएसपी लामिछानेले बताए। बस दुर्घटनालगत्तै चालक खेम महत फरार रहेको प्रहरीले जनाएको छ।

# काठमाडौंमा गुन्डागर्दीविरुद्ध आक्रामक बन्दै प्रहरी



**कुलदीप चन्द**, एसपी
जिल्ला प्रहरी परिसर काठमाडौं

१४ साउनमा ठमेलस्थित दोहोरी साँझमा दुई गुन्डा समूहबिच झडप घटनामा संलग्न सानुभाइ भनिने युवराज समूहका तीनजनालाई भोलिपल्टै पक्राउ गर्‍यौं। तर, फरार राजेन्द्र गुरुङलाई शनिबार पक्राउ गरेका छौं।

नयाँ पत्रिका

काठमाडौं उपत्यकामा गुन्डागर्दीविरुद्ध प्रहरी आक्रामक बनेको छ। १४ साउनमा ठमेलस्थित नगरकोट दोहोरी साँझमा दुई गुन्डा समूहबिच भएको झडपमा संलग्न पक्राउ परेका हुन्।

जिल्ला प्रहरीपरिसर काठमाडौंका एसपी कुलदीप चन्दले झडपमा संलग्न ओम्निया क्लबका राजेन्द्र गुरुङ तथा सानुभाइ भनिने युवराज समूहका युवराजसहित ३० वर्षीय रवीन्द्र गुरुङ र २६ वर्षीय दिलकुमार तुम्बापोलाई पक्राउ गरिएको जानकारी दिए। युवराज समूहका तीनजना १५ साउनमा र राजेन्द्र शनिबार पक्राउ परेका हुन्।

‘१४ साउनमा ठमेलस्थित दोहोरी साँझमा दुई गुन्डा समूहबिच झडप घटनामा संलग्न सानुभाइ भनिने युवराज समूहका तीनजनालाई भोलिपल्टै पक्राउ गर्‍यौं। तर, फरार राजेन्द्र गुरुङलाई शनिबार पक्राउ गरेका छौं,’ उनले भने।

दुई वर्षअघि ठमेलस्थित ओम्निया क्लबका सञ्चालक राजेन्द्र समूहमाथि आक्रमण हुँदा प्रहरीले सानुभाइ उर्फ युवराज गुरुङ समूहलाई पक्राउ गरी हतकडी लगाएर ठमेल परिक्रमा गराएको थियो। तर, नुवाकोट ककनी गाउँपालिका- ५ का सानुभाइ भनिने युवराज र ओम्नियाका राजेन्द्र समूहबिच १४ साउनमा ठमेलस्थित नगरकोट दोहोरीमा जम्काभेट हुँदा झडप नै हुन पुगेको थियो। यो समूहबिच १५ असार ०८० को घटनाले उत्तेजित तुल्याएको थियो। र, परिस्थिति झडपमा बदलियो।

#### को हुन् पक्राउ परेकाहरू ?

प्रहरीका अनुसार पक्राउ परेकामध्ये युवराज पटके अपराधी हुन्। उनी विगतमा इन्काउन्टरमा मारिएका कुमार घैंटे समूहमा संलग्न थिए। घैंटेको इन्काउन्टरपछि उनी बुलेटप्रुफ ज्याकेट लगाएर हिँड्ने गर्थे। उनलाई प्रहरीले ०७२ पुसमा गोली लोड भएको पेस्तोलसहित पक्राउ गरेको थियो। खनतलासी गर्दा उनी बुलेटप्रुफ ज्याकेटमा थिए।

घैंटे मारिएपछि उनको समूह प्रहरीसँग बदला लिने योजनामा थियो। सोही क्रममा युवराजले आफ्ना लागि हतियारसहित बुलेटप्रुफ ज्याकेट बन्दोबस्त गरेका थिए। तर, प्रहरीले पक्राउ गरेपछि उनीहरूको योजना तुहिएको थियो। घैंटे ०७२ भदौमा लजिम्पाटमा मारिएका थिए। धरौटीमा छुटेका युवराज समूहले त्यसपछि पनि हप्ता असुली धन्दा छाडेन। उनको समूहले ०७८ मा नुवाकोटका निर्माण व्यवसायी जितबहादुर कार्कीलाई आक्रमण गरेको थियो। उनीविरुद्ध बलात्कार दुष्प्रयास अभियोग पनि छ। गोरखास्थित सांस्कृतिक कार्यक्रममा सहभागी हुन जाँदा उनले एक महिलामाथि बलात्कार प्रयास गरेका थिए। पक्राउ गर्न खोज्दा आँखामा पेपर स्प्रे छर्किएर फरार भएका थिए।

त्यस्तै, उनले ०७१ मा अर्का व्यवसायी डोलबहादुर घलेको आँखा नै फुटाइदिएका थिए। उनले ०६७ मा नुवाकोटका निर्माण व्यवसायी अनिल श्रेष्ठमाथि पनि आक्रमण गरेका थिए। हप्ता असुलीमा विवाद भएपछि उनले श्रेष्ठमाथि गोली नै प्रहार गरेका थिए। घटनामा श्रेष्ठ गम्भीर घाइते भएका थिए। प्रहरीका अनुसार उनीविरुद्ध प्रहरीमा मात्रै विभिन्न नौवटा मुद्दा दर्ता भएका छन्। ओम्नियाका राजेन्द्र समूह भने आपराधिक पृष्ठभूमिका देखिँदैन। उनी लामो समय वैदेशिक रोजगारमा थिए। त्यसपछि उनी व्यवसाय गर्न ठमेलमा प्रवेश गरेका थिए।

काठमाडौंपरिसरका अनुसार महारागन्ज क्षेत्रमा गुण्डागर्दी गर्ने चक्रे मिलन उर्फ मिलन गुरुङसहितका १९ जनाविरुद्ध अभद्र व्यवहारअन्तर्गत म्याद थप गरी अनुसन्धान भइरहेको छ। उनीहरूलाई प्रहरीले १६ साउनको मध्यराति महाराजगन्जस्थित होटेल साम्बालाबाट पक्राउ गरेको थियो। उनी त्यस दिन होटेल रिजर्भ गरी जन्म दिन मनाइरहेका थिए। होहल्ला गरी जन्मदिन मनाएपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए। सोहीक्रममा प्रहरी टोली होटेल पुगेको थियो। घटनामा ४८ जना पक्राउ परे पनि २९ जना भने साधारण तारेखमा छुटेका थिए।

# चुरेको दोहनले मरुभूमि बन्दै मधेश

## चुरेको अनियन्त्रित दोहनले पहिले अन्नको भण्डार मधेश बन्जर भूमिमा परिणत हुँदै गएकाले समयमै नचेत्ने हो भने परिणाम भयावह हुन सक्छ



● विकासकुमार गुप्ता

अग्रलेख

**अं**के हो चुरे ? : चुरे क्षेत्र भनेको हिमालय पर्वत शृंखलाको सबभन्दा दक्षिणमा रहेको माथिबाट बगेर आएका सामग्रीले बनेको सबभन्दा कान्छो, सबभन्दा कमलो र सबभन्दा कमजोर पर्वत शृंखला रहेको क्षेत्र हो। हिन्दकुश क्षेत्रअन्तर्गत पर्ने अफगानिस्तानदेखि बर्मासम्म फैलिएको हिमाली र पहाडी शृंखलाको दक्षिणतिरको तल्लो बेल्ट र नेपालको इलामदेखि कञ्चनपुरसम्म 'ग्रिन बेल्ट'का रूपमा यो फैलिएको छ। चितवन र दाङमा चुरेले नेपाल र भारतबिच सीमाको काम पनि गरेको छ। यसले देशको करिब १३ प्रतिशत भूभाग ओगटेको छ भने पूर्वमा इलामदेखि पश्चिममा डडेल्धुरासम्म ३६ जिल्लामा यो क्षेत्र फैलिएको छ। करिब चार करोड वर्षपहिले हिमालयको उत्पत्तिका क्रममा नदीजन्य पदार्थ थुप्रिएर बनेको सबैभन्दा कान्छो पहाड नै चुरे शृंखला हो।

विभिन्न स्थान मुख्यतः पश्चिमी भागमा दुन र भित्री मधेशको निर्माण चुरे पहाडमा भएको छ, जसले यस पहाडलाई महाभारत शृंखलाबाट स्पष्ट छुट्याउँछ। कोमल चट्टान सेल, सिल्टस्टोन, स्यान्डस्टोन तथा मडस्टोनजस्ता पदार्थबाट सिर्जित र छरिएका अन्य खुकुला पदार्थबाट निर्मित चुरे पहाड भौगर्भिक हिसाबमा विशिष्ट पर्वत हो।

नेपालमा हिमाल छ, महाभारत छ र अर्को शिवालिक छ, त्यसलाई नेपालीमा चुरे भनिन्छ। हामी मधेशी यसलाई चुरियामाई भन्छौँ। चुरियालाई देवता मानेर पूजा गर्छौं। यो क्षेत्रको १७ प्रतिशत भूमि तराई र १३ प्रतिशत भूमि चुरेमा रहेको छ। यसरी, लगभग ३० प्रतिशत भूमिमा नेपालको कुल जनसंख्याको ५५ प्रतिशतभन्दा बढी बसोवास गर्दै आएका छौँ। यस क्षेत्रमा सबै जातजाति, वर्ग र समुदायका मानिस बसोवास गरिरहेका छन्।

समयमै यस क्षेत्रको संरक्षण गरिएन भने नेपालको जनसंख्याको ठूलो हिस्सा गम्भीर रूपमा प्रभावित हुनेछ।

**जैविक विविधताको खानी :** चुरे पहाड मात्र नभएर 'हरियो वन नेपालको धन' भनिने उखानको पर्याय पनि हो। चुरेका काखमा सदावहार जंगल हुर्किएर बसेको छ। चितवन राष्ट्रिय निकुञ्ज, पर्सा वन्यजन्तु आरक्ष मुख्य रूपमा र बर्दिया राष्ट्रिय निकुञ्ज तथा शुक्लाफाँटा सिकार आरक्षका केही क्षेत्रसँगै १३ फरक किसिमका 'इकोसिस्टम'सहित महत्त्वपूर्ण जैविक विविधताले सम्पन्न छ यो क्षेत्र। पाटेबाघ, डल्फिन र विश्वकै सम्पदाका रूपमा रहेको एकसिंगे गैँडालगायत जीव तथा वनस्पति यहाँ पाइन्छन्। चुरे क्षेत्रभित्र विभिन्न एक हजार ५०० प्रजातिका महत्त्वपूर्ण वनस्पति पहिचान भएका छन्। मधेशको माटो र पानी संरक्षणमा चुरेको महत्त्वपूर्ण भूमिका छ। चुरे जैविक विविधताको करिडोर हो। यो पानी र प्राकृतिक साधनस्रोतको भकारी पनि हो। चुरे नष्ट भएमा मधेश सोझै मरुभूमि बन्न पुग्छ।

**चुरे विनाशका कारण र असरहरू :** चुरे क्षेत्र विनाशका विविध कारणमध्ये एउटा ढुंगा, गिट्टी, बालुवाको अव्यवस्थित उत्खनन पनि हो, साथै काठदाउरा र गिट्टी-बालुवाको चोरी-निकासी बढिरहेको कारणले गर्दा पहिले घना देखिएको वन पातलो बन्दै गएको छ, रुखबिरुवा र गिट्टीबालुवाको चोरी निकासीले रातारात वन विनाश भइरहेको छ। पहिरोको जोखिम बढेको छ। दुर्लभ वन्यजन्तु सालक, निलगाई, हरिण, जरायो, घोरल, बँदेललगायत जन्तु संकटमा छन्।

खोला, नदी भएका स्थानीय सरकारको प्रमुख आयस्रोत नै ढुंगा, गिट्टी र बालुवाको ठेक्का हो। वातावरणीय प्रभाव मूल्यांकन प्रतिवेदन नाम मात्रको तयार पार्ने र ठेक्का लगाएर रकम उठाउने गरिएको छ। उनीहरूले कसरी काम गरिरहेका छन्, त्यसको प्रभावकारी अनुगमन र नियन्त्रण भइरहेको छैन।वातावरणविद् बताउँछन्- ढुंगा, गिट्टी, बालुवा भारत निकासी गर्ने निर्णयले चुरेमै आक्रमण भएकाले अहिले अमलेखगञ्ज, निजगढ, चन्द्रनिगाहपुरलगायत चुरेसँग जोडिएका बस्तीमा खानेपानीको समस्या छ। पानीको हाहाकार भइरहेको छ। उनीहरूका अनुसार मधेशमा सय, सवा सय, अढाइ सय फिट खन्दा पनि पानी भेट्टाउन मुस्किल हुन थालेको छ अहिले। चुरेको मुहान सुक्दै छ, ढुंगा, गिट्टी, बालुवाको भारततर्फ निकासी हुँदा नदीनालाको पानी होल्डिङ गर्ने क्षमता कमजोर हुन्छ। सरकारको योजना तराईलाई मरुभूमि बनाउनेतर्फ उन्मुख छ। यसले देशकै अन्नको भण्डारमा ठूलो नकारात्मक प्रभाव पार्छ। केही व्यक्तिलाई फाइदा होला, जनता अकालमा मर्ने निश्चित। हामी आफैँ प्रभावित छौँ, हाम्रा गाउँघर प्रभावित छन्। गाउँ-गाउँका खोलानाला जीवनहीन भएका छन्।

पहिला चुरे क्षेत्र पत्रै-पत्र भएका विकट भूखण्ड र घना जंगलले ढाकिएका थिए। दुनहरूमा समेत मानिसको बसोवास थिएन। सन् १९५० को दशकमा नेपालमा औलो उन्मूलन कार्यक्रम सुरु भएपछि निर्जन दुन र आसपासका चुरे क्षेत्रमा पहाडबाट बसाइँ सरेर जंगल फँडानी गरी खेतबारी, खरबारी एवं चरन क्षेत्रमा परिणत गर्ने क्रम बढेको विज्ञहरू बताउँछन्। गरिबीका कारण जीविकाको विकल्प खोज्दै मानिस चुरे आइपुगे। पछि पूर्व-पश्चिम राजमार्ग बनेपछि झनै त्यसमा बढोत्तरी भयो।

वन फँडानी, वन पैदावारको अत्यधिक प्रयोग, खुला चरिचरन, अवैज्ञानिक भूउपयोग आदिले चुरेको जैविक विविधतामा ह्रास आएको विज्ञहरूको भनाइ छ। त्यसले समग्र प्रणालीमा नकारात्मक प्रभाव पारेको छ। चुरे पहाड तथा भावर क्षेत्रमा जलाधारको अवस्था क्रमशः क्षयीकरण हुँदै गएको छ।

> ढुंगा, गिट्टी र बालुवाका कारोबारीले डोजर चलाएर पहिले नै चुरेमा गम्भीर घाउ बनाइसकेका छन्। चुरेको अवैध उत्खनन र दोहनलाई वेलैमा नरोक्ने हो भने भविष्यमा थप गम्भीर संकट निम्तने निश्चित छ।

यसबाट तराई-मधेशमा थुप्रै वातावरणीय समस्या देखा परिरहेका छन्। पानीका स्रोत सुक्दै गएका छन्। बाढीको प्रकोपले तराई मधेशका खेतीयोग्य जग्गामा बालुवा र पाँगो माटो थुपार्ने तथा गाउँबस्तीसमेत कटान र डुबानले गर्दा प्रभावित भइरहेका छन्। नेपाल सरकारले आर्थिक वर्ष ०६६/६७ देखि चुरे संरक्षणलाई अभियानका रूपमा सञ्चालन गर्न 'राष्ट्रपति चुरे संरक्षण कार्यक्रम' लागू गरेको भए पनि त्यो कार्यक्रम त्यति सफल हुन सकिरहेको देखिन्न।

चुरेको दोहन र बढ्दो जलसंकटबारे जनप्रतिनिधिले गम्भीरता देखाउन सकेका छैनन्। तलदेखि प्रदेश र केन्द्रीयस्तरसम्म जनप्रतिनिधि रहेका छन्। तर, उनीहरूलाई यस विषयमा कुनै पीडा छैन। उनीहरूले किन चिन्ता नलिएका हुन्, यहाँ भन्न कठिन छ। देशमा तीन तहका स्थानीय, प्रदेश र संघीय सरकार अस्तित्वमा छन्।

प्रदेश तथा संघीय संसद्मा यस्ता गम्भीर विषयमा हप्तौँसम्म गहन छलफल हुनुपर्ने भए पनि हुन सकेको छैन। तराई पहिले अन्नको भण्डार थियो, अहिले त्यो बन्जर भूमिमा परिणत हुँदै छ भन्ने वैज्ञानिकहरूको चेतावनी छ। तर, यो चेतावनी सुन्ने फुर्सद सायद सत्तामा हुनेहरूलाई छैन कि ?

**खतरामा हाम्रो भविष्य :** चुरे र भावरको अनियन्त्रित दोहन यसै गतिले जारी रह्यो भने आगामी ३० वर्षभित्रै यी क्षेत्र मरुभूमिमा परिणत हुनेछन्। ढुंगा, गिट्टी र बालुवाका कारोबारीले डोजर चलाएर पहिले नै चुरेमा गम्भीर घाउ बनाइसकेका छन्। यसरी भइरहेको अवैध उत्खनन र दोहनलाई वेलैमा नरोक्ने हो भने भविष्यमा थप गम्भीर संकट निम्तने निश्चित छ। साथै, आँखैअगाडि यो सब हुँदाहुँदै पनि स्थानीय प्रशासनको शंकास्पद मौनताप्रति पनि राज्यका निकायले छानबिन अघि बढाउन जरुरी छ।

आज राजमार्गवरपर हजारौँ क्रसर उद्योग देख्न सकिन्छ। तीमध्ये ७० प्रतिशत क्रसर अवैध रूपमा सञ्चालन भइरहेका छन्। अवैध क्रसरहरू राजनीतिक पहुँच भएकाहरूले सञ्चालन गरेका छन्, जसले वातावरणीय कानुन कार्यान्वयन गर्न कठिन बनाएको छ।

तराई मरुभूमि बन्यो भने पहाड र हिमालमा पनि यसको प्रभाव पर्छ। तराई सुक्खा भए पहाडको तापक्रम बढ्नेछ, हिउँ पग्लने दर बढ्नेछ र अन्ततः हाम्रो सभ्यतालाई नै संकटमा पार्न सक्छ। म कानुन अध्ययन गर्ने विद्यार्थी हुँ। जल, माटो, जंगलबारे मेरो कुनै औपचारिक डिग्री छैन, तर जीवनको लामो अनुभव छ। चुरे क्षेत्रमा भइरहेको आक्रमण समयमै नियन्त्रण हुन सकेन भने आउने दिनमा मधेश मरुभूमि बन्ने निश्चित छ।

**कानुनी तथा नीतिगत उपाय :** चुरे क्षेत्रमा भइरहेको ढुंगा, गिट्टी, बालुवाको अवैध उत्खननलाई पूर्ण रूपमा नियन्त्रण गर्नुपर्छ। यसका लागि कडा कानुन र कार्यान्वयन आवश्यक छ। स्थानीय प्रशासन र सुरक्षा निकायले यसमा सक्रिय भूमिका खेल्नुपर्छ।

**वन संरक्षण र वृक्षरोपण:** चुरे क्षेत्रको वन संरक्षणका लागि वन फँडानी रोक्नुपर्छ र वृक्षरोपणलाई प्रोत्साहन गर्नुपर्छ। स्थानीय समुदायलाई वन संरक्षणमा सहभागी गराउनुपर्छ।

**कानुन कार्यान्वयन:** चुरे संरक्षणसम्बन्धी कानुनलाई कडाइसाथ कार्यान्वयन गर्नुपर्छ। कानुन उल्लंघन गर्नेहरूलाई कडा कारबाही गर्नुपर्छ।

**निष्कर्ष :** चुरेको दोहनले हिमालको समेत सुन्दरता हराउन थालेको छ। हराभरा मधेश कुरूप बन्दै गएको छ। चुरे क्षेत्रको विनाशले नेपालका हरेक भौगोलिक क्षेत्रमा असर पर्ने निश्चित छ। हिमाल, पहाड र तराईको सन्तुलन जोगाउन चुरे संरक्षण अपरिहार्य छ। त्यसैले, यस क्षेत्रमा भइरहेको अनियन्त्रित दोहन तत्काल रोक्नुपर्छ।

चुरे संरक्षणका सवालमा मधेशका मात्रै होइन, देशैभरका नागरिकको स्वर एक हुनुपर्छ। नेपालको उन्नति, प्रगति र समृद्धि चुरे संरक्षणविना सम्भव छैन। त्यसैले सरकार, स्थानीय तह, वातावरणविद् र हिमाल, पहाड तथा तराईवासी सबै मिलेर यसलाई बचाउनुपर्छ। सबै मिलेर चुरे जोगाउने अभियानमा जुट्नुपर्ने समय आइसकेको छ। 'चुरे रहे पानी, पानी रहे हामी' भन्ने सन्देशलाई आत्मसात् गर्दै भविष्यका सन्ततिका लागि चुरे संरक्षण गर्नैपर्छ। सामाजिक, सांस्कृतिक, आर्थिक र वातावरणीय हिसाबले पनि चुरेलाई हिमाल, पहाड र तराईवासी सबै मिलेर बचाउनुपर्छ। चुरे रहे मधेश रहन्छ, सगरमाथामा हिउँ रहन्छ अनि हिउँ रहे नेपालीको पहिचान विश्वमाझ रहन्छ।

*(गुप्ता कानुनका विद्यार्थी हुन्)*




---

## ३ प्रश्न

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष **उपेन्द्र यादव**लाई



**भूमि विधेयकमा देखिएका मुख्य समस्या के-के हुन् ?**

भूमि विधेयक ल्याएको किन हो, त्यो नै प्रस्ट छैन। सुकुमवासी समस्या समाधान गर्ने यो विधेयक ल्याएको भए विद्यमान कानुन नै त्यसका लागि पर्याप्त छ। विगतमा पनि सुकुमवासीका नाममा जंगल फँडानी गरेर जग्गा वितरण गरिएकै हो। तर, त्यसबाट वास्तविक सुकुमवासीले जग्गा पाएका छैनन्, उनीहरू अझै सडकमै छन्। सुकुमवासीलाई जग्गा दिँदैमा समस्या समाधान हुने पनि होइन। उनीहरूलाई शिक्षा, रोजगारीचाहिँ दिनुपर्दैन ? फेरि सुकुमवासीलाई जग्गा दिन चुरियाकै फँडानी गर्नुपर्छ ? यो ऐन जारी भयो भने यसले चुरियाको फँडानीलाई वैधता दिनेछ। वन फँडानी गरी मधेशलाई मरुभूमि बनाएर भविष्यको पुस्तालाई मरुभूमि हस्तान्तरण गर्ने ? सुकुमवासी समस्या समाधान गर्न विधेयक ल्याइएको हो भने त्यसमा रियल स्टेट कम्पनीलाई जग्गा दिने विषय किन घुसाइयो ?

**भूमि विधेयकसँगै अन्य महत्त्वपूर्ण विधेयक पनि अलपत्र छन् नि ?**

विधेयक मात्र होइन, यतिखेर देशै अलपत्र छ। कुनचाहिँ क्षेत्र ढंगले चलेको छ र ? भूमाफियालाई फाइदा पुग्ने भूमि विधेयकबाहेक कुनै पनि विधेयक सरकारको प्राथमिकतामा छँदै छैन। शिक्षा, स्वास्थ्य, रोजगारीलगायत क्षेत्रमा लगानी गरी जनतालाई सेवा दिनुपर्ने विषयतर्फ सत्तामा हुनेहरूको ध्यान गएको छैन। कृषि क्षेत्रको विकासका लागि सिँचाइ, बिउबिजन, मलखादलगायतमा राज्यले लगानी बढाउनेतर्फ चासो दिएको छैन।

**सत्तारूढ दलहरू विधेयकका सम्बन्धमा किन गम्भीर नभएका होलान् ?**

सबैतिर भद्रगोल छ। हेर्दाहेर्दै देश कहाँ पुग्ने हो, जनताको अवस्था कस्तो हुने हो, कल्पना गर्दा पनि कहाली लागेर आउँछ। सत्ताबाहिर हुनेले जतिसुकै बोले पनि सत्तामा हुनेहरूले एउटा कानले सुनेर अर्कोले उडाइरहेका छन्। देशको अर्थतन्त्र चौपट भइरहेको छ। देश दिशाहीन बन्दै छ। सरकार भूमि ऐन ल्याएर भूमाफियालाई जंगलमा रजगज गर्न दिने ध्याउन्नमा छ।

---

प्रेरक प्रसंग

## 'लैजा तेरो नोकरी !'

नेता सुभाषचन्द्र बोस आइसिएस पास गरेपछि भारत फर्किए। उनी भारत फर्किएपछि एउटा जागिरको खोजीमा लागे। त्यहाँ उनले एउटा कम्पनीमा कर्मचारी चाहिएको जानकारी पाए। सो पदका लागि उनको शैक्षिक योग्यता पनि उपयुक्त थियो। त्यसैले उनी सो लिखित परीक्षामा सामेल भए। परीक्षाका लागि आवश्यक तयारी गरेर उनी परीक्षा सञ्चालन हुने दिन तोकिएको समयमै परीक्षा केन्द्रमा पुगे। परीक्षा सुरु भयो। परीक्षार्थीलाई प्रश्नपत्र वितरण गरियो। बडो उत्सुकताले उनले सर्सर्ती सो प्रश्नपत्र हेरे।



प्रश्नपत्र हेर्दै जाँदा एउटा प्रश्नमा पुगेपछि उनका आँखा टक्क रोकिए। सो प्रश्न देखेपछि उनका आँखा तिर्मिराए। त्यो प्रश्नपत्रमा अनुवादका लागि एउटा अंग्रेजी वाक्य दिइएको थियो, 'इन्डियन सोल्जर्स आर जनरल्ली डिसअनेस्ट' अर्थात् अभारतीय सैनिक सामान्यतया बेइमान हुन्छन्। परीक्षार्थीले यस वाक्यलाई आ-आफ्नो मातृभाषामा अनुवाद गर्नुपर्ने थियो।

सुभाषचन्द्रले यो प्रश्नको विरोध गरे। उनले निरीक्षकसँग भने, 'तपाईं यो प्रश्न तुरुन्त काटिहाल्नुस् र अर्को प्रश्न यसमा सामेल गर्नुस्।' उनको विरोध सुनेपछि निरीक्षकले भने, 'यो प्रश्न आवश्यक रूपरेखाअनुसार नै राखिएको हो। त्यसैले, यसलाई काट्न मिल्दैन। यदि तपाईंले यस प्रश्नको हल गर्न सक्नुभएन भने यति ठूलो नोकरी हात पार्ने मौका गुमाउनुहुनेछ,' निरीक्षकले बडो निरस भाकामा जवाफ दिए। निरीक्षकको यस्तो जवाफ सुनेर सुभाषचन्द्र रिसले चूर भए। उनले प्रश्नपत्र च्यात्दै भने, 'लैजा, यही होइन तेरो नोकरी ? आफ्नो मातृभूमिका मानिसको निन्दा र अपमान सहनुभन्दा भोकै मर्नु धेरै राम्रो हो। मलाई यस्तो नोकरी चाहिँदैन।' यति भन्दै उनी परीक्षा भवनबाट बाहिर निस्किए।

---

टिप्पणी
nayapatrikaofficial
@naya_patrika

## प्राधिकरण डुबाउने खेल


एकल अंकमा झरेको विद्युत् चुहावट फेरि पुग्यो १०.२६%
एक वर्षमा एक अर्ब ३६ करोड युनिट बिजुली 'लस' भएको विद्युत् प्राधिकरणको प्रारम्भिक तथ्यांक
चुहावट बढेको तथ्यांक सच्याउन हितेन्द्रको दबाब

नेपाली कांग्रेस र नेकपा एमाले मिलेर यो विद्युत् प्राधिकरण ध्वस्त पार्दै छन्। अनि, हाम्रो देशका जनताले भने यिनैलाई भोट दिएर यिनलाई नै आफ्नो शक्तिकेन्द्र मानेर देशलाई बर्बादीतिर धकेलिरहेका छन्। ०८४ मा पनि यिनैलाई जिताइयो भने देशको भविष्य अन्धकार बनाउने घुसखोर र भ्रष्टाचारी नेताहरूलाई पाप लाग्ने होइन, जनतालाई नै लाग्नेछ।

● **सुमन विन्दास ओली**, *नयाँ पत्रिका फेसबुकबाट*

एउटा बिग्रेको आलुले बोरामा हुँदा सबैलाई बिस्तारै कुहाउँछ भन्थे। त्यस्तै एउटा अयोग्य मान्छे संस्थामा आउँदा सबैतिर घाटैघाटा !

● **रूपक**, *नयाँ पत्रिका फेसबुकबाट*

प्राधिकरणलाई उकास्न हितेन्द्रदेव शाक्यलाई ल्याइएकै होइन, डुबाउन ल्याइएको हो भन्ने घामजत्तिकै छर्लंग छ।

● **पूर्ण लिम्बू**, *नयाँ पत्रिका फेसबुकबाट*

चोरी-निकासी गर्ने जोकोहीलाई तेरो या मेरो पार्टीको नभनी कडाभन्दा कडा कारबाही गरेमा चुवावट पनि न्यून भएर जान्छ। सरकारमा भयकाहरूले तेरो र मेरो पार्टीको भन्दै जोगाउन लागे भने घट्नुको सट्टा झन् चोरी बढ्छ।

● **रामचन्द्र श्रेष्ठ**, *नयाँ पत्रिका फेसबुकबाट*

एक वर्षमा सरकारको सफलता विद्युत् प्राधिकरणमा मात्रै अर्बौं छुट व्यापारीलाई, अर्बौं ऋण प्राधिकरणलाई भइरहेको छ। अझै वर्षायाममा लोडसेडिङ अनि अहिले विद्युत् चोरी ? वाह ! यस्तो पो विकास, अनि सरकारले नेपालीलाई समृद्धि दिने ?

● **कृष्ण ज्ञवाली**, *नयाँ पत्रिका फेसबुकबाट*

एमाले, कांग्रेस भ्रष्ट भएपछि यस्तै हो। देशलाई सच्चा माया गर्ने एउटा कर्मचारीमाथि गरिएको अभद्र व्यवहार नेपाली जनताले बुझ्न सक्नुपर्छ।

● **योञ्जन हेम**, *नयाँ पत्रिका फेसबुकबाट*

विद्युत् प्राधिकरण उकास्न शाक्य आएकै होइनन्, सर्वनाश गर्न आएका हुन्। नत्र राम्रो हुँदाहुँदै राम्रो गर्दागर्दैका कुलमानलाई हटाएर यिनलाई ल्याउनु भनेको यही गडबडी गर्न त हो। यही एउटा सरकारी संस्था थियो, जुन घाटाबाट फाइदामा आयो। त्यसलाई पनि देखिसकेनन्। जे छोयो, त्यो सकाएरै मात्र छोड्ने भए।

● **दीपक एसपी**, *नयाँ पत्रिका फेसबुकबाट*

## उपभोक्ता मारेर नाफा ?

तेलमा नाफा कमाएर जनताको प्रगति रोकेर हुन्छ ? सरकारसँग बुद्धि साँच्चै छ भने जनतालाई प्रगति गर्न देऊ र स्वदेशी उत्पादनबाट कर लेऊ। यो तरिकाले त नेपाली नागरिकले अर्को देश जान भारतीय बाटो प्रयोग गर्ने निश्चित छ।

● **कमलकान्त झा**, *नयाँ पत्रिका फेसबुकबाट*

हाम्रा उपभोक्ता संघ कुम्भकर्ण निद्रामा मस्त सुतिरहेका छन्। कृपया, कसैले तिनलाई नबिउँझाइदिनुहोला।

● **नीलेन्द्र प्याकुरेल**, *नयाँ पत्रिका फेसबुकबाट*

नाफा भएर के गर्ने, राम्रो काममा लगाउने होइन, सबै पैसा भ्रष्टाचार गरेरै सक्ने त हो क्यार !

● सन्तोष पौडेल, *नयाँ पत्रिका फेसबुकबाट*

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

---

# बिहारको 'एसआइआर': जनता छान्ने तन्त्र

## 'अवैध आप्रवासी'जस्ता चिन्ता प्रायः साम्प्रदायिक राजनीतिक भाष्य हुन्, जसलाई निर्वाचन आयोगले प्रतिकार गर्नुको साटो वैधानिकता दिइरहेको देखिन्छ



देश/विदेश

● मनीष तिवारी

**भा**रतीय निर्वाचन आयोगले बिहारमा सञ्चालन गरेको विशेष तीव्र पुनरावलोकन (एसआइआर) कार्यक्रम लोकतान्त्रिक वैधानिकताको आधारभूत सर्त सार्वभौम मताधिकारको योजनाबद्ध विघटन हो। प्रशासनिक शुद्धताको आवरणमा लुकाइएको नागरिक नाम कटौती वास्तवमै संविधानको गम्भीर उल्लंघन हो। यसप्रति केवल आलोचना होइन, बरु गहिरो कानुनी परीक्षण र विश्लेषण आवश्यक छ। संविधानको धारा ३२६ अनुसार भारतको निर्वाचन लोकतन्त्रको आधार हो। यो धाराको भाषा स्पष्ट र सीमित छ। 'निर्वाचन… वयस्क मताधिकारको आधारमा हुनेछ' भन्ने भनाइले प्रत्येक भारतीय नागरिक, जसको उमेर १८ वर्ष पुगेको छ र जसलाई संविधान वा प्रासंगिक कानुनअनुसार गैरभारतीय घोषित गरिएको छैन, उसले मतदाता सूचीमा नाम दर्ताको अधिकार पाउँछ। 'दर्ता गर्न पाउनेछ' भन्ने शब्दले यो अधिकारलाई अस्वीकार गर्न नसकिने संवैधानिक अधिकार बनाएको छ, जसमा अपात्रता प्रमाणित गर्ने दायित्व राज्यकै हुन्छ।

वास्तवमा अपात्रताका आधार निश्चित र सीमित छन् र प्रत्येक अपात्रताका लागि न्यायिक वा अर्ध-न्यायिक निर्णय आवश्यक हुन्छ। अन्य कुनै पनि निकायले नयाँ अपात्रताको मापदण्ड सिर्जना गर्न सक्दैन। तर, एसआइआरले यो संवैधानिक संरचना हटाएर मताधिकारलाई प्रशासकीय अनुमतिमा परिणत गरेको छ, अर्थात् दस्ताबेज खारेजीका नाममा नागरिकलाई दोषी सावित गराउन खोजिँदै छ। जनप्रतिनिधित्व ऐन, १९५० र मतदाता दर्ता नियमावली, १९६० ले संविधानको धारा ३२६ लाई कार्यान्वयन गर्छन्। यी कानुनले मतदाता सूची बनाउने प्रक्रिया तोक्छन्, तर अपात्रताको आधार विस्तार भने गर्न सक्दैनन्। ऐनको धारा १६ मा यिनै सीमित अपात्रता दोहोर्‍याइएको छ। तर, आयोगले एसआइआरमार्फत 'दस्ताबेज अपूर्णता' भन्ने नयाँ अपात्रता सिर्जना गरेको छ, जुन कार्यपालिकाको मनलाग्दी निर्णय हो।

धारा १९ अनुसार मतदाता दर्ता गर्न नागरिकता, उमेर र सामान्य बसोवास मात्र आवश्यक छ। धारा २० ले सामान्य बसोवास भन्नाले बस्नेको मनसाय र निरन्तरता बुझिन्छ, जसमा अस्थायी अनुपस्थितिले असर गर्दैन। यसले कुनै दस्ताबेजीय प्रमाण अनिवार्य बनाउँदैन, न त निर्वाचन अधिकृतलाई कागजात माग्ने अधिकार नै दिन्छ। धारा २१ को उपयोगबाट गरिने पुनरावलोकनले केवल अद्यावधिक गर्ने काम गर्छ, सर्वसाधारणको पुनः प्रमाणीकरण होइन। तर, अहिलेको प्रक्रिया भने जनतालाई दोषी मानेर सुरु हुन्छ र उनीहरूले आफ्नै नागरिकता वा मताधिकार प्रमाणित गर्नुपर्ने बनाइएको छ। यसले कानुनी पूर्वाधारलाई मात्र उल्लंघन गरेको छैन, बरु सम्पूर्ण लोकतान्त्रिक दर्शन र 'प्रमाण भार आरोप लगाउनेमाथि' भन्ने सिद्धान्तको अपमान गरेको छ।

मतदाता सूचीबाट नाम हटाउने प्रक्रिया नियम २१ए अन्तर्गत गरिनुपर्छ, जसमा निर्वाचन अधिकृत स्वयं सन्तुष्ट हुनुपर्छ। त्यसका लागि सूचना, छानबिन र सुनुवाइ आवश्यक हुन्छ। तर, एसआइआरले यो प्रक्रिया उल्ट्याएर मतदाताले नै आफ्नो नाम टिकाइराख्न प्रमाण दिनुपर्ने बनाइएको छ। अधिकृतहरूको 'सन्तुष्टि' कानुनी प्रमाण र सुनुवाइमार्फत होइन, कागजात नपुगेका आधारमा हुने भएको छ। बिहारमा मतदान अधिकृतले ११ कागजात मागिरहेका छन्, मानौँ सामन्ती शासकले कर उठाइरहेका छन्। यसरी कानुनी सुरक्षा उपायलाई जनतालाई अधिकारबाट वञ्चित गराउने हतियार बनाइएको छ।

विशेषतः आधारसम्बन्धी निर्णयमा देखिएको दोहोरो मापदण्ड आपत्तिजनक छ। जनप्रतिनिधित्व ऐनको धारा २३(४) अनुसार नयाँ आवेदनकर्ता वा पहिल्यै दर्ता भएकाको प्रमाणीकरण तथा दोहोरो दर्ता पत्ता लगाउन आधार माग्न सकिन्छ। तर, एसआइआरअन्तर्गत आयोगले आधारलाई नागरिकताको प्रमाणका रूपमा अस्वीकार गरिरहेको छ। सरकारले वर्षौंदेखि आधार लिंकेजलाई अनिवार्यजस्तै बनाएको थियो र सन् २०२१मा यसलाई निर्वाचन प्रमाणीकरणको वैध माध्यम मानेर कानुनमै समेटिएको थियो। तर, अहिले आयोगले यसलाई अपूरो प्रमाण भन्दै पन्छाएको छ।



चित्रः सौरव रोय

यो नागरिकप्रति गम्भीर धोखाधडी हो। राज्यको आग्रहमा आधार जोडेका नागरिकका लागि त्यो लिंकेज अब मताधिकार जोगाउन काम नलाग्ने भयो। नागरिकताको अन्य प्रमाण माग गर्नु कानुनको दायराबाहिरको विषय हो। यो प्रशासनिक अतिक्रमण वा राजनीतिक दबाबबाट जन्मिएको अवैध अभ्यास हो, जुन कानुनी रूपमा सुरुदेखि नै अमान्य ठहरिन्छ।

वर्तमान मतदाता सूची विधिसम्मत प्रक्रिया र अघिल्लो सारांश पुनरावलोकनपछि बनेको हो, जसले दर्ता गरिएकाहरूको कानुनी योग्यता पुष्टि गरिसकेको थियो। तर, एसआइआरले पुनः परीक्षण गर्दा यो निश्चितता तोड्न खोजेको छ, जसले आयोगका अघिल्ला प्रक्रिया अपूरा वा अवैध थिए भन्ने जनाउँछ। यदि पहिले प्रमाणीकरण भएको थियो भने अहिले दोहोर्‍याउनु आवश्यक छैन, नभएको हो भने विगतका निर्वाचनको वैधतामाथि प्रश्न उठ्छ। यसले मतदाता सूचीलाई स्थायी अस्थिरता र अविश्वासको चक्रमा पुर्‍याउनेछ। कागजात खोजीको यो अभ्यासले लोकतन्त्रका सबैभन्दा संवेदनशील तर महत्त्वपूर्ण आवाज रहेका गरिब, आप्रवासी, अशिक्षित, विस्थापित, महिला र अल्पसंख्यकलाई असमान ढंगले असर पार्छ।

'शंकास्पद मतदाता' र 'अवैध आप्रवासी' भन्ने चिन्ता प्रायः साम्प्रदायिक राजनीतिक भाष्य हुन्, जसलाई निर्वाचन आयोगले प्रतिकार गर्नुको साटो वैधानिकता दिइरहेको देखिन्छ। निर्वाचन शुद्धीकरणका नाममा एसआइआर अभियान जनसंख्यात्मक हेरफेरको औजार बन्दै छ। यसले आयोगलाई मनलाग्दी रूपमा मतदाता सूची मेट्ने अधिकार दिन सक्छ, जहाँ जनताले सरकार बनाउने होइन, सरकारले जनता छान्ने प्रणाली स्थापित हुनेछ। मौन बस्नु भनेको सार्वभौम वयस्क मताधिकारको क्रमिक हत्यामा सहमति जनाउनु हो। मताधिकार लोकतन्त्रको आत्मा हो, कागजातको आधारमा खोसिने प्रशासनिक सुविधा होइन।

*(तिवारी भारतीय राष्ट्रिय कंग्रेसका नेता एवं अधिवक्ता हुन्)*
*द न्यु इन्डियन एक्सप्रेसबाट*

# सम्प्रदायिक हिंसाको चपेटामा सिरिया

## हालैका दुई साम्प्रदायिक हिंसाले सिरियाली सरकार र उसका टर्किस समर्थकको खतरनाक र संकीर्ण दृष्टिकोण प्रतिबिम्बित गर्छ

डिसेम्बर २०२४ मा बसर अल-असदको शासनको पतनपछि टर्कीले सिरियामा 'सुन्नीकरण'को उद्देश्य पछ्याइरहेको देखिन्छ। सिरियालाई लिएर टर्कीका राष्ट्रपति रिसेप तयिप एर्दोगानले व्यक्त गरेका बयानबाजीमाथि ध्यान दिने हो भने उनले कतै पनि सबै समुदायको हकको रक्षा हुने समावेशी सिरियालाई प्रोत्साहन गरेका छैनन्। पूर्वजिहादी अहमद अल-सारा नेतृत्वको वर्तमान सरकारको नीतिमा पनि एर्दोगानकै दृष्टिकोणको झल्को देखिन्छ। सिरियाली अन्तरिम सरकारले सिरियाका लागि सुन्नी इस्लामको संकीर्ण, बहिष्करणपूर्ण व्याख्यामा आधारित भविष्य देखेको छ। यो दृष्टिकोण व्यावहारिक रूपमा पछिल्लोपटक सिरियाको सुवेदा क्षेत्रमा सिरियाली ड्रुज अल्पसंख्यकविरुद्ध सुन्नीहरूले मच्चाएको अत्याचारमा देखियो।



● सिनान सिद्दी
सिनान सिद्दी वासिंटन डिसीस्थित 'फाउन्डेसन फर डिफेन्स अफ डेमोक्रेसिज (एफडिडी)'का वरिष्ठ फेलो हुन्।

सुवेदा क्षेत्रमा सुरुमा सुन्नी घुमन्ते मिलिसिया समूहले ड्रुज मिलिसिया र नागरिकविरुद्ध आक्रमण गरे। सामाजिक सञ्जालमा फैलिएका तस्बिरमा बिच सडकमा पुरुष कुटिएका, घरलाई निसाना बनाइएको र सुन्नी मान्यताप्रति सहमति जनाउने गरी जबर्जस्ती खौरिएका व्यक्तिहरू देखिन्छन्। सुन्नी मिलिसियाको कारबाहीपछि ड्रुज मिलिसियाले अलग हिंसात्मक प्रतिशोध चलाए।

यस साम्प्रदायिक हिंसापछाडिको तर्क सरल छः आक्रमणकारी सुन्नीहरूले आफ्नो कदमलाई जिहादको एक रूपमा हेरेको देखिन्छन्। त्यसैले तिनले फरक विचार राख्नेहरूको सम्पत्ति, घरजग्गा, र सम्भव भएमा तिनको विश्वासमाथि नै धावा बोल्ने अधिकार भएको ठानेका छन्। यस हिंसात्मक विचारधाराले केवल ड्रुजहरूलाई मात्र लक्षित गर्दैन। सिरियाको नयाँ शासन-व्यवस्थाका नयाँ नेतृत्व, कर्मचारी तथा सुरक्षा निकायभित्र घुसाइएका जिहादी तत्त्वले देशका अल्पसंख्यक समुदाय कुर्द, अलाविट र इसाईहरूप्रति पनि उस्तै विचार राखेको देखिन्छ।

सुवेदा क्षेत्रमा दुई धार्मिक समूहबिच हिंसा भड्किएपछि अल-सारा नेतृत्व सरकारले 'शान्ति व्यवस्था पुनर्स्थापित गर्न' भन्दै नवगठित सुरक्षा बल पठाएको थियो। तर, ती सुरक्षा बलले शान्ति कायम गर्न निष्पक्ष भूमिका खेलेको तथ्यले देखाउँदैन। पछिल्लो समय सिरियाली सेनामा कैयौँ जिहादीलाई समाहित गरिएको छ। तिनको बफादारी सिरियाली समाजमा सुव्यवस्था कायम गर्नेभन्दा पनि आफ्नो साम्प्रदायिक उद्देश्य हासिल गर्ने देखिन्छ।

अल-साराको सरकारले अल्पसंख्यक समुदायको सुरक्षा गर्न असफल भएको यो पहिलोपटक होइन। यसै वर्षको फेब्रुअरी र अप्रिलमा, राष्ट्रिय सेनाले अलाविट समुदायका नागरिकको सामूहिक हत्या गरे। त्यस क्रममा सयौँको मृत्यु भयो। विश्लेषकहरूले बारम्बार अल-सारालाई विश्वास नगर्न चेतावनी दिएका छन्। विशेषतः उनको सरकारले राष्ट्रिय सेनाभित्र विभिन्न मिलिसिया समूहलाई समायोजन गर्ने क्रममा जिहादी गुटलाई संयमित बनाउन असफल भएको देखिन्छ। त्यसैले ती समूह समाजमा समावेशी रूपमा शासन गर्नेभन्दा अल्पसंख्यकको दमन गर्ने वैचारिक प्रतिबद्धताबाट प्रेरित देखिन्छन्।



सिरियालाई खासमा बहुलवादी र स्थिर राज्य निर्माण गर्न प्रतिबद्ध अन्तर्राष्ट्रिय रूपमा समर्थित संक्रमणकालीन सरकार आवश्यक छ। अमेरिका र युरोपले अन्तर्राष्ट्रिय संस्था र क्षेत्रीय साझेदारसँग सहकार्य गरेर दमास्कसको भावी शासकीय रूपरेखा निर्माण गर्न दबाब दिनुपर्छ, जुन सिरियाली अल्पसंख्यक समुदायको सुरक्षाप्रति प्रतिबद्ध हुनुपर्छ।

सुवेदाको साम्प्रदायिक हिंसाले सिरियाली कुर्दहरूले साराको 'राज्यनिर्माण' परियोजनामा एकीकरण हुन किन अस्वीकार गरे भन्ने स्पष्ट पार्छ। अल-सारासँग विविधताको सम्मान हुने सिरिया निर्माण क्षमता वा इच्छाशक्ति नभएको उनीहरू मान्छन्। मार्च २०२५ मा, सिरियन डेमोक्रेटिक फोर्सेस (एसडिएफ)का कमान्डर मजलौम अदीले आफ्नो समूहलाई नयाँ सिरियाली सेनामा विलय गर्ने विवादास्पद सम्झौतामा हस्ताक्षर गरे। तर, जुलाईसम्म आइपुग्दा सो सम्झौता कार्यान्वयनमा गरेको छैन। टर्कीका लागि अमेरिकी राजदूत र सिरियाका लागि विशेष दूत टम बाराकले यस ढिलाइप्रति असन्तुष्टि जनाउँदै एकीकरणमा एसडिएफले देखाएको हिचकिचाहटको सार्वजनिक आलोचना गरे।

कुनै समय आइएसविरुद्धको युद्धमा संयुक्त राज्य अमेरिकासँग साझेदारी गरेको एसडिएफबारे टिप्पणी गर्दै बाराकले भने, 'आइएसविरुद्ध उनीहरू हाम्रो साझेदार भएकाले हामी उनीहरूप्रति ऋणी छौँ भन्ने एउटा बलियो भावना छ। प्रश्न, हामीहरू तिनलाई के दिन ऋणी छौँ भन्ने हो। हामी तिनीहरूलाई आफ्नै सरकारबाट अलग अर्को स्वतन्त्र सरकार बनाउने क्षमता दिने गरी स्वतन्त्र छैनौँ,' बाराकले भने। बाराकका कुटिल कथनले अल-साराको शासनप्रति वासिङटनको बलियो समर्थनलाई संकेत गर्छ।

एसडिएफको सिरियाली राष्ट्रिय सेनाको विलयले सिरियाली कुर्दहरूमाथि नै अस्तित्वगत खतरा निम्त्याउन सक्छ। हतियारहरू आत्मसमर्पण, उत्तरपूर्वी सिरियामा कुर्दिस स्वशासन त्याग्दा कुर्दहरूले पनि सुवेदाका ड्रुजहरूले जस्तै जिहादी हिंसाको जोखिम भोग्न सक्छन्। तिनकै शंकालाई प्रमाणित गरेसँगै मार्चमा अब्दीसँग सम्झौता भएको केही समयपछि नै अल-साराले सिरियालाई 'अरब' गणतन्त्रको रूपमा घोषणा गर्ने संविधानको मस्यौदा अनावरण गरे। यस घोषणाले कुर्दिस पहिचान वा स्वायत्ततालाई मान्यता दिन अस्वीकार गर्ने संकेत गऱ्यो।

इजरायलले दमास्कसस्थित सिरियाली रक्षा मन्त्रालयमा हवाई आक्रमण गरेपछि ड्रुजविरुद्धको साम्प्रदायिक आक्रमण केही रोकिएको थियो। लगतै अल-सारा र एर्दोगानले इजरायललाई 'कानुनहीन, अनियन्त्रित, सिद्धान्तहीन, बिग्रेको, लोभी आतंकवादी राज्य' भएको आरोप लगाए। टर्कीको रक्षा मन्त्रालयले त्यस समय करिब धम्कीको भाषामा घोषणा गऱ्यो, 'यदि सिरियाली अधिकारीहरूले हामीसँग सहयोगको अनुरोध गरे भने, हामी उनीहरूलाई आवश्यक सबै सहयोग प्रदान गर्नेछौँ।'

अंकाराले यसअघि नै एफडिएफलाई 'सिरियाको अशान्तिको फाइदा नउठाउन' चेतावनी दिइसकेको छ। पछिल्ला घटनाक्रमले अल-साराले दाबी गरेको एकता कति कमजोर रहेको देखाउँछ। तर, यसबारेमा कतिपयले सुरुदेखि नै अनुमान गरेका थिए। पूर्वजिहादीहरूले दमन र धर्म परिवर्तनको आफ्नो विचारधारा त्याग्लान् भनेर अपेक्षा गर्नु नै मूर्खतापूर्ण थियो। अमेरिकाले हतारमा यस पूर्वजिहादीहरू नेतृत्वको शासनमाथिको प्रतिबन्ध हटाउने निर्णय गरेर गलत गऱ्यो। अहिले अमेरिकाले सिरियालाई सफलताको कथाको रूपमा प्रस्तुत गर्ने अर्को गल्ती गर्दै छ।

अल कायदा र आइएससँग सम्बन्धित जिहादी मिलिसियाको हातबाट असदको पतनले युद्धग्रस्त सिरियाली जनतालाई कहिल्यै उज्ज्वल भविष्य ल्याउनेछैन। सिरियालाई खासमा बहुलवादी र स्थिर राज्यनिर्माण गर्न प्रतिबद्ध अन्तर्राष्ट्रिय रूपमा समर्थित संक्रमणकालीन सरकारको आवश्यकता छ। संयुक्तराज्य अमेरिका र युरोपले अन्तर्राष्ट्रिय संस्था र क्षेत्रीय साझेदारसँग सहकार्य गरेर दमास्कसको भावी शासकीय रूपरेखा निर्माण गर्न दबाब दिनुपर्छ, जुन सिरियाली अल्पसंख्यक समुदायको सुरक्षाप्रति प्रतिबद्ध हुनुपर्छ।

*- नेसनल इन्ट्रेस्टबाट*

## इतिहासमा आज
अगस्ट ३



**सन् १९१४** : पहिलो विश्वयुद्धअन्तर्गत जर्मनीले फ्रान्सविरुद्ध युद्ध घोषणा गऱ्यो। विश्वयुद्ध सुरुभएको पाँच दिनपछि जर्मनीले फ्रान्सविरुद्ध युद्ध घोषणा गरेको हो।

- **सन् १४९२** : क्रिस्टोफर कोलम्बसले स्पेनबाट उनको ऐतिहासिक पहिलो समुद्र यात्रा सुरु गरे। यस यात्राले युरोपेलीलाई अमेरिकी महादेश जाने समुद्री बाटो पत्ता लगाउन सघाएको थियो।
- **सन् १८८२** : देशमा चिनियाँ आप्रवासीको संख्या बढेको भन्दै अमेरिकी संसद्ले एक आप्रवासी विधेयक पास गर्दै दश वर्ष चिनियाँ नागरिकको आवागमनलाई प्रतिबन्ध लगायो।
- **सन् १९११** : इटलीले त्रिपोली क्षेत्रमा टर्किस फौजको निगरानीमा हवाईजहाज उडाएर विश्वमा पहिलोपटक हवाईजहाजलाई सैन्य प्रयोजनका लागि प्रयोग गऱ्यो।
- **सन् १९४५** : दोस्रो विश्वयुद्धका क्रममा अमेरिकी जनरल जोसेफ स्टिलवेलको नेतृत्वमा चिनियाँ फौजले म्यानमारको सहर मिटकिइनालाई जापानी नियन्त्रणबाट खोस्न सफल भयो। त्यसवेलाको चिनियाँ राष्ट्रवादी सरकार र अमेरिका एउटै मोर्चामा जापानविरुद्ध लडिरहेका थिए।
- **सन् १९५८** : विश्वको पहिलो आणविक इन्धनबाट चल्ने पनडुब्बी 'युएसएस नोटिलस'ले उत्तरी ध्रुवमुनिको समुद्र पार गऱ्यो।
- **सन् १९६७** : तत्कालीन अमेरिकी राष्ट्रपति लिन्डन बी जोन्सनले भियतनाममा जारी अमेरिकी सैन्य अभियानलाई थप तीव्र बनाउन ४५ हजार थप फौज पठाउने घोषणा गरे।
- **सन् १९९०** : इराकले कुवेतमा आक्रमण गरेको सन्दर्भमा अमेरिकाले आफ्नो नौसेनालाई पर्सियन खाडीमा तैनाथ गऱ्यो।

# म्यानमारमा हट्यो संकटकाल

**नेपिद**/ म्यानमारको सैन्य सरकारले नागरिक सरकारलाई अपदस्थ गरेको साढे चार वर्षपछि देशमा लागेको संकटकाल अन्त्य भएको घोषणा गरेको छ। छिटै हुन लागेको चुनावको तयारीका लागि यो घोषणा गरिएको उसले बताएको छ। तथापि, अधिकांश विपक्षी दलले भने चुनाव बहिष्कार गर्ने बताइसकेको अवस्थामा अनुगमनकर्ताले आगामी चुनावले सैन्य नेता मिन आङ ह्लाइङको नेतृत्वमा सेनाको सत्तामाथि पकड थप सुदृढ गर्न सक्ने चेतावनी दिएका छन्। 'बहुदलीय लोकतन्त्रको बाटोमा अघि बढ्नका लागि चुनाव गराउन आज संकटकाल अन्त्य गरिएको छ। अब देशमा ६ महिनाभित्रै चुनाव हुनेछ,' सैन्य सरकारका प्रवक्ता ज मिन तुनले बिहीबार पत्रकारसँग एक अडियो सन्देश जारी गर्दै भने। ६ महिनाभित्र चुनाव गर्ने भनिए पनि कुनै निश्चित मिति भने साझा गरिएको छैन।

जनरल मिन आङ ह्लाइङले हस्ताक्षर गरेको आदेशले फेब्रुअरी २०२१ मा नागरिक सरकारविरुद्ध कुपछि सेना प्रमुख (ह्लाइङ)को हातमा आएको शक्ति अब राज्य प्रमुखको हातमा फर्किएको बताएको छ। 'हामीले पहिलो अध्याय पार गरेकाले अब हामी दोस्रो अध्याय सुरु गर्दै छौँ,' सरकारी स्वामित्वमा रहेको पत्रिका 'द ग्लोबल न्यु लाइट अफ म्यानमार'ले मिन आङ ह्लाइङलाई उद्धृत गर्दै भनेको छ। बिहीबार सरकारी टेलिभिजन 'एमआरटिभी'ले जनरल ह्लाइङले चुनावको पर्यवेक्षण गर्ने ११ सदस्यीय आयोगको नेतृत्व गर्ने समाचार प्रसारण गरेको थियो। मिन आङ ह्लाइङले हालै चुनावलाई द्वन्द्वबाट बच्ने उपायको रूपमा प्रस्तुत गरिरहेका छन्।

# ट्रम्पको चेतावनीपछि पनि भारतले खरिद गर्न छाडेन रुसी तेल

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसी ऊर्जा खरिदका लागि भारतको आलोचना गरे पनि नयाँदिल्लीले रुसी तेलको खरिद घटाउनेभन्दा बढाउने सम्भावना छ

अमेरिकाको बढ्दो दबाबका बाबजुद पनि भारतले रुसबाट तेल खरिदलाई निरन्तरता दिएको छ। पछिल्लो समय रुसी तेलको छुट थप बढेसँगै 'इन्डियन आयल कर्पोरेसन लिमिटेड (आइओसी)', 'भारत पेट्रोलियम कर्पोरेसन लिमिटेड (बिपिसिएल)' र 'हिन्दुस्तान पेट्रोलियम कर्पोरेसन लिमिटेड (एचपिसिएल)'जस्ता भारतीय सरकारको स्वामित्वमा रहेका रिफाइनरले रुसी तेलको खरिद जारी राखेका छन्।

हिन्दुस्तान टाइम्स (एचटी) मिडियाको व्यावसायिक तथा वित्तीय समाचार केन्द्रित प्रकाशन 'मिन्ट'ले दुई जानकार व्यक्तिलाई उद्धृत गर्दै लेखेअनुसार पछिल्लो समय 'स्पट डिल'का लागि समेत रुसी आपूर्तिकर्तासँग वार्ता सुरु भएको छ। पछिल्लो केही दिनभित्रै भारतीय रिफाइनरले पहिलेभन्दा धेरै छुटमा रुसी तेलले भरिएका दुई कार्गो जहाज खरिद गरेका उक्त समाचार संस्थाले जनाएको छ।

'अहिले रुसी तेल आपूर्तिका लागि ओएमसी अर्थात् तेल मार्केटिङ कम्पनी वार्तामा संलग्न छन्। रुसी तेल खरिद कम गर्ने वा रोक्ने सम्बन्धमा कुनै निर्णय भएको छैन। विश्वव्यापी रूपमै तेलको मूल्य घटेकाले पछिल्लो समय रुसी तेल आपूर्ति घटेको भए पनि रुसबाट तेल आयात पूरै रोक्ने सम्भावना अहिले देखिँदैन,' मिन्टले अगाडि लेखेको छ।

उक्त संस्थाका अनुसार रुसी आपूर्तिकर्ताले पछिल्लो दुई-तीन कार्गो तेलको मूल्यमा प्रतिब्यारेल तीन डलरसम्मको छुट दिएका छन्। यसअघिका खरिदमा करिब १.७ डलर छुट दिइएको थियो। बढ्दो छुटबिच अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले रुसी ऊर्जा खरिदका लागि भारतको निन्दा गरे पनि भारतले गर्ने रुसी तेलको खरिद थप बढ्ने सम्भावना देखिएको छ।

अहिले भारतले रुसी तेलमा पाइरहेको छुट सन् २०२२ को सुरुवाती दिनमा पाएको छुटका तुलनामा धेरै कम हो। सन् २०२२ मा सबैभन्दा धेरै छुट पाएको समयमा भारतले रुसी तेलमा प्रतिब्यारेल लगभग ३० डलरसम्म छुट पाएको थियो। तर, अहिले आएर छुट रकम एकल अंकमा संकुचित भएको छ।

जुलाई ३० मा राष्ट्रपति ट्रम्पले अगस्ट ७ देखि अमेरिका भित्रिने भारतीय सामानमा २५ प्रतिशत भन्सार कर लाग्ने घोषणा गरेका थिए। साथै भारतले रुसबाट गर्ने ऊर्जा र रक्षा खरिदका लागि थप जरिवानासमेत लगाउने घोषणा गरेका छन्।

यसैबिच, अमेरिकी मिडिया 'ब्लुमबर्ग'ले रुसी कच्चा तेलले भरिएका कम्तीमा चारवटा तेल ट्यांकर भारतको पश्चिमी तटनजिक देखिएको समाचार छापेको छ। पानीजहाजमाथि निगरानीकर्तालाई उल्लेख गर्दै ब्लुमबर्गले लेखेको अनुसार 'द अकिलिज' र 'द एलाइट' नामक ती जहाज हाल जामनगरनजिक देखिएका छन्।

जुनको अन्त्यमा रुसको मानक 'युराल्स' कच्चा तेल लोड गरिने क्षेत्र 'प्रिमोर्स्क' र 'उस्ट लुगा'बाट तेल लोड गरेर हिँडेका ती जहाजको अगस्ट २ र ३ मा जामनगर जिल्लाको सिक्कामा तेल ओराल्ने समयतालिका रहेको ब्लुमबर्गको समाचारमा उल्लेख छ। ती दुबै ट्यांकरमाथि युरोपेली संघ र बेलायतको प्रतिबन्ध लागेको छ।

द अकिलिज र द एलाइट दुवै 'एफ्रामेक्स' श्रेणीका तेल ट्यांकर हुन्। 'एभरेज फ्राइट रेट एसेसमेन्ट (एफ्रा)' को संक्षिप्त रूपबाट नाम रहेका यी जहाज श्रेणीले लगभग सात लाख ब्यारेल तेल बोक्न सक्छ। ब्लुमबर्गको रिपोर्टअनुसार सिक्का बन्दरगाहको प्रयोग 'रिलायन्स इन्डस्ट्रिज लिमिटेड' र 'भारत पेट्रोलियम कर्पोरेसन लिमिटेड' दुवैले गर्ने गरेका छन्।

जहाज ट्र्याकिङसम्बन्धी तथ्यांकले 'देस्तान' र 'हराई' नामक अन्य दुई ट्यांकर पनि जुन २४ देखि जुलाई १ तिर रुसबाट युराल्स कच्चा तेलको कार्गो उठाएपछि भारततर्फ हिँडेको देखाउँछ। बेलायतद्वारा र युरोपेली संघ दुवैले प्रतिबन्ध लगाएका देस्तान आगामी केही दिनभित्रै जामनगर जिल्लामा रहेको सिक्का बन्दरगाह पुग्ने अपेक्षा रहेको ब्लुमबर्गले लेखेको छ।

- द वायरबाट



भारतको गुवाहाटीमा रहेको तेल प्रशोधन केन्द्र। भारतले एकतिहाइभन्दा बढी तेल रुसबाट आयात गर्छ। तस्बिर : एएफपी

## शुल्क वृद्धिपछि स्वदेशी उत्पादनमा मोदीको जोड

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले स्वदेशमा निर्मित उत्पादनमा जोड दिएका छन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतीय निर्यातमा २५ प्रतिशत भन्सार शुल्क र अनिर्दिष्ट जरिवाना लगाउने घोषणा गरेको केही दिनपछि प्रधानमन्त्री मोदीले स्वदेशी उत्पादनलाई जोड दिएका हुन्। उनले विश्व अर्थतन्त्र अनिश्चितताको अवधिबाट गुज्रिरहेको बताएका छन्। शनिबार आफ्नो निर्वाचन क्षेत्र वाराणसीमा एक ऱ्यालीलाई सम्बोधन गर्दै प्रधानमन्त्री मोदीले भारतले आफ्नो आर्थिक प्राथमिकतामा ध्यान केन्द्रित गर्नुपर्ने र नागरिकले स्वदेशी वस्तु तथा सामग्री किन्न संकल्प गर्नुपर्ने बताए।

'आज विश्व अर्थतन्त्र धेरै उतारचढावबाट गुज्रिरहेको छ। अनिश्चितताको वातावरण छ। यस्तो अवस्थामा प्रत्येक देशले आफ्नो स्वार्थमा ध्यान केन्द्रित गरिरहेको छ। भारत पनि विश्वको तेस्रो ठुलो अर्थतन्त्र बन्न गइरहेको छ। त्यसैले हामी आफ्नो आर्थिक हितप्रति सचेत हुनुपर्छ। हाम्रा किसान, उद्योगहरू, युवाहरूका लागि रोजगारी हाम्रा लागि सर्वोपरि छन्। सरकारले यस दिशामा हरसम्भव प्रयास गरिरहेको छ,' प्रधानमन्त्रीले भने।

'तर, देशका नागरिकको रूपमा हाम्रा पनि केही जिम्मेवारी छन्। यो कुरा मोदीले मात्र होइन, सबैले भनिरहनुपर्छ। भारतलाई विश्वको तेस्रो ठुलो अर्थतन्त्र बनाउन चाहने जोकोहीले, कुनै पनि राजनीतिक दलले, कुनै पनि नेताले, देशको हितमा बोल्नुपर्छ र मानिसलाई स्वदेशी वस्तु किन्न संकल्प गर्न आवश्यक छ भनेर उत्प्रेरित गर्नुपर्छ,' मोदीले अगाडि भने, 'भारतका जनताले भारतीय सीप प्रयोग गरेर उत्पादन गरेको चिज स्वदेशी हो।'

यसअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारतबाट अमेरिका आयात हुने सबै सामानमाथि २५ प्रतिशत भन्सार कर लाग्ने घोषणा गरेका थिए। ट्रम्पले उक्त भन्सार दर घोषणा गर्ने क्रममा भारत छिर्ने अमेरिकी सामानले विभिन्न अवरोध सामना गर्नुपरेको तथ्यको आलोचना गरेका थिए। साथै उनले भारतले गर्दै आएको रुसी तेल र सैन्य उपकरणको खरिदको समेत आलोचना गरेका थिए। यस कदमका लागि भारतमाथि थप 'जरिवाना' लगाउनेसमेत उनले धम्की दिएका छन्। *(एडिटिभीबाट)*

# ६ निर्माण कम्पनी कालोसूचीमा राख्न कोशीको सिफारिस

**कोशी सरकारको सिफारिसमा विशाल होम निर्माण सेवा, सप्तकोशी जलाधार कम्पनी, पी एन्ड डी शेर्पा कन्स्ट्रक्सन, वर्ल्ड ट्रेड कन्स्ट्रक्सन, गाउँबेँसी कन्स्ट्रक्सन र नागार्जुन–नीलगिरि जेभीलाई कालोसूचीमा राख्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतको सार्वजनिक खरिद अनुगमन कार्यालयले अघि बढायो प्रक्रिया**



विराटनगरमा **गणेश लम्साल**

ढिलासुस्ती र गुणस्तरहीन काम गर्ने ६ निर्माण कम्पनीलाई कोशीको भौतिक पूर्वाधार विकास मन्त्रालयले कालोसूचीमा राखेर कारबाही गर्न संघीय सरकारलाई सिफारिस गरेको छ। सिफारिस गरिएकामध्ये उदयपुरको विशाल होम निर्माण सेवा र काठमाडौंको सप्तकोशी जलाधार कम्पनी यसअघि नै कालोसूचीमा छन्।

अन्य चार कम्पनी झापाको वर्ल्ड ट्रेड कन्स्ट्रक्सन तथा काठमाडौंका पी एन्ड डी शेर्पा कन्स्ट्रक्सन, गाउँबेँसी कन्स्ट्रक्सन र नागार्जुन-नीलगिरि जेभीलाई कालोसूचीमा राख्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतको सार्वजनिक खरिद अनुगमन कार्यालयले प्रक्रिया अघि बढाएको छ।

ठेक्का सम्झौता गरेर समयमा काम नगर्ने र गुणस्तरहीन काम गर्नेलाई क्रमशः कालोसूचीमा राखेर कारबाही प्रक्रिया अगाडि बढाउँदै लैजाने कोशीका भौतिक पूर्वाधारमन्त्री भूपेन्द्र राईले बताए। कोशीमा निर्माण व्यवसायीले ठेक्का सम्झौता गरेर पनि समयमा काम नगरेका कारण १५ वटा आयोजना अलपत्र छन्।

### ■ मनमौजी गर्ने कार्यालय प्रमुख र प्राविधिक पनि कारबाहीमा

राजनीतिक दबाबको प्रभावमा मनमौजी काम गर्दै आएका कार्यालय प्रमुख र प्राविधिक पनि कारबाहीमा पर्ने मन्त्री राईले बताए। उनले ऐन-नियमलाई चुनौती दिँदै आफूखुसी काम गर्ने निर्माण कम्पनी मात्र नभएर कार्यालयलाई समेत कारबाहीको चेतावनी दिन थालेका हुन्। राजनीतिक दबाब र प्रभावका भरमा कार्यालय प्रमुखहरूले निर्माण कम्पनीहरूको सेटिङमा योजनालाई ऐन-नियममा नै नभएको क्रमागत योजना भन्दै बर्सेनि बजेट विनियोजन गराएर आफूखुसी काम गर्दै आएकोमा मन्त्री राईले एक वर्ष गरेको कामको अर्को वर्ष निकासा लिनेदिने काममा रोक लगाइदिएका छन्। जसले गर्दा निर्माण व्यवसायीले करिब ३० करोडभन्दा बढीको भुक्तानी पाउन सकेका छैनन्।

निर्माण सम्पन्न भइसकेको कामको भुक्तानी नहुने भएपछि मोरङ, सुनसरी, झापा र इलामलगायत जिल्लाका निर्माण व्यवसायीले राजनीतिक दबाब बढाउन थालेका छन्। मन्त्रालयका अनुसार कोशीमा एक वर्षमा ११३.८९ किलोमिटर सडक कालोपत्रे भएको छ भने १७५.४९ किलोमिटर सडक ग्राभेल गरिएको छ। यसैगरी, १७८.७६ किलोमिटर कच्ची सडक निर्माण भएको छ भने १६.७१ किलोमिटर आरसिसी-पिसिसी ढलान भएको छ। साथै, ४७.९६ किलोमिटर सडकको नयाँ ट्र्याक खोल्ने काम भएको छ भने ४९.४ किलोमिटर सडक मर्मत भएको छ।

## ■ विवादमा वैदेशिक रोजगार बिमा पुल

# तोकिएको अनुपातमा व्यवसाय बाँडफाँट गर्न चार बिमा कम्पनीको आनाकानी

### म्यादी जीवन बिमाको व्यवसाय र दायित्व तोकिएको अनुपातमा १५ कम्पनीले बाँड्नुपर्ने व्यवस्था, तर चार कम्पनीले टेरेनन्

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

चार जीवन बिमा कम्पनीले वैदेशिक रोजगार म्यादी जीवन बिमाको व्यवसाय बाँडफाँट गर्न अटेर गरेका छन्। नेपाल बिमा प्राधिकरणले कम्पनीहरूलाई तोकिएको अनुपातमा व्यवसाय बाँड्ने गरी म्यादी जीवन बिमा सञ्चालनका लागि सामूहिक बिमा कोष (पुल)को व्यवस्था गरेको थियो। तर, सोही व्यवस्थाअनुसारको व्यवसाय बाँड्न चार कम्पनीले आनाकानी गरेका हुन्।

सरकारबाट निर्देशित तथा अनिवार्य गरिएको म्यादी बिमालाई १ साउन ०८१ देखि नै लागू हुने गरी सामूहिक बिमा कोष (पुल)मार्फत सञ्चालन गर्ने गरी प्राधिकरणले गत भदौमा निर्देशन जारी गरेको थियो। पुलमा आबद्ध कम्पनीलाई तोकिएको अनुपातमा व्यवसाय बाँड्ने व्यवस्था गरिएको थियो। तर, सन नेपाल लाइफ इन्स्योरेन्स, नेसनल लाइफ इन्स्योरेन्स, एसियन लाइफ इन्स्योरेन्स र नेपाल लाइफ इन्स्योरेन्सले उक्त व्यवस्थाको अवज्ञा गर्दै व्यवसाय बाँड्न आनाकानी गरेका हुन्।

सुरुमा उक्त कोष नेपालमा सञ्चालनमा रहेका पुनर्बिमा कम्पनीहरूले संयुक्त रूपमा सञ्चालन गर्ने व्यवस्था थियो। हाल नेपालमा सरकारी स्वामित्वको नेपाल रि-इन्स्योरेन्स र निजी क्षेत्रको हिमालयन रि-इन्स्योरेन्स गरेर दुई पुनर्बिमा कम्पनी छन्। तर, यिनीहरूले संयुक्त रूपमा कोष सञ्चालन गर्न सकेनन्। त्यसपछि प्राधिकरणले गत ५ वैशाखमा निर्देशन संशोधन गर्दै प्रत्येक पुनर्बिमा कम्पनीले पत्येक चार वर्षका लागि कोष प्रबन्धकका रूपमा काम गर्ने व्यवस्था गर्‍यो। १२ वैशाखमा हिमालयन रि-इन्स्योरेन्सलाई चार वर्षका लागि कोष प्रबन्धक बनाइयो। सोही मितिभन्दा अघि अर्थात् गत आवको १ साउनदेखि वैशाख पहिलो सातासम्मको व्यवसाय बाँडफाँट गर्न चार कम्पनीले आनाकानी गरेका हुन्। यो विवाद अहिले नेपाल बिमा प्राधिकरणमा पुगिसकेको छ।

वैदेशिक रोजगारीमा जानेको अनिवार्य रूपमा म्यादी जीवन बिमा गर्नुपर्ने हुन्छ। गत आवको नौ महिनामा मात्रै वैदेशिक रोजगार बिमाबाट कुल दुई अर्ब ५८ करोड ७३ लाख रुपैयाँ बिमाशुल्क संकलन भएको छ, त्यसमा झन्डै ७० प्रतिशत व्यवसाय उक्त चार कम्पनीसँग रहेको प्राधिकरणको तथ्यांक छ। तोकिएको अनुपातमा व्यवसाय बाँडफाँट गर्दा आफूले संकलन गरेको व्यवसाय गुम्ने भएपछि उनीहरूले यसमा आनाकानी गर्दै आएको प्राधिकरणका एक अधिकारीले बताए।

पुलमा मेट लाइफ र एलआइसीबाहेक १२ जीवन बिमा कम्पनी र तीन लघु जीवन बिमा कम्पनी आबद्ध छन्। उनीहरूले यस्तो बिमालेख बिक्री गरेर कोषमै जम्मा गर्नुपर्ने र तोकिएको अनुपातमा त्यसको व्यवसाय तथा दायित्व वितरण पेस गर्ने भनिएको छ। विगतमा गरिएको व्यवसायका आधारमा उनीहरूलाई व्यवसाय हिस्सा तोकिएको थियो। गत आवमा सन नेपाल लाइफलाई १४ प्रतिशत र अन्य कम्पनीलाई ४.६० देखि ९.९५ प्रतिशतको दरमा व्यवसाय दिने भनिएको थियो। यो पुलको विरुद्ध सर्वोच्चमा रिटसमेत परिसकेको छ।

अहिले व्यवसाय बाँडफाँट गर्न आनाकानी गरेका सन नेपाल लाइफलाई १४ प्रतिशत, नेपाल लाइफलाई ९.९५ प्रतिशत, एसियन लाइफलाई ६.१७ प्रतिशत र नेपाल लाइफलाई ६.६४ प्रतिशत दिने भनिएको थियो। तर, उनीहरूले यस्तो व्यवसाय बाँडफाँट गर्न आनाकानी गर्दै आएका छन्।

प्राधिकरणका कार्यकारी निर्देशक सुशीलदेव सुवेदीले बिमा कम्पनीहरूबिच समझदारी गराउने प्रयास भइरहेको बताए। यसमा छिट्टै सहमति हुने उनले बताए। यस्तै, नेपाल बिमक संघका अध्यक्ष पोषकराज पौडेलले पनि सहमतिका लागि प्रयास भइरहेको बताए। एक सातामा सहमतिमा पुग्ने उनले बताए।

### बिमा प्राधिकरणका कार्यकारी निर्देशक सुशीलदेव सुवेदी भन्छन्-



वैदेशिक रोजगार बिमाको व्यवसाय बाँडफाँटका सम्बन्धमा कम्पनीहरूमा केही असमझदारी भएको देखियो। कम्पनीहरूलाई एकै ठाउँमा राखेर छलफल गराएर सहमतिमा ल्याउने काम भइरहेको छ।

### नेपाल बिमक संघका अध्यक्ष पोषकराज पौडेल भन्छन्-



व्यवसाय बाँडफाँटमा केही द्विविधा देखिएपछि समस्या भएको हो। कम्पनीहरूबिच सहमति खोज्ने काम भइरहेको छ। अहिले कम्पनीहरूले व्यवसाय बाँडफाँट गर्ने भन्दै तथ्यांक उपलब्ध गराउन लागेको छन्।

### ■ कुन कम्पनीले कति हिस्सा पाउँछन् ?

गत आव ०८१/८२ मा १५ कम्पनीलाई न्यूनतम ४.६० प्रतिशतको दरमा ६९ प्रतिशत व्यवसाय बाँड्नुपर्नेछ। बाँकी ३१ प्रतिशत भने विगतको योगदानका धारमा विभिन्न कम्पनीलाई तोकिएको अनुपातमा थप वितरण गरिनेछ। चालू आव ०८२/८३ मा सबै कम्पनीलाई न्यूनतम ५.७० प्रतिशतको अनुपातमा ८५.५० प्रतिशत व्यवसाय बाँडफाँट गरिनेछ। बाँकी १४.५० प्रतिशत व्यवसाय भने विभिन्न कम्पनीलाई तोकिएको दरमा थप वितरण गरिनेछ। आगामी आव ०८३/८४ कोषमा आबद्ध सबै कम्पनीलाई बराबर अनुपातमा व्यवसाय बाँडिनेछ। त्यस आवदेखि प्रतिकम्पनी ६.६७ प्रतिशतको अनुपातमा व्यवसाय बाँडिनेछ। वैदेशिक रोजगारमा पर्ने दाबीको दायित्व पनि सोही अनुपातमा बाँडफाँट हुनेछ।




### ■ साढे तीन अर्बबराबरको व्यवसाय

नेपालबाट वैदेशिक रोजगारीमा जाने कामदारको संख्या उच्च छ। गत आवमा मात्रै आठ लाख ३९ हजार नेपाली वैदेशिक रोजगारीमा गएका छन्। तर, वैदेशिक रोजगारीमा जाने कामदारको मृत्यु हुनेलगायतका जोखिम बढेपछि यस्तो बिमा अनिवार्य गरिएको थियो। यो बिमा कम्पनीहरूका लागि सुनिश्चित व्यवसाय हो। यसमा वार्षिक साढे तीन अर्ब रुपैयाँभन्दा माथिको व्यवसाय हुने गर्छ। यसलाई पुलमार्फत सञ्चालन गर्ने र पुलमा आबद्ध कम्पनीहरूलाई तोकिएको अनुपातमा व्यवसाय बाँड्ने व्यवस्था गरिएको छ।

### ■ किन भयो विवाद ?

हिमालयन रि-इन्स्योरेन्सलाई कोष प्रबन्धक बनाएपछिको अवधिमा कुनै विवाद देखिएको छैन। त्यसभन्दा अघिको अवधिको हकमा मात्रै समस्या भएको प्राधिकरण स्रोतले जनाएको छ। कोष प्रबन्धक नभएको बहानामा उक्त व्यवसाय आफूले नै पचाउने उनीहरूको दाउ थियो। 'प्राधिकरणले जसले जति व्यवसाय गरे पनि कोषमा जम्मा गर्ने र तोकिएको अनुपातमा बाँडफाँट गर्ने भनेको हो,' स्रोतले भन्यो, 'तर, धेरै व्यापार गरेका चार कम्पनीले कोष प्रबन्धक नियुक्ति हुनुभन्दा अघिको अवधिको व्यवसाय बाँड्न आनाकानी गरेका छन्।'

# जुम्लाबाट पाँच वर्षमा ८६५ टन जडीबुटी निकासी

### जडीबुटी निकासी तथा काठ लिलामलगायत शीर्षकबाट ३ करोड ३ लाख ८६ हजार रुपैयाँ राजस्व संकलन

जुम्लामा **मानदत्त रावल**

जडीबुटीको प्रचुर सम्भावना भएको जुम्लाबाट पाँच वर्षमा ८६५.३१ टन जडीबुटी निकासी भएको छ। कर्णाली प्रदेशका जुम्ला, डोल्पा, हुम्ला, मुगु र जाजरकोट जडीबुटीमा आत्मनिर्भर जिल्ला हुन्। यहाँ पाइने विभिन्न ७९ प्रकारका जडीबुटी कर्णाली प्रदेशले कच्चा पर्दाथका स्वदेश तथा विदेशमा पठाउने गरेको छ।

यसमध्ये यार्सागुम्बा, घुच्ची च्याउलगायत २२ प्रकारका जडीबुटी जुम्लाबाट निकासी भइरहेका छन्। जुम्लाबाट बढी मात्रामा निकासी हुने जडीबुटीमा टिमुर, रिट्ठा, काउलो, कुट्की, खिरौला, चुत्रो, तेजपातलगायत छन्।

डिभिजन वन कार्यालय जुम्लाको पाँच वर्षको तथ्यांकअनुसार आर्थिक वर्ष ०७६/७७ देखि ०८१/८२ सम्मको तथ्यांकलाई हेर्दा जुम्लाबाट आठ सय ६५ टन ३१ क्विन्टल जडीबुटी जुम्लाबाट निकासी भएको देखिन्छ, जसमा आव ०८०/८१ को तथ्यांक छैन। त्यो वर्ष जुम्लामा जडीबुटी संकलनको अनुमति दिइएको थिएन।

आव ०८१/८२ मा मात्रै ६७.७५ टन जडीबुटी संकलन तथा निकासी भएको डिभिजन वन कार्यालय जुम्लाका प्रमुख भरतबहादुर बुढ्थापाले बताए। आर्थिक वर्ष ०७६/७७ मा १८५ टन ३७ क्विन्टल जडीबुटी निकासी भएको थियो भने आव ०७७/७८ मा २०२ टन, आव ०७८/७९ मा भने एक टनले घटेर २०१ टन जुम्लाबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा निकासी भएको थियो। त्यसैगरी, आव ०७९/८० मा अहिलेसम्मकै उच्च २०९ टन १९ क्विन्टल जडीबुटी निकासी भएको थियो। पाँच वर्षमा आठ सय ६४ टन ६७ क्विन्टल जडीबुटी निकासी हुँदा जुम्लामा कति रकम भित्रियो र किसानले कति कमाए भन्ने ठोस तथ्यांक छैन। मूल्यमा एकरूपता नहुँदा र व्यापारीले किसानसँग समझदारीमै कतै बढी त कतै कम मूल्य दिएर जडीबुटी खरिद-बिक्री हुने कारणले पनि तथ्यांक उपलब्ध हुन नसकेको हो।

यद्यपि, जडीबुटी निकासी तथा काठ लिलामलगायत शीर्षकबाट पाँच आवमा ३ करोड ३ लाख ८६ हजार रुपैयाँ राजस्व संकलन भएको छ। जसमा गत आवमा मात्रै ६७ टन जडीबुटी निकासीबाट एक करोड ५८ लाख ५४ हजार राजस्व संकलन भएको संकलक प्रमुख बुढ्थापाले जानकारी दिए। त्यसैगरी, आर्थिक वर्ष ०७६/७७ मा ३२ लाख, ०७७/७८ मा २९ लाख ७४ हजार, ०७८/७९ मा ३५ लाख ५८ हजार र ०७९/८० मा जडीबुटी निकासीबापत ४६ लाख ९६ हजार रुपैयाँ राजस्व संकलन भएको थियो।

# सात महिनामा साढे ६ लाख पर्यटक भित्रिए

### जुलाईमा नेपालले ७० हजार एक सय ९३ पर्यटकलाई गर्‍यो स्वागत

**शान्ता कमली**/नयाँ पत्रिका

सन् २०२५ को जनवरीदेखि जुलाईसम्मका सात महिनामा नेपालमा कुल ६ लाख ४७ हजार आठ सय ८२ जना विदेशी पर्यटक आएका छन्। यो कोरोना महामारीपछिको उच्चतम आगमन हो।

सन् २०२५ को जुलाई महिनामा नेपालले कुल ७० हजार एक सय ९३ जना अन्तर्राष्ट्रिय पर्यटकलाई स्वागत गरेको छ। यो सख्ंया अघिल्लो वर्षको सोही अवधिको तुलनामा ८.७ प्रतिशतले बढी हो।

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशीले नेपालको पर्यटन पुनरुत्थान र विश्वभर फेरि नेपाल लोकप्रिय गन्तव्यका रूपमा स्थापित हुँदै गएको बताए। सिइओ जोशीले भिजिट नेपाल दशकअन्तर्गत सञ्चालन भइरहेका प्रवर्द्धनात्मक कार्यक्रम, निजी क्षेत्रको लगानी



प्रवाह र विविध पर्यटकीय उत्पादनले पछिल्लो समय नेपालमा पर्यटकको आकर्षण बढेको बताए। नेपालमा सन् २०२४ मा विभिन्न देशबाट करिब साढे ११ लाख पर्यटक नेपाल घुम्न आएका छन्। यो संख्या अघिल्लो वर्ष २०२३ को तुलनामा १३ प्रतिशतभन्दा बढी हो।

### कुन देशबाट कति पर्यटक आए ?

सन् २०२५ को जुलाईमा कुल आगमनमध्ये सबैभन्दा बढी भारतबाट मात्रै २७ हजार एक सय ५२ जना अर्थात् ३८.७ प्रतिशत पर्यटक आएका छन्। यस्तै, चीनबाट ६ हजार आठ सय ९० जना, अमेरिकाबाट ६ हजार ६ सय २६, बंगलादेशबाट चार हजार चार सय १३ र बेलायतबाट तीन हजार पाँच सय ४७ जना पर्यटक नेपाल आएका छन्। क्षेत्रीय विश्लेषण गर्दा दक्षिण एसियाली मुलुकबाट सबैभन्दा बढी ३३ हजार सात सय ८७ जना, अन्य एसियाली मुलुकबाट १३ हजार ५२, युरोपबाट नौ हजार दुई सय ९२, अमेरिकाबाट १२ हजार सात सय ७५, ओसिनिया क्षेत्रबाट एक हजार आठ सय सात, मध्यपूर्वबाट आठ सय २६ जना, अफ्रिकाबाट तीन सय १८ र अन्य क्षेत्रबाट तीन हजार तीन सय २९ जना पर्यटकको आगमन भएको छ।

**Government of Nepal (GoN)**
**Ministry of Agriculture and Livestock Development**
**Department of Livestock Services**

**National Livestock Breeding Office**

*Lamapatan, Pokhara, Kaski*

***Invitation for Electronic Online Bids***

Date of publication: 2082/04/18 (2025/08/03)

1. The ***National Livestock Breeding Office (NLBO), Lampatan, Pokhara*** invites electronic Bids from eligible bidders for the following work specified by NLBO.

| IFB No. | Contract ID No. | Name of Procurement | Estimated (NRs. with Out VAT & PS) | Bid Security NRs | Document Fee NRs | Bid Security Validity Period |
|---|---|---|---|---|---|---|
| NLBO/NCB/G/ 2082-83/1 | NLBO/NCB/G/ 2082-83/1 | Supply and Delivery of Liquid Nitrogen at specified Place and Quantity in Bid Document | 71.69/Ltr (For all Slices) | 250000.00 or 2.5% of Specified amount for each Slice . | 3000.00 | 90+30=120 Days |
| NLBO/NCB/G/ 2082-83/2 | NLBO/NCB/G/ 2082-83/2 | Procurement on Supply and Delivery of Semen Filling Straws | 3240000.00 | 100000.00 | 3000.00 | 90+30=120 Days |

**Purchase, Submission and Opening**

| Contract Id | Purchase of Bid | | Submission of Bid | | Opening of Bid | |
|---|---|---|---|---|---|---|
| | *Date* | *Time* | *Date* | *Time* | *Date* | *Time* |
| NLBO/NCB/G/2082-83/1 | Till 02 Sep 2025 | Till 12:00 | On or before 02 Sep 2025 | Till 12:00 | 02 Sep 2025 | 13:00 |
| NLBO/NCB/G/2082-83/2 | Till 02 Sep 2025 | Till 12:00 | On or before 02 Sep 2025 | Till 12:00 | 02 Sep 2025 | 13:00 |

| For Bid Fee | Bid Security in the form of Cash |
|---|---|
| ***Bank***: *Rastriya Banijya Bank Prithivi Chowk Branch, Kaski*<br>***Account No***. *1000200010000*<br>***Revenue Code No***.: *14229*<br>***Office Code no***.: *312023902*<br>*National Livestock Breeding, 0ffice, Pokhara, Kaski*<br>*Contact: 061-505389*<br>*(www.nlbo.gov.np)*<br>*email: nlbc.pokhara@gmail.com* | ***Bank***: *Rastriya Banijya Bank Prithivi Chowk Branch, Kaski*<br>**Account No**: 3020100102030000<br>Account Name: Ko.Le.Ni.Ka.Kaski<br>***Office Code no***.: *312023902*<br>*National Livestock Breeding, 0ffice, Pokhara, Kaski*<br>*Contact: 061-505389, (www.nlbo.gov.np)*<br>*email: nlbc.pokhara@gmail.com* |

Eligible Bidders are advised to visit PPMO's website www.bolpatra.gov.np/egp for further details or contact the NLBO, Kaski (Tel: 061-505389,Mob- 9856040489 Office E-mail address: nlbc.pokhara@gmail.com)

**NLBO Chief**

**बुढानीलकण्ठ नगरपालिका**
**बुढानीलकण्ठ नगर अस्पताल**
**बुढानीलकण्ठ, १०, बालुवाखानी**

**परामर्श सेवामा बायोमेडिकल इन्जिनियरको सेवा लिने सम्बन्धि सूचना**

सूचना प्रकाशित मिति : २०८२/०४/१८

बुढानीलकण्ठ नगरपालिका अन्तर्गतको बुढानीलकण्ठ नगर अस्पतालमा खरिद गरिने मेडिकल औजार उपकरणहरूको स्पेसिफिकेसन तयार गर्न र प्रयोगमा रहेका मेसिनरी तथा औजारहरूको नियमित रेखदेख र मर्मत सम्भार गर्नका लागि तपशिल बमोजिमको शैक्षिक योग्यता र सेवा शर्तको अधिनमा रहि १ (एक जना) बायोमेडिकल इन्जिनियरको सेवा आवश्यक भएको हुँदा उक्त सेवा दिने इच्छुक व्यक्ति/फर्म/संस्थाले यो सूचना प्रकासित भएको मितिले ७ (सात) दिन भित्र नगर अस्पतालको प्रशासन शाखामा उपलब्ध भएको बायोमेडिकल इन्जिनियरको प्रमाणित कार्यविवरण अनुसार कामकाज गर्ने गरि कार्यालय समय भित्र अस्पतालको प्रशासन शाखामा प्रस्ताव पेश गर्नु हुन यसै सूचना मार्फत जानकारी गराइन्छ।

**प्रस्ताव साथ संलग्न गर्नु पर्ने कागजातहरू र सेवा शर्त**

१. संस्था दर्ता प्रमाण पत्र भई प्यान/भ्याटमा दर्ता भएको
२. परामर्श सेवामा खटीने/खटाइने बायोमेडिकल इन्जिनियरको नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी
३. परामर्श सेवामा खटीने/खटाइने बायोमेडिकल इन्जिनियरको Bechelor in Bio-Medical Engineering मा उतिर्ण गरेको ट्रान्सक्रिप्ट तथा चारित्रिक प्रमाणपत्रको प्रतिलिपि
४. परामर्स सेवामा खटीने/खटाइने बायोमेडिकल इन्जिनियरको अन्य मुलुकबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सो को साथमा त्रिभुवन विश्वविद्यालयले समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ।
५. प्रस्तावमा संलग्न गरि पेश गर्ने कागजातहरूको प्रतिलिपिको पछाडि "सक्कल बमोजिम नक्कल ठिक छ" भनि व्यक्ति/फर्म/संस्थाको प्रतिनिधिले हस्ताक्षर गरेको हुनु पर्ने छ।
६. कार्य अनुभव- सेवा परामर्शमा खटीने/खटाइने बायोमेडिकल इन्जिनियरले सम्बन्धित परिषदको Licence प्राप्त गरि कम्तिमा २ वर्षको अनुभव यस क्षेत्रमा भएको हुनु पर्ने छ।
७. कार्यअवधि- आ.ब २०८२/८३ का लागि ( सेवा दिएको दिनको डोर हाजिरको आधारमा प्रस्ताव गरेको सेवा शुल्क दिइने)
८. अन्य शर्त सम्बन्धि व्यवस्था सम्झौता पत्रमा उल्लेख भए बमोजिम हुनेछ।

# पञ्चकन्याले ल्यायो युपिभिसी झ्याल-ढोका

नयाँ पत्रिका



पञ्चकन्या समूहले 'पञ्चकन्या डिमेक्स'सहित चार ब्रान्डमा युपिभिसी झ्याल-ढोका प्रोफाइल बजारमा ल्याएको छ। अनौपचारिक रूपमा झन्डै एक वर्षदेखि युपिभिसी झ्याल-ढोकाको उत्पादन तथा बिक्रीसमेत गर्दै आएको पञ्चकन्याले ५ साउनदेखि औपचारिक रूपमा आफ्नो उत्पादन बजारमा ल्याएको हो। पञ्चकन्याले जर्मन प्रविधि तथा मापदण्डमा यसको उत्पादन गरेको छ। ८० करोड रुपैयाँको लगानीमा एक वर्षअघि नै रुपन्देहीको सियारी गाउँपालिका-२, भगदरीमा पञ्चकन्या डिमेक्स उद्योग स्थापना गरिएको थियो। यसमा पञ्चकन्या ग्रुपका कार्यकारी निर्देशक उज्ज्वलकुमार श्रेष्ठसहित रितेश सिलवाल, नारायण केसी र आशिष श्रेष्ठले लगानी गरेका छन्। अब २० करोड रुपैयाँ लगानी थप गरेर उद्योगलाई अटोमेसनसमेत गरिँदै छ।

यसको मुख्य कार्यालय ललितपुरको झम्सिखेल र सोरुम जडीबुटीमा रहेको छ, जहाँ ग्राहकले 'ट्रायल'समेत गर्न पाउनेछन्। काठ, आल्मुनियम र युपिभिसीबाट झ्याल-ढोकाको फ्रेम अर्थात् प्रोफाइल बनाउन सकिन्छ। पछिल्लो समय नेपालमा युपिभिसी झ्याल-ढोकाको प्रयोग बढ्दै गएको छ। वर्षमा नेपालमा १३ हजार मेट्रिकटन युपिभिसी खपत हुन्छ। त्यसमा झन्डै ८५ प्रतिशत चीन र भारतबाट आयात हुने गरेको छ। त्यसपछि पञ्चकन्याले नेपालमै उत्पादन सुरु गरेको हो। उद्योगले प्रिमियम र रंगीन युपिभिसीमा २० वर्षको वारेन्टी दिने बताएको छ। इकोनोमिक युपिभिसीमा १५ वर्षको वारेन्टी दिने बताएको छ। यसका ग्यास्टेकमा समेत २० वर्षको वारेन्टी उपलब्ध गराइएको छ। उद्योगका निर्देशक रितेश सिलवालले यो टिकाउ हुने बताए। 'यद्यपि, प्राविधिक रूपमा केही समस्या आएमा ग्राहकको सुविधाका लागि वारेन्टीको व्यवस्था गरेका हौँ,' उनले भने, 'हाम्रो प्रोडक्ट २० वर्षभन्दा पनि लामो समयसम्म टिकाउ हुन्छ।' पञ्चकन्या डिमेक्सको उत्पादन 'एसकेजेड प्रमाणित'समेत रहेको छ।

# ग्यालेक्सी वाच-८ सिरिज सार्वजनिक

**काठमाडौं**/ सामसङले नेपालमा नयाँ पुस्ताको स्मार्टवाच ग्यालेक्सी वाच-८ सिरिज सार्वजनिक गरेको छ। यो सिरिजले दैनिक जीवनमा सहज प्रयोग, उन्नत स्वास्थ्य निगरानी र स्मार्ट कनेक्टिभिटीलाई एउटै घडीमा जोडेको बताइएको छ। दिनभरि लगाउन मिल्ने र दैनिक स्वास्थ्यमा साथ दिने हिसाबले डिजाइन गरिएको यो वाच सिरिजले स्मार्ट वेरेबल प्रविधिमा नयाँ आयाम थपेको कम्पनीको भनाइ छ।

कम्पनीका अनुसार ग्यालेक्सी वाच-८ अझ पातलो डिजाइन, ब्राइट स्क्रिन र प्रिसाइस स्वास्थ्य ट्र्याकिङका लागि अपग्रेड गरिएको हो। ग्यालेक्सी-८ सिरिजअन्तर्गतका दुई स्मार्टवाचको मूल्य क्रमशः ५५ र ६० हजार रुपैयाँ तोकिएको छ भने ग्यालेक्सी-८ क्लासिक ७५ हजारमा किन्न पाइनेछ। यो वाचले स्मार्टवाच अनुभवलाई व्यक्तिगत, सहज र स्वास्थ्यकेन्द्रित बनाउने बताइएको छ।

# एनएमबि बैंकले गर्‍यो वृक्षारोपण



**काठमाडौं**/ एनएमबि बैंकले रुपन्देहीको तिलोत्तमा नगरपालिकास्थित तिलोत्तमा पार्कमा वृक्षारोपण कार्यक्रम गरेको छ। बैंकले संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत पार्कमा ड्र्यागन फ्रुट, अम्बा, आँप, लिची, कटहरलगायत करिब दुई सय फलफूलका बिरुवा रोपेको हो। बैंकका प्रमुख कार्यकारी अधिकृत गोविन्द घिमिरेले बिरुवा रोपेर वृक्षारोपण कार्यक्रम सुरु गरेका थिए।

सिइओ घिमिरेले बैंक दिगो विकासअन्तर्गत वातावरणमैत्री र पर्यावरण संरक्षणका लागि प्राथमिकतामा राखेर काम गरिरहेको बताए। जलवायु परिवर्तनको असरबाट पर्ने नकारात्मक प्रभावबाट जोगिन एनएमबि बैंकले मुलुकका सातै प्रदेशमा वृक्षारोपण तथा वातावरण सरसफाइको अभियान निरन्तर गरिरहेको बताए। तिलोत्तमा- ६ का अध्यक्ष गणेश पाठकले एनएमबि बैंकले तिलोत्तमा नगरपालिकाको तिलोत्तमा पार्क छनोट गरी वृक्षारोपण गरेकोमा आभार व्यक्त गरे। त्यस्तै, पार्कका अध्यक्ष दीपक पाठकले यो पार्कलाई उत्कृष्ट र सबैको आकर्षणको केन्द्र बनाउने अभियानमा आफूहरू लागेको बताए।


## कर्मचारी आवश्यकता !

**निलबाराही बहुउद्देश्यीय सहकारी संस्था**का लागि देहायबमोजिम पदमा कर्मचारी आवश्यकता भएकाले इच्छुक नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ ।

पद : **ऋण अधिकृत**
संख्या : **१ जना**
आवश्यक योग्यता : **सम्बन्धित विषयमा स्नातक वा सो सरह उत्तीर्ण भई कम्तीमा २ वर्ष वित्तीय क्षेत्रमा काम गरेको हुनुपर्ने ।**
तलब तथा सुविधा : **संस्थाको नियमानुसार ।**

इच्छुक उम्मेद्वारले आफ्नो व्यक्तिगत विवरण सि.भि. (CV) सहित संस्थामै आएर वा इमेल (Email) मार्फत दरखास्त दिनु हुन सूचित गरिन्छ ।

**निलबाराही बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**
**NILABARAHI MULTIPURPOSE CO-OPERATIVE LTD.**
नयाँ बानेश्वर-१०, काठमाडौं, नेपाल
सम्पर्क : ०१-४१०५०२९, ४५६५०२९
९८५१३२९८२६, ९८४००३१९७५
E-mail: info.nmcnepal@gmail.com

नोट : सवारी साधन तथा चालक अनुमतिपत्र भएको र स्थानीयलाई विशेष प्राथमिकता दिइनेछ ।


## अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस कम्पनीले चीनबाट पैठारी गरेको देहायको मालवस्तुहरूको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

तपसिल

| सि. नं. | मालवस्तुको विवरण | आकार/प्रकार | ब्रान्ड | मोडल | क्षमता | उत्पतिको मूलक/राष्ट्र | इकाई | प्रति एकाई मूल्य | अधिकतम खुद्रा मूल्य (MRP) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Range Hood | इलेक्टिकल | Monlight | M200 | १८० वाट | चीन | पिस | ११००० | ११००० | |
| २ | Range Hood | इलेक्टिकल | Monlight | M201 | १८० वाट | चीन | पिस | ११५०० | ११५०० | |
| ३ | Range Hood | इलेक्टिकल | Monlight | M202 | १८० वाट | चीन | पिस | १२५०० | १२५०० | |
| ४ | Range Hood | इलेक्टिकल | Monlight | M203 | १८० वाट | चीन | पिस | १२५०० | १२५०० | |
| ५ | Range Hood | इलेक्टिकल | Monlight | M206 | १८० वाट | चीन | पिस | १६५०० | १६५०० | |

**चन्द्र ज्योती सप्लायर्स**
कोटेश्वर, काठमाडौं, फोन : ०१-५१४७१५५, एक्जिम कोड : 3036945390149NP

कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित

## झापा इनर्जी लिमिटेड
## JHAPA ENERGY LIMITED

रजिष्ट्रार कार्यालय : बिर्तामोड नगरपालिका वडा नं.४ झापा, नेपाल, फोन नं. : ०२३-५९०६४२
इमेल: solarpower@jhapaenergy.com.np वेवसाइट: www.jhapaenergy.com.np

### वैदेशिक रोजगारीमा रहिरहेका नेपालीहरुका लागि साधारण शेयरको सार्वजनिक निष्काशन तथा बिक्री बन्द बारेको सूचना

झापा इनर्जी लिमिटेडले आफ्नो जारी पूँजी रु.३८,०१,९०,०००/- बराबरको रु.१००/- अंकित दरको ३८,०१,९०० कित्ताको १५% अर्थात रु.५,७०,२८,५००/- रकम बराबरको रु.१००/- अंकित दरको ५,७०,२८५ कित्ता साधारण शेयरको १०% अर्थात ५७,०२९ कित्ता साधारण शेयर नेपाल सरकारको सम्बन्धित निकायबाट श्रम स्वीकृती प्राप्त गरि वैदेशिक रोजगारीमा रहेका नेपालीहरुका लागि मिति २०८२ श्रावण १४ गते निष्काशन तथा बिक्री खुल्ला गरिएकोमा आवेदकहरुबाट माग गरे भन्दा बढि शेयर खरिदका लागि आवेदन प्राप्त हुन आएकाले **आज मिति २०८२ श्रावण १८ गते (बैंकिङ्ग समय पश्चात्)** सो शेयरका लागि आवेदन लिने कार्य बन्द गरिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि सूचित गर्दछौं ।

यस निष्काशन कार्यमा संलग्न सम्पूर्ण सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरुले यसै सूचनालाई आधिकारीक मानी साधारण शेयरका लागि दरखास्त बुझिलिने कार्य **आज मिति २०८२ श्रावण १८ गते गते (बैंकिङ्ग समय पश्चात्)** बन्द गर्नुहुन अनुरोध गर्दछौं ।

यस निष्काशन कार्यमा सहयोग तथा सद्भाव प्रदान गर्नुहुने सम्पूर्ण शुभेच्छुकहरु, लगानीकर्ता आवेदकहरु, सि-आस्वा (C-ASBA) सदस्य बैंक तथा वित्तीय संस्थाहरु र तिनका शाखा कार्यालयहरु, नियमन निकाय तथा सम्बन्धित सबै निकायहरुमा धन्यवाद ज्ञापन गर्दछौं ।

**दरखास्त दिनु पर्ने न्यूनतम् शेयर संख्या : १० कित्ता**
**दरखास्त दिन पाउने अधिकतम् शेयर संख्या : ५,००० कित्ता**

**दरखास्तसाथ प्रति शेयर रु.१००/– का दरले शत्प्रतिशत भुक्तानी गर्नुपर्ने**

कम्पनीको विगत तथा आगामी ३ वर्षको नेटवर्थ सम्बन्धी विवरण :

| विवरण | वास्तविक | | | अपरिष्कृत | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|---|
| | आ.व.०७८/७९ | आ.व.०७९/८० | आ.व.०८०/८१ | आ.व २०८१/०८२ चैत्र मसान्त | आ.व.०८१/८२ | आ.व.०८२/८३ | आ.व.०८३/८४ |
| प्रति शेयर आम्दानी (EPS) | 0.११ | 0.२३ | 0.५0 | (४.७२) | (५.९३) | ७.६९ | ९.३0 |
| प्रति शेयर नेटवर्थ (रु.) | ९८.७0 | ९८.९३ | १00.१२ | ९५.४0 | ९३.८४ | १0३.0७ | ११२.३४ |
| संचित नाफा/नोक्सान (रु. हजारमा) | (१,३0२.५८) | (१,0६९.३१) | ३४८.१६ | (१३,१0७.९८) | (१७,५७१.0८) | ११,६७३.७0 | ४६,९0७.३१ |

| आयोजना | कुल लागत रकम करोडमा (रु.)* | प्रति मेगावाट रकम करोडमा (रु.) | विद्युत उत्पादन अनुमतिको बाँकी अवधि | साधारण लगानी फिर्ता हुने अवधि | डिस्काउण्टमा लगानी फिर्ता हुने अवधि |
|---|---|---|---|---|---|
| १० मे.वा ग्रीड आवद्ध सौय विद्युत आयोजना, शिवसताक्षी, झापा | ८७.९० | ८.७९ | अनुमति पत्र वहाल रहने अवधि मिति २०७९/०१/११ देखि २१०४/०१/१० सम्म रहेकोले २२ वर्ष बाँकी रहेको छ । | ९.५५ वर्ष#<br>८.०६ वर्ष*# | १३.४७ वर्ष#<br>१५.६६ वर्ष*# |

*कुल लागत रकम Interest During Construction (IDC) सहित भएको ।
#उल्लेखित लगानी फिर्ता हुने अवधी इक्विटिको रहेको ।
*#उल्लेखित लगानी फिर्ता हुने अवधी प्रोजेक्टको रहेको ।

### क्रेडिट रेटिङ्ग सम्बन्धी व्यवस्था

**स्वीकृत विवरण-पत्र अनुसार सार्वजनिक रुपमा निष्काशन गर्न लागिएको साधारण शेयरको लागि "क्रेडिट रेटिङ्ग नियमावली, २०६८" को नियम ३ मा भएको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लिमिटेड, डिल्लीबजार, काठमाण्डौंबाट इस्युअर रेटिङ्ग गराई मिति २०८२/०१/१७ गते "[ICRANP-IR] B-" प्रमाणपत्र प्राप्त गरेको छ । यस रेटिङ्गले High risk of default regarding timely servicing of financial obligation भन्ने जनाउंदछ । ईक्रा नेपाल लिमिटेडले IRN AAA(Is) देखि IRN D(Is) प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ । जसमा IRN AAA(Is) ले बलियो आधार जनाउँछ भने IRN D(Is) ले कमजोर आधारहरु जनाउँछ । रेटिङ्ग संकेत पछाडि रहने + (जोड) वा – (घटाउ) चिन्हले सम्बन्धित रेटिङ्ग वर्ग भित्रको तुलनात्मक स्थितिलाई जनाउँदछ । यस सम्बन्धी विवरण पत्रको दफा ग.२२ (ट) उल्लेखि गरिएको छ ।**

**क्रेडिट रेटिङ्ग ग्रेड प्रदान गरेको मिति : २०८२/०१/१७**
**क्रेडिट रेटिङ्ग ग्रेड बहाल रहने मिति : २०८३/०१/१६**

**लगानीकर्ताले धितोपत्रको सार्वजनिक निष्काशनमा विद्युतीय माध्यमबाट आवेदन दिंदा अनिवार्य रुपमा उक्त निष्काशनको लागि तयार गरेको विवरणपत्र पढी आफ्नो स्वविवेकले दरखास्त दिनु हुन अनुरोध गर्दछौं ।**

यस निष्काशन सम्बन्धी विस्तृत जानकारीको लागि मिति २०८२ श्रावण ७ गतेको "नयाँपत्रिका" राष्ट्रिय दैनिकमा प्रकाशित आह्वान-पत्र वा निष्काशनकर्ता कम्पनीको वेवसाइट www.jhapaenergy.com.np नेपाल धितोपत्र बोडको वेवसाइट: www.sebon.gov.np अथवा निष्काशन तथा बिक्री प्रबन्धकको वेवसाइट: www.himalayancapital.com मा रहेको "विवरणपत्र" हेर्नुहुन अनुरोध गर्दछौं ।

**निष्काशन तथा बिक्री प्रबन्धक:**

Himalayan Capital
A Subsidiary of Himalayan Bank Limited

**हिमालयन क्यापिटल लिमिटेड**
पो.ब.नं. ४५१८, कमलादी, काठमाडौं, फोन: ०१-५९७०६७५
इमेल: info@himalayancapital.com, वेवसाइट: www.himalayancapital.com

## पनौती नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
पनौती, काभ्रेपलाञ्चोक

### राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन कार्यका लागि सिलबन्दी प्रस्ताव आह्वानको सूचना

(सूचना प्रकाशित मिति : २०८२।०४।१८ गते

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट आर्थिक वर्ष २०८२/८३ मा सम्पादन गरिने विभिन्न निर्माण कार्य, वस्तु तथा सेवा खरिद कार्यलगायत विविध सूचनाहरू "क" वर्गका राष्ट्रिय दैनिक पत्रिकाहरूमा आवश्यकता अनुसार आ.व.२०८२।८३ को विभिन्न मिति/समयमा प्रकाशन गर्नुपर्ने भएको हुँदा विज्ञापन एजेन्सी, सो कार्यका लागि अनुमती प्राप्त फर्महरूले पत्रिकामा सूचना प्रकाशनको स्वीकृत दररेट र उक्त दररेटमा के कति छुटमा सूचना प्रकाशन गर्न सकिने हो सोसम्बन्धी सिलबन्दी प्रस्ताव निम्न शर्तहरूको परिधिभित्र रही पेश गर्ने प्रयोजनको लागि यो सूचना प्रकाशन गरिएको छ।

**शर्तहरू**

१. यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयभित्र सिलबन्दी प्रस्ताव पेश गर्नुपर्नेछ।
२. कुन कुन राष्ट्रिय दैनिक पत्रिकामा के कति छुटमा सूचना प्रकाशन गर्न सकिने हो सो उल्लेख गरी रू. १०।- को नगदी रसिद संलग्न गरी सिलबन्दी प्रस्ताव पेश गर्नुपर्नेछ।
३. प्राप्त सिलबन्दी प्रस्तावहरू सूचना प्रकाशित भएको मितिले १६ (सोह्र) औं दिनको २:०० बजे प्रस्तावदाता वा निजको प्रतिनिधि र कार्यालयका प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ। प्रस्तावदाता वा निजको प्रतिनिधि उपस्थित नभएपनि प्रस्ताव खोल्न कुनै बाधा पर्ने छैन।
४. प्रस्तावदाताले प्रस्तावसाथ एजेन्सी दर्ता प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०८०/८१ को करचुक्ता प्रमाणपत्र तथा राष्ट्रिय दैनिक पत्रिकाबाट एजेन्सीको कार्य गर्न प्रदान गरेको स्वीकृतपत्रको प्रतिलिपि प्रमाणित गरी पेश गर्नुपर्नेछ।
५. प्रस्ताव फाराम बाहिर प्रस्तावदाताले फर्म/एजेन्सीको नाम, ठेगाना, सम्पर्क नं. तथा विषय स्पष्टसँग उल्लेख गर्नुपर्नेछ।
६. पेश हुन आएका प्रस्तावित दररेटहरूमध्ये बढी छुट प्रस्ताव गरेका प्रस्तावकको प्रस्ताव छनौट गरिनेछ।
७. यस सूचनामा उल्लेख नभएका कुराहरू प्रचलित कानूनबमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

## एन आई सी एशिया बैंक लिमिटेड

NIC ASIA
एन आई सी एशिया बैंक लि.

रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

### धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री बोलपत्र आव्हान सम्बन्धी १५ (पन्ध्र) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको ऋणकर्जा बैकसँगको सम्झौताको शर्त बमोजिम नर्तिनु नबुझाउनु भएको हुँदा सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा तथा ऋणकर्जा चुक्ता गर्नको लागि ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त ऋणकर्जाको बाँकी साँवा व्याज नर्तिनु नबुझाउनु भई ऋणीले बैकसँग गरेको ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले सो ऋण कर्जाको सुरक्षण वापत धितो लेखिदिएको तपसिलमा उल्लेखित चल अचल सम्पति जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा प्रचलित कानूनको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित संघ संस्थाले यो सूचना प्रकाशित भएको १५ (पन्ध्र) दिन (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फारममा उल्लेखित शर्तहरुको अधिनमा रही रीतपुर्वक भरी यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा आईपुग्ने गरी बोलपत्र आवेदन पेश गर्न आब्हान गरिन्छ । साथै, प्रस्तुत लिलाम प्रक्रियाबाट धितो मा रहेको तपसिल वमोजिमको चल अचल सम्पति लिलाम विक्री हुन नसकेमा वा लिलाम बिक्री हुँदा बैंकले असुल उपर गर्नुपर्ने सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, सोको नियमावली, २०५९ तथा प्रचलित कानून वमोजिम ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा, श्रीसम्पतिबाट समेत बैंकको सम्पूर्ण बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी तथा जमानत दिनु हुने ब्यक्ति तथा सम्बन्धित सबैलाइ यसै सूचनाद्वारा अवगत गराईन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १) | **१) ऋणी फर्म: साह ट्रेडर्स**, प्रोप्राईटर तथा जमानीकर्ता: राधेश्याम साह<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय लहान, सिरहामा प्रा.फ.र.नं. ५८९०/२०७३/०७४, दर्ता मिति: २०७३/०८/०२,<br>ठेगाना: जिल्ला सिरहा, विष्णुपुर प्र.म. गा.वि.स. वडा नं. ७ |
| | **धितोको विवरण** |
| | १) गनौरकी छोरी, असर्फि साहुकी बुहारी, जोगीन्द्र साहुकी पत्नी, सिरहा जिल्ला, राजपुर गा.वि.स. वडा नं. ५ बस्ने रेखा कुमारी साहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, विष्णुपुर प्र.म. गा.वि.स. वडा नं. ८ ख (हाल विष्णुपुर गा.पा. वडा नं. १) स्थित कित्ता नं. ३०७० को क्षेत्रफल ०-१-१६.२५-० (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) साह ट्रेडर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| | **२) ऋणी: राधेश्याम साह**<br>स्थायी ठेगाना: सिरहा जिल्ला, विष्णुपुर प्र.म. गा.वि.स. वडा नं. ७, हालको ठेगाना: सिरहा जिल्ला, विष्णुपुर गा.पा. वडा नं. १, बाबु: जोगीन्द्र साह, बाजे: असर्फि साह |
| | **३) ऋणी: सुधिर कुमार साह**<br>ठेगाना: सिरहा जिल्ला, विष्णुपुर गा.पा. वडा नं. १, बाबु: जोगीन्द्र साह, बाजे: असर्फि साह |
| | **धितोको विवरण** |
| | गनौरकी छोरी, असर्फि साहुकी बुहारी, जोगीन्द्र साहुकी पत्नी, सिरहा जिल्ला, राजपुर गा.वि.स. वडा नं. ५ बस्ने रेखा कुमारी साहको नाममा भूमिसुधार तथा मालपोत कार्यालय सिरहाको लगतमा दर्ता कायम रहेको सिरहा जिल्ला, विष्णुपुर प्र.म. गा.वि.स. वडा नं. ८ ख (हाल विष्णुपुर गा.पा. वडा नं. १) स्थित कित्ता नं. ३०७० को क्षेत्रफल ०-१-१६.२५-० (विगाह) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । |
| २) | **ऋणी फर्म: अप्सरा मोवाइल मर्मत सेन्टर,** प्रोप्राईटर तथा जमानीकर्ता: अग वहादुर सुनार<br>दर्ता नं.: घरेलु तथा साना उद्योग विकास समिति मूख्य शाखा कार्यालय, तनहुँमा प्रा.फ.नं.घ. तथा सा.उ.वि.स.: ३९९९/०७०/०७१,<br>दर्ता मिति: २०७१/०२/२८, ठेगाना: जिल्ला तनहुँ, शुक्लागण्डकी न.पा. वडा नं. ११ |
| | **धितोको विवरण** |
| | १) आइत बहादुरको नाति, डिल्ले कामीको छोरा, स्याङ्जा जिल्ला, टक्सार गा.वि.स वडा नं. ८ बस्ने अग वहादुर सुनारको नाममा मालपोत कार्यालय तनहुँको लगतमा दर्ता कायम रहेको तनहुँ जिल्ला, उदेनढुङा गा.वि.स. वडा नं. ४ घ स्थित कित्ता नं. २२९३ को क्षेत्रफल ०-३-३-१ (रोपनी) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) अप्सरा मोवाइल मर्मत सेन्टर को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| ३) | **ऋणी कम्पनी: हिरण्य ब्रदर्स इन्टरप्राइजेज प्रा.लि.,** संचालक तथा जमानीकर्ता: सुरज सिंह<br>दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंमा दर्ता नं. २४०४१२/०७७/०७८, दर्ता मिति: २०७७/०४/२७,<br>ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं. ३ |
| | **धितोको विवरण** |
| | १. सम्सेर बहादुर सिंहको नाति, किशोर बहादुर सिंहको छोरा, कैलाली जिल्ला, गोदावरी न.पा. वडा नं. १० बस्ने सुरज सिंहको नाममा मालपोत कार्यालय धनगढी, कैलालीको लगतमा दर्ता कायम रहेको कैलाली जिल्ला, उर्मा गा.वि.स. वडा नं ९ (हाल धनगढी उ.म.न.पा. वडा नं. १६) स्थित कित्ता नं. ६०८ को क्षेत्रफल २६८० (वर्गमिटर) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२. सवारी मोडल: ISUZU S-CAB \| च्यासिस नं.:M3GTFR54JKB000860 \| ईन्जिन नं.: A2A895 \| सवारी दर्ता नं.: प्र ३-०१ ०२४ च २६७९<br>३. हिरण्य ब्रदर्स इन्टरप्राइजेज प्रा.लि. को स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| ४) | **१) ऋणी फर्म: सन्दिप रेष्टुरेन्ट,** प्रोप्राईटर तथा जमानीकर्ता: तेज प्रसाद खनाल<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय सिद्धार्थनगर, रुपन्देहीमा प्रा.फ.दर्ता.नं. २०५६५/०७७/०७८, दर्ता मिति: २०७७/०८/२८,<br>ठेगाना: जिल्ला रुपन्देही, बुटवल उ.म.न.पा. वडा नं. ११ |
| | **२) ऋणी: तेज प्रसाद खनाल**<br>स्थायी ठेगाना: रुपन्देही जिल्ला, मोतिपुर गा.वि.स. वडा नं. ७, हालको ठेगाना: रुपन्देही जिल्ला, बुटवल उ.म.न.पा. वडा नं. ११,<br>बाबु: कुस्माखर खनाल, बाजे: हिमलाल खनाल |
| | **धितोको विवरण** |
| | १) हिमलाल खनालको नाती, कुस्माखर खनालको छोरा, रुपन्देही जिल्ला, मोतिपुर गा.वि.स. वडा नं. ७ बस्ने तेज प्रसाद खनालको नाममा मालपोत कार्यालय बुटवल, रुपन्देहीको लगतमा दर्ता कायम रहेको रुपन्देही जिल्ला, मोतिपुर गा.वि.स. वडा नं. ७/क (हाल बुटवल उ.म.न.पा. वडा नं. १९) स्थित कित्ता नं. १०८७ को क्षेत्रफल ०-५-२१/२ (विघा) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत ।<br>२) सन्दिप रेष्टुरेन्टको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Receivables) उपर हाइपोथिकेशन सुरक्षण । |
| ५) | **ऋणी: कालु देउजा**<br>स्थायी ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १०, हालको ठेगाना: चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ११ टोल, बाबु: मान बहादुर देउजा, बाजे: ज्योचा देउजा |
| | **धितोको विवरण** |
| | ज्योचा देउजाकी बुहारी, मान बहादुर देउजाकी पत्नी, चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. १० बस्ने (मायादृवी पांडि भन्ने)सानुमाया देउजाको नाममा मालपोत कार्यालय चितवनको लगतमा दर्ता कायम रहेको, चितवन जिल्ला, भरतपुर न.पा. वडा नं. ५ ख (हाल भरतपुर म.न.पा. वडा नं. ११) स्थित कित्ता नं. ९३९ र ९८५ को क्षेत्रफल क्रमशः ०-०-५-० र ०-०-५-० (विगाह)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगलगापात समेत । |

नोट: ऋणी तथा प्रोप्राइटर/संचालक बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिका नाम ऋणी तथा प्रोप्राइटर/संचालकको नाम परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:
१) बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फारम बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौं वा शाखा कार्यालयबाट रु. १०००।-(रुपैंया एक हजार मात्र) तिरि प्राप्त गर्न सकिनेछ) ।
२) प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण स्वीकार वा अस्वीकार गर्न सक्ने छ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पतिको स्वामित्व बैकले लिन सक्नेछ ।
३) लिलाम हुने सम्पति निरीक्षण अवलोकन गर्नुपरेमा वा धितो लिलाम सम्बन्धी विस्तृत जानकारी आवश्यक भएमा बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा सम्पर्क राख्नुहोला ।
४) बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट दिनको ३ बजे (सो दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) यस बैंकको केन्द्रिय कार्यालय, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाडौंमा बोलपत्र खोलिने हुँदा उक्त दिन ऋणी, धितो जमानतकर्ता, इच्छुक बोलपत्रदाता तथा सम्बन्धित सबैलाई उपस्थितिको लागि जानकारी गराईन्छ ।
५) बोलपत्र फारममा उल्लेखित अन्य शर्तहरु लागू हुनेछन् ।

बिक्रिमा रहेको घर/जग्गाको स्थान पहिचानको लागि GoogleMap

पुनश्च: ऋणी एवं धितो लेखिदिनेलाई सूचना:
उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्याद भित्र शिघ्र कर्जा भुक्तानी गरी आफ्नो सम्पतिको उचित संरक्षण गर्नु हुन पुन: अनुरोध गरिएको छ । अन्यथा तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले उक्त दिन स्वयम उपस्थित भई लिलामबाट कायम हुने धितो सम्पत्तिको मुल्य घटि वा बढि हुने प्रकियामा समेत प्रत्यक्ष अवलोकनको लागी सूचित गरिन्छ । उल्लिखित धितो सम्पति लिलाम बिक्री गरि वा बैंक आँफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्यांकन भन्दा कम मुल्यमा लिलाम विक्री भएमा वा बैंक आँफैले सकार गरि लिएमा पछि हाम्रो सम्पत्तिको उचित मुल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा बैंक आँफैले सकार गरि लियो भनि कहि कतै उजुर वाजुर गर्न पाउनुहुने छैन । उक्त सम्पति लिलाम बिक्री गर्दा वा पुनरमुल्यांकन गरि बैंक आँफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभई बाँकी रहेमा ऋणीको अन्य श्रीसम्पतिहरुबाट असुल उपर गरिने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईएको छ ।

नयाँ पत्रिका
का.जि.द.नं.१२८/०६३/६४, म.क्षे.हु.लि.द.नं. १७/०६९/०७०


# पुनर्निर्माण भयो राखेपको कभर्ड हल

चार करोड ३५ लाख खर्चेर निर्माण गरिएको अन्तर्राष्ट्रियस्तरको कभर्ड हलमा साउन्ड प्रुफ, गर्मी र जाडोबाट बच्न एयर कन्डिसन जडान गरिएको छ। भिआइपी कक्ष, खेलाडीको रेस्ट र चेन्जिङ रुमको स्वरूप पनि परिवर्तन गरिएको छ।



पुनर्निर्माणअघि राष्ट्रिय खेलकुद परिषद् (राखेप)को कभर्ड हल



पुनर्निर्माणपछि पहिलोपटक अभ्यास गर्दै भलिबल खेलाडी ।

**श्रीलोचन राजोपाध्याय**/नयाँ पत्रिका

राष्ट्रिय खेलकुद परिषद् (राखेप)को हाताभित्र रहेको बहुउद्देश्यीय कभर्ड हलको पुनर्निर्माण सकिएको छ। चार दशकसम्म नेपाली खेलकुदका राष्ट्रियदेखि अन्तर्राष्ट्रियस्तरका खेल आयोजना भएको यस कभर्ड हलको पुनर्निर्माण गत १५ वैशाखदेखि भएको हो। राखेपले १५ असारभित्र अन्तर्राष्ट्रियस्तरको कभर्ड हलले पूर्णता पाउने जनाए पनि एक महिनापछि पूरा भएको छ। कमजोर पूर्वाधारका कारण भलिबल, ब्याडमिन्टन र बास्केटबलआदि अन्तर्राष्ट्रिय प्रतियोगिता गर्ने समस्या आएपछि यसको पुनर्निर्माण भएको हो। अहिले यो अन्तर्राष्ट्रिय मापदण्डअनुसारको बनेको छ।

०३५ सालमा राखेका तत्कालीन सदस्यसचिव शरदचन्द्र शाहको समयमा कभर्ड हल बनेको थियो। ०७२ सालको विनाशकारी भूकम्पले यहाँ ठुलो क्षति पुऱ्याएको थियो। भूकम्पपछि राखेपले कभर्ड हलको अगाडिको संरचना परिवर्तन गरे पनि भित्री संरचना भने यथावतै राख्यो। 'हामीले भित्रको संरचना पुनर्निर्माणसँगै कभर्ड हललाई अन्तर्राष्ट्रिय मापदण्डको बनाउन जोड गरेका थियौँ। अहिले यो अन्तर्राष्ट्रियस्तरको बनेको छ,' घिसिङले भने।

कभर्ड हलमा पुनर्निर्माण भइरहेको समयमा राष्ट्रियस्तरको भलिबल प्रतियोगिता पोखरामा भएको थियो। साथै, अन्य इन्डोर खेल पनि विभिन्न स्थानमा भएको थियो। राखेपका सदस्यसचिव टंकलाल घिसिङले कभर्ड हलमा बढीभन्दा बढी अन्तर्राष्ट्रियस्तरको प्रतियोगिता आयोजना हुने बताएका छन्। घिसिङले विशेष गरी नेपाली महिला भलिबल विकास र खेलाडी क्षमता अभिवृद्धिका लागि अन्तर्राष्ट्रियस्तरको मैत्रीपूर्ण भलिबलको खेल आयोजनाको प्रस्ताव राखेका छन्।

'नेपाली टोलीलाई अन्तर्राष्ट्रियस्तरको अनुभव प्रदान गर्न र दर्शकलाई नयाँ उत्साह दिन पनि यस्ता म्याच आयोजना गर्नुपर्छ,' उनले भने, 'नेपाल भलिबल संघ र प्रशिक्षकलाई यसका लागि तत्काल योजना बनाउनु छ।'

## एक्सपोजर खेल आयोजना हुनुपर्छ

● **टंकलाल घिसिङ**, सदस्यसचिव, राखेप



अहिले राखेपको हाताभित्र रहेको बहुउद्देश्यीय कभर्ड हल अन्तर्राष्ट्रियस्तरको बनेको छ, विशेषगरी नेपाली महिला भलिबल टोलीलाई अन्तर्राष्ट्रिय प्रतियोगिताअघि एक्सपोजर गेमको अनुभव प्रदान गर्न र दर्शकहरूलाई नयाँ उत्साह दिन पनि खेलहरू आयोजना गर्नुपर्छ। नेपाल भलिबल संघ र प्रशिक्षकलाई यसका लागि तत्काल योजना बनाउन आग्रह छ।

## चार करोड ३५ लाखको ठेक्का

राखेपले अन्तर्राष्ट्रिय मापदण्डअनुसार कर्भड हलको पुनर्निर्माणका लागि चार करोड ३५ लाख रुपैयाँमा सुनकोशी कन्स्ट्रक्सन प्रालिलाई ठेक्का दिएको थियो। द्विपक्षीय सम्झौताअनुसार १५ वैशाखबाट सुरु भएर १५ असारमा पुनः कार्य सम्पन्न हुनुपर्ने थियो। तर, सुनकोशी कन्स्ट्रक्सनले सम्झौताको एक महिनापछि सम्पन्न गरेको हो। सुरुमा कभर्ड हल पुनर्निर्माण गर्न राखेपले सरकारसँग ९ करोड रुपैयाँ माग गरेको थियो। तर, गत आर्थिक वर्षको बजेटमा पाँच करोड मात्र निकासा भएकाले सोही बजेटबाट काम थालियो। यसअघि राखेपले खुलाएको टेन्डर प्रक्रियाबाट चारवटा कम्पनीको नाम सर्टलिस्टमा परेको थियो। त्यसमध्ये ठेक्काको प्रतिस्पर्धामा सबैभन्दा कम रकमबाट सुनकोशीले ठेक्का पायो।

## कभर्ड हल साउन्ड प्रुफ

पहिलो कभर्ड हल साउन्डप्रुफ थिएन। अहिले करौडो लगानी गरी पुनर्निर्माण भएको कभर्ड हल पूरै साउन्ड प्रुफ बनको छ। हलभित्र दर्शक तथा खेलाडीलाई गर्मीबाट बच्न एयरकन्डिसन जडान गरिएको छ। हलको चारै दिशामा पाँच हजार सिएफएम क्षमताको एसी राखिएको छ। अहिले १५ सयको हाराहारीमा रहेको सिट क्षमता बढाइएको छ।

भिआइपी कक्ष, खेलाडीहरूको रेस्ट रुम र चेन्जिङ रुमको स्वरूप पनि परिवर्तन गरिएको छ। यसैगरी, दर्शकका निमित्त शौचालयको राम्रो व्यवस्था भएको छ। हलभित्र बिजुलीलगायतको व्यवस्था गुणस्तरीय बनाइएको छ। कभर्ड हलमा काठको रेलिङको सट्टा स्टिल छ।

## तीनवटा दक्षिण एसियाली खेलकुद आयोजना

राखेपको कभर्ड हलको इतिहास चार दशक लामो छ। यसै कभर्ड हलमा नेपालले दक्षिण एसियाली तथा एसियनस्तरका प्रतियोगिता आयोजना गरेको थियो। दक्षिण एसियाली खेलकुद प्रतियोगिता (साग)को पहिलो, आठौँ र तेह्रौँ संस्करणमा यसै कभर्ड हलमा विभिन्न खेल आयोजना भएका थिए। सेन्ट्रल एसियन (काभा) पुरुष अन्तर्राष्ट्रिय क्लब भलिबल च्याम्पियनसिपको पहिलो संस्करण र काभा महिला नेसन्स लिगलगायतका प्रतियोगिता आयोजना भएका थिए। पछिल्लो समयमा यहाँ कबड्डीको राष्ट्रिय लिग भएको थियो।

सन् २०१९ मा १३औँ सागअन्तर्गत भलिबल र बास्केटबलका फाइनल यसै हलमा भयो। १३औँ साग खेलका लागि यसको मर्मत भयो। तर, एसियन लेभलको भलिबल प्रतियोगिता आयोजना गर्न कभर्ड हल काफी नरहेको गुनासो नआएका होइनन्। राखेपका सदस्यसचिव घिसिङले खेलकुद संरचनालाई थप प्रभावकारी बनाउन र पुराना समस्या समाधान गर्न योजनाबद्ध रूपमा काम गर्ने बताए। उनले नेपालमा खेलकुदको विकासका लागि सबै पक्षको सहकार्य आवश्यक रहेको उल्लेख गर्दै आगामी दिनमा थप अन्तर्राष्ट्रिय प्रतियोगिता आयोजना गर्ने प्रतिबद्धता जनाएका छन्।

# स्वरूप फेर्दै दुधे रंगशाला

एक करोड ७० लाखको लागतमा झापाको शिवशताक्षीस्थित दुधे रंगशालाको स्तरोन्नति हुँदै

**झापामा** चिरञ्जीवी घिमिरे

५० वर्षअघि सम्म झापाको शिवशताक्षी-११ स्थित दुधेमा एउटा सामान्य चौर थियो। त्यही चौरमा स्थानीयले फुटबल खेल्ने गर्थे। समयक्रमसँगै यो चौरमा भवानी स्मृति कप, पूर्वाञ्चलस्तरीय कप हुँदै ए डिभिजन क्लब सम्मेलित दुधे गोल्डकप आयोजना भयो। त्यसपछि यो मैदानलाई दुधे रंगशालाको नामकरण गरियो। तर, मैदानमा हुने प्रतियोगिता अक्सर बाँसको अस्थायी प्यारापिट लगाएर आयोजना हुन्थ्यो।

०७४ पछि यो दुधे रंगशालामा कुनै प्रतियोगिता नै भएन। अहिले दुधे रंगशालाको स्वरूप फेरिएको छ। सामान्य मैदानदेखि ए डिभिजन लिग फुटबल आयोजना गर्न सक्ने क्षमताका रूपमा विकास भएको छ। आठ वर्षअघि यसलाई सुविधासम्पन्न रंगशालाको रूपमा विकास गर्न थालिएको हो। साढे चार बिघा क्षेत्रफलमा फैलिएको दुधे रंगशालामा संघीय, प्रदेश र स्थानीय सरकारले स्थायी प्यारापिट निर्माणको काम गरिएको हो।

संघीयको ४० लाख, कोशी प्रदेशको २० लाख र स्थानीय सरकारको लगानीमा एक करोड १० लाखमा स्थायी घेरा लगाइएको शिवशताक्षी नगरपालिकाका प्रमुख मेघाहाङ थोप्राले जानकारी दिएका छन्। स्टेजसहितको स्थायी प्यारापिटका लागि एक करोड आठ लाख रुपैयाँ खर्च गरिएको उनले बताए। यो रंगशाला निर्माणका लागि ८६ लाख रुपैयाँ लागत लाग्ने गरी डिपिआर तयार गरिएको छ।

'रंगशाला बिस्तारै बनिरहेको छ। यसमा तीनै क्षेत्रबाट लगानी भएको छ,' अध्यक्ष थोप्राले भने, 'यो रंगशालालाई २६ हजार दर्शक अँट्न सक्ने रंगशाला बनाइने लक्ष्य हामीले राखेका छौँ।' उनका अनुसार रंगशालालाई झापाकै गौरवको रूपमा विकास गर्ने योजना रहेको छ। 'हामीहरूको लक्ष्य नै यहाँ कम्तीमा पनि २६ हजार दर्शक अट्ने रंगशाला बनाउने हो, क्रमसँग वरिपरि प्यारापिटको काम गर्नेछौँ,' उनले भने, 'यो रंगशालामा ट्र्याफिल्ड, भलिबल कोर्ट, स्विमिङ पुल पनि रहन्छ।'

## चालू आर्थिक वर्षमा तीन करोड

संघीय सकारले चालू आर्थिक वर्षमा यो रंगशालाका लागि तीन करोड विनियोजन गरेको नगरप्रमुख थोप्राले बताए। उनका अनुसार यसले रंगशालामा फ्लडलाइट जडान गरिनेछ।

स्थानीय सरकारले पनि चालू आर्थिक वर्षमा ५० लाख खर्च गर्ने उनले बताए। स्थानीय खेलप्रेमीको लामो प्रयासपछि दुधे रंगशालाले नयाँ रूप लिँदै गएको दुधे युथ क्लबका अध्यक्ष सन्तोष थोप्रा बताउँछन्। उनका अनुसार हाल करिब तीन हजार दर्शक अँट्ने प्यारापिट पनि निर्माण भइसकेको छ। आउने कात्तिकसम्म प्यारापिट निर्माण सम्पन्न गरेर महिला गोल्डकप आयोजना गरिने उनले बताए।



महिला गोल्डकपका लागि खेलमैदानको स्तरोन्नति, पक्की र अस्थायी प्यारापिट निर्माणको काम धमाधम भइरहेको जानकारी दिए। 'चालू आर्थिक वर्षको बजेटले फ्लडलाइट पनि जडान हुन्छ। यो झापावासीकै लागि गौरवको कुरा हो,' उनले भने, 'झापामा फुटबलको क्रेज धेरै राम्रो छ। काठमाडौंबाहिर झापामा सबैभन्दा धेरै फुटबल गतिविधि हुँदै आएको छ।' झापामा राम्रो फुटबल क्रेज भए पनि अन्तर्राष्टियस्तरको रंगशाला छैनन्। यहाँ आयोजना हुने अधिकांश फुटबल प्रतियोगिता अस्थायी प्यारापिट हुँदै आएको छ। अब दुधे रंगशालाले यसको अन्त्य गर्ने थ्रोपाले बताए।

## खेल संक्षेप

### हेटौँडामा फुटबलर सावित्रा सम्मानित

**काठमाडौं**/ नेपाली महिला राष्ट्रिय फुटबल टोलीकी कप्तान सावित्रा भण्डारीलाई हेटौँडामा सम्मान गरिएको छ। सञ्चारिका समूह मकवानपुरले शनिबार आयोजना गरेको 'देश चिनाउने सावित्रासँग हाम्रो चिनजान' कार्यक्रममा उनलाई सम्मान गरिएको हो। हेटौँडा स्कुल अफ म्यानेजमेन्टका सञ्चालक एवं शिक्षाविद् पुरनबहादुर जोशीले सावित्रालाई ५० हजार रुपैयाँसहित सम्मानपत्र प्रदान गरेका हुन्। सम्मानपछि भण्डारीले आफूले धेरै मिहिनेत र संघर्षका बाबजुद सफलता हासिल गरेको बताइन्। मोजाको भकुन्डोबाट आफ्नो फुटबल करिअर सुरु भएको उनले स्मरण गरिन्। 'अभावै अभावमा हुर्किएर यो स्थानमा आएकी हुँ। मोजाको भकुन्डोले फुटबलमा अगाडि बढ्न प्रेरणा दियो।' उनको भनाइ थियो।



कप्तान भण्डारीले पछिल्लो समय खेलकुदलाई हेर्ने दृष्टिकोणमा परिवर्तन आएको उल्लेख गरिन्। नयाँ पुस्तालाई खेल्नका निम्ति सामग्रीको अभाव नरहेको र स्थानीय सरकारले पनि खेलप्रति सकारात्मक धारणा राखेको उनले बताइन्। फुटबलका माध्यमबाट समाजमा केही परिवर्तन गर्नुपर्छ भन्ने मान्यतामा आफ्नो टिम रहेको उनले सुनाइन्। सबै नेपाली महिलाको प्रतिनिधित्व गर्दै देशको नाम चिनाउनका निम्ति आफू सदैव अग्रसर रहने उनले प्रतिबद्धता जनाइन्।

### कर्पोरेट क्रिकेट लिग हुने

**काठमाडौं**/ कर्पोरेट क्रिकेट लिगको दोस्रो संस्करण बुढानीलकण्ठको चुनिखेलमा हुने भएको छ। भेट्रान्स फोर्टी क्लबको आयोजनामा हुने कर्पोरेट क्रिकेट लिग आगामी १३ देखि १६ भदौम्म बुढानीलकण्ठको चुनिखेलस्थित रोयाल स्पोर्टस् पार्कमा हुनेछ। प्रतियोगिताका सम्पूर्ण खेल 'टी-१०' प्रणालीमा खेलाइनेछ। प्रतियोगितामा कर्पोरेटसहित अन्य क्षेत्रका २० टिमहरू सहभागी हुनेछन्। सहभागी टोलीहरूलाई पाँच समूहमा विभाजन गरी लिग कम नकआउट प्रणालीमा खेलाइने आयोजकले जनाएको छ। प्रतियोगितामा ४७ खेल सञ्चालन हुनेछन्। प्रतियोगिताको अनुमानित बजेट ४५ लाख रुपैयाँ रहेको छ। प्रतियोगितामा विजेता र उपविजेतालाई आकर्षक ट्रफीबाट पुरस्कृत गरिनेछ।

### ताप्लेजुङ गोल्डकप २४ साउनदेखि

**काठमाडौं**/ तेस्रो अन्तर्राष्ट्रिय ताप्लेजुङ गोल्डकप २४ साउनदेखि सुरु हुने भएको छ। पाथीभरामा आयोजित शनिबार खेलतालिका सार्वजनिक गरेको हो। खेलकुदको माध्यमबाट पाथीभरा मन्दिरको प्रचार-प्रसार गर्ने उद्देश्यले प्रतियोगिता आयोजना गरिएको आयोजक लाखेजात्रा सञ्चालन समितिका अध्यक्ष सागर मादेनले जानकारी दिए। प्रतियागिताको उद्घाटन खेलमा तेल्लोक स्पोर्टिङले द योङ ब्रदर्स फुटबल क्लब इटहरीको सामना गर्नेछ। २५ साउनमा सहारा क्लब पोखरा र रेड स्टार फुटबल क्लब झापाबिच खेल हुनेछ। ३१ साउनसम्म चल्ने प्रतियोगिताको विजेताले सात लाख दुई हजार र उपविजेताले तीन लाख ५० हजार रुपैयाँ हात पार्ने आयोजकले जनाएको छ।

### नीराजनको गोलमा जोगियो आर्मी

**काठमाडौं**/ विभागीय टोली त्रिभुवन आर्मी फुटबल क्लबले १३४औँ डुरान्ड कपमा पुनरागमन गर्दै लद्दाख फुटबल क्लबसँग अंक बाँडको छ। जम्सेदपुरको टाटा स्पोर्टस् कम्पलेक्समा शनिबार सम्पन्न समूह 'सी'को दोस्रो खेलमा आर्मी र लद्दाखले एक-एक गोलको बराबरी खेलेका हुन्। यो नतिजासँगै दुवै टोलीले प्रतियोगितामा पहिलो अंक जोडेका छन्। आर्मी पहिलो खेलमा घरेलु टोली जम्सेदपुर फुटबल क्लबसँग तीन-दुईले पराजित भएको थियो। लद्दाखको भने यो पहिलो खेल हो। खेलको २३औँ मिनेटमा कर्नरमा सेन्टर ब्याक सिजुले हेडरमार्फत लद्दाखलाई अग्रता दिलाएका थिए। तर, खेलको ८५औँ मिनेट बाँकी छँदा युवा स्ट्राइकर नीराजन धामीले बराबरी गरे।

# एसियाबाट लिगको तयारी गर्दै आर्सनल

**एजेन्सी**

इंग्लिस प्रिमियरसिप लिगको नयाँ सिजन २०२५/२६ सिजन हुनुअघि सबै क्लबले तयारी गर्छन्। उनीहरूले यसलाई प्रिसिजन तयारी भन्छन्। धेरैजसो इंग्लिस क्लबहरूले एसियाको भ्रमण गरी तयारी गर्छन्। यहाँ स्थानीयदेखि राष्ट्रियस्तरका टोलीसँग प्रतिस्पर्धा गरी इंग्लिस क्लबले आफ्नो कमीकमजोरी सुधार गर्छन्। यसैक्रममा आर्सनलले पनि प्रिसिजनको तयारी एसियामा गरेको छ। सन् २०२० पछि पहिलोपटक उपाधि जित्ने लक्ष्य राखेको आर्सनलले नयाँ सिजनका लागि खेलाडी भित्र्याउन राम्रो खर्च गरेको छ।

हालै क्लबमा अनुबन्ध भएका नयाँ खेलाडीले एसिया भ्रमणमा गतिलो प्रदर्शन गरेका छन्। आर्सनलले हङकङ र सिंगापुरसँग प्रतिस्पर्धा गरेको हो। यी दुवै राष्ट्रका माथिल्लो टोलीसँगको प्रतिस्पर्धाबाट आर्सनलका प्रशिक्षक मर्केल अटेटा खुसी छन्। अब केही दिनपछि लन्डन फर्केर थप तयारीमा थाल्ने उनले बताए।

'समग्रमा सिंगापुर र हङकङको यात्रा फलदायी भएको छ। हामीले केही गल्ती सच्याउने मौका पायौँ,' अर्टेटाले भने, 'अब स्पेनमा जान्छौँ त्यसपछि फेरि एसियामा आएर खेल्ने योजना बनाएका छौँ।' गत वर्ष आर्सनललाई ठुलो समस्या भनेको प्रमुख खेलाडी घाइते हुनु थियो। यसपटक नयाँ सिजन सुरु हुनु धेरै ब्रेक समय पाएका कारण खेलाडीलाई फिट हुने अवसर प्राप्त भएको उनको भनाइ छ।




'गत सिजनको सुरुवातमा आर्सनलको टोली हेर्यौं भने धेरै जसो खेलाडी घाइते भएका थिए। जसले हामीलाई केही समस्या राखेको थियो,' प्रशिक्षक अर्टेटाले भने, 'यसपालि ब्रेक समय पनि धेरै भयो। खेलाडी चोटबाट मुक्त पनि भए।' प्रिमियर लिगको सिजन ब्रेकमा खेलाडीहरूले आफूलाई उपाधि जित्न मानसिक रूपमा तयार गर्न अवसर पाएको उनको भनाइ छ।

'पछिल्लो सिजनमा थोरै अंकले हामी उपाधिविमुख भएका थियौँ। खेलाडीहरूले त्यही मनमा लिएका थिए। अहिले ब्रेकको समयमा उनीहरूले आफूलाई फ्रेस बनाएका छन्। पुराना कुरा बिर्सिएर नयाँ अध्याय सुरु गर्न चाहन्छन्,' प्रशिक्षक अर्टेटाले भने, 'अहिले आर्सनल पूरै फुलफेजमा प्रतिस्पर्धा गर्न तयार छ।'

## ६ खेलाडी नयाँ

एसिया भ्रमणमा निस्कनुअगाडि आर्सनल खेलाडी भित्र्याउन व्यस्त थियो। प्रशिक्षक अर्टेटाले यूवा खेलाडीलाई पहिलो प्राथमिकतामा राखेर ६ नयाँ खेलाडी आर्सनल भित्र्याएका छन्। प्रिसिजनमा उपलब्ध नभएका नयाँ खेलाडीमध्ये नोनी माडुके थिए। आर्सनलमा आउनुअघि उनी चेल्सीमा थिए। चेल्सी क्लब फिफा विश्वकप फुटबल प्रतियोगितामा सहभागी भइरहेको थियो। विश्वकपपछि मात्र उनी आर्सनलमा आबद्ध भएका हुन्। आर्सनलका स्पोर्टिङ निर्देशक एन्ड्रेस बेर्टाले नयाँ सिजनअगाडि राम्रा खेलाडीसँगको अनुबन्धले एसिया भ्रमण राम्रो भएको बताएका छन्। 'हामीले सबै मापदण्ड पूरा गरी खेलाडी ल्याएका छौँ। यसको प्रभाव एसिया भ्रमणमा देखियो,' उनले भने, 'यसपालि आर्सनलको खेल माथिल्लो लेभलको हुनेछ।' आर्सनलले इंग्ल्यान्डका अन्तर्राष्ट्रिय खेलाडी माडुके भित्र्याउन ४८.५ मिलियन पाउन्ड खर्च गरेको थियो।

# कलाम चितवन राइनोजको मुख्य प्रशिक्षक

**नयाँ पत्रिका**

चितवन राइनोजले नेपाल प्रिमियर लिग (एनपिएल)को दोस्रो संस्करणका लागि कलाम अलीलाई मुख्य प्रशिक्षकमा नियुक्त गरेको छ। चितवनले अलीलाई मुख्य प्रशिक्षकमा नियुक्त गरेको शनिबार सोसल मिडियामा जानकारी दिएको हो। एनपिएलको पहिलो संस्करणमा चितवनको मुख्य प्रशिक्षकमा उमेश पटवाल र अली सहायक प्रशिक्षक थिए। अली अहिले बागमती प्रदेश क्रिकेट टोलीको प्रशिक्षकका रूपमा कार्यरत छन्।



पहिलो संस्करणमा प्लेअफसम्मको यात्रा तय गरेको चितवनले गत साता आफ्नो लोगो परिवर्तन गरेको थियो। पहिलो संस्करणको एनपिएलमा चितवन इलिमिनेटर खेलमा कर्णाली याक्ससँग पराजित हुँदै चौथो स्थानमा रहेको थियो। अली नेपाली राष्ट्रिय टोलीका पूर्वक्रिकेटर हुन्। उनीले एनपिएल अलावा घरेलु क्रिकेटमा विभिन्न टोलीका लागि यसअघि पनि प्रशिक्षक रहिसकेका छन्। अलीले एभरेस्ट प्रिमियर लिगमा पञ्चकन्या काठमाडौं किंग्स इलाभेनको प्रशिक्षकका रूपमा काम गरेका थिए।

ज्ञानेन्द्र मल्ल नेपाल 'ए' टोलीका प्रमुख प्रशिक्षक हुँदा अली सहायक प्रशिक्षक थिए। उनले नेपालको महिला यू-२० टोलीको पनि प्रशिक्षक गरेका थिए। चितवनले मार्कीसमेत रहेका कप्तान कुशल मल्ललाई रिटेन गरेको छ। यसैगरी, रिजन ढकाल, कमलसिंह ऐरी, दीपक बोहोरा, अमरसिंह राउटेला र गौतम केसीलाई दोस्रो संस्करणका लागि रिटेन गरेको छ। एनपिएलको मिनी अक्सन अर्को शनिबार हुनेछ।


उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

ड्रग्स एडिक्सन र शरीरका बिषालु केमिकलहरुबाट मुक्त हुन सम्पर्क गर्नुहोस् ।

नार्कोनन् नेपाल
दक्षिण एसियाको एक मात्र अमेरीकी शाखा

बसन्त राज कुँवर
रिह्याब स्पेसलिष्ट

पुजा कुँवर
प्युरीफीकेसन स्पेसलिष्ट

यदी तपाईको शरीरमा ड्रग्स, एन्टीबायोटिक्स, रेडिएसन, केमो लगाएत तरकारी र प्रदूषणबाट आएका बिषालु केमिकलहरु छन् भने "New Life Detoxification" कार्यक्रम अन्तर्गतको "Purification" गर्नुहोस् ।

बिस्तृत जानकारीको लागि, सम्पर्क गर्नुहोस्
९८५१० ३७५२९, ९८५१० ४८४३२, ०१ ४६५००५४, ०१ ३७७१२४
बुढानिलकण्ठ, काठमाडौं, नेपाल, narcononnepal@gmail.com



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com